# १.प्राक्कथन

## १.१. सिर्जनात्मक लेखनका निम्ति नाम दर्ता

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको पठ्यक्रमले दसौँ पत्रमा प्रायोगिक कार्योन्मुख ऐच्छिक पत्रका रूपमा सिर्जनापत्रलाई पनि समावेश गरेको छ । प्रस्तुत **आमा म खै के गरूँ** ? कविता सङ्ग्रह सोही शैक्षिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले तयार पारिएको हो । स्नातकोत्तर तहका निर्धारित कक्षाहरूमा सिर्जनात्मक लेखनसम्बन्धी सिद्धान्तको अध्ययन गरेपछि दसौँ पत्रमा सिर्जनात्मक लेखनका निम्ति विभागद्वारा स्वीकृत ढाँचाको प्रस्तावका साथ विभिन्न पत्रपत्रिकामा प्रकाशित पाँचवटा फुटकर कविताहरू नमुनाका रूपमा प्रस्तुत गरेँ । उक्त कविताहरूको मूल्याङ्कनका आधारमा नेपाली केन्द्रीय विभाग ,कीर्तिपुरले  मलाई दसौँ पत्रको शैक्षिक आवश्यकता परिपूर्तिका निम्ति सिर्जनात्मक लेखन अन्तर्गतको कविता विधा लिन सक्ने गरी स्वीकृति प्रदान गरेको हो ।

## १.२. सिर्जनात्मक लेखनसम्बन्धी औपचारिक तथा अनौपचारिक अध्ययन

सम्बन्धित विधाको सैद्धान्तिक एवं व्यवहारिक ज्ञान जुनसुकै कामको थालनी पूर्व आवश्यक हुन्छ ,त्यस्तो ज्ञान नभएमा रचना दुर्वल एवं अपरिस्कृत हुन सक्दछ र स्रष्टाको समय,श्रम र साधनाले उचित सम्मान नपाउन सक्छ । कविता रचनाका सन्दर्भमा पनि त्यस्तो ज्ञान अपरिहार्य छ । यसै कुरालाई हृदयङ्गम गरी पूर्वीय आचार्यहरूले काव्यरचनामा व्युत्पत्तिलाई काव्यका कारण मध्येको एक प्रमुख तत्त्वका रूपमा स्वीकारेका हुन् । कविताको स्वरूप, संरचना एवं त्यसका घटक तत्त्वहरूबारे सम्यक् ज्ञान नहुने हो भने प्रथमतः कविता बन्दै बन्दैन, बनिहाले पनि सुन्दर र सुगठित बन्न सक्दैन । यस कुरालाई आत्मसाथ गरी त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको पठक्रममा सिर्जनाको सैद्धान्तिक परिचयलाई समावेश गरिएको छ । अतः उक्त निर्धारित कक्षाहरूमा मैले सिर्जनाका सैद्धान्तिक पक्षको औपचारिक अध्ययन गरिसकेको छु ।

औपचारिक शिक्षाका अतिरिक्त अनौपचारिक रूपमा पनि मैले साहित्यका विभिन्न विधा र विशेष गरी कविताको सैद्धान्तिक पक्षबारे अध्ययन गरेको छु । कविता सम्बन्धी सैद्धान्तिक ग्रन्थका अतिरिक्त **वाङ्मय**, **कुञ्जिनी**, **ऋतम्भरा**, **प्रज्ञा**, **गरिमा**, **मधुपर्क** जस्ता बौद्धिक एवं साहित्यिक पत्रिकाका विभिन्न अङ्कको अध्ययनबाट कविताका हेतु, परिभाषा, संरचना, घटक तत्त्वहरू, कविताले अँगालेका धारा, प्रवृत्ति एवं कविताको विकासक्रम बारे अध्ययन गरेको छु र पूर्वपश्चिमका साथै विभिन्न नेपाली विद्वान्हरूका काव्य कवितासम्बन्धी धारणाको अध्ययन पनि गरेको छु ।

सैद्धान्तिक अध्ययनका अतिरिक्त खास कविताकै अध्ययन पनि मैले औपचारिक तथा अनौपचारिक रूपमा गरेको छु । विश्वविद्यालयका कक्षामा पठ्यक्रमद्वारा निर्धारित कविताका अतिरिक्त  अन्य प्रकाशित कविताहरूको पनि अध्ययन गरेको छु ।  बेलाबेलामा विभिन्न संघ संस्थाले अयोजनागर्ने कविगोष्ठी, छलफल एवं विद्वान् गुरुहरूको सामीप्यताबाट पनि कविता सम्बन्धी सैद्धान्तिक अवधारणा बनाउनुका साथै कविता रचनाका लागि सुझाव र सल्लाह समेत प्राप्त गरेको छु ।

असल साहित्य सिर्जनाका निम्ति युगबोध अति नै आवश्यक हुन्छ । देशभित्र र बाहिर विकसित राजनैतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा साहित्यिक घटनाले साहित्यिक रचनामा धेरथोर प्रभाव पारेका हुन्छन् । यसबाहेक समकालीन साहित्य कुन धारमा बगिरहेको छ,त्यसले पनि साहित्यमा केही न केही प्रभाव पारेकै हुन्छ । यी सबै युगीन परिदृश्यका साथै रचनाका नवनव प्रवृत्ति र शाश्वत पक्षलाई प्राप्त गर्न सकेमा मात्र रचना कालजयी बन्न पुग्दछ । यसका लागि विद्युतीय तथा छापाका सञ्चार माध्यमबाट मैले प्रशस्त ज्ञान आर्जन गरेको छु ।

## १.३. सिर्जनात्मक लेखनका निम्ति प्रेरणा र वर्णमात्रिक छन्दको चयन

जुनसुकै कामको थालनीका लागि प्रेरणा सबैभन्दा महत्त्वपूर्ण कुरा हो । प्रेरणाकै बलले मानिस दुःसाध्य काम पनि सहजै गर्न सक्छ । कविता रचना गर्नका लागि पनि विभिन्न व्यक्ति ,घटना र परिवेशले प्रेरकको भूमिका निर्वाह गर्दछन् । यिनै प्रेरकको प्रेरणाले कविता रचनालाई आरम्भदेखि अन्त्यसम्म ऊर्जा दिईरहेको हुन्छ । घरमा हजुरबुबा हजुरआमा,आमा, बुबा प्रातः नित्य **रामायण** पाठ गर्ने गर्नुहुन्छ । **रामयण**का

छन्दोबद्धश्लोकहरू सुनेर सर्वप्रथम लयको ज्ञान भयो । तिनै रामायणका लय मेरा भावनाका तरेलीमा खेल्न थाले ।

विद्यालय अध्ययनको क्रम पनि संस्कृत नै भयो जसले छन्द बुझ्न र छन्दमा वाचन गर्न थप ज्ञान मिल्यो । विद्यालय अध्ययनका क्रममा कविता प्रतियोगिता नित्य निरन्तर भइरहन्थे जसले यसतर्फ अगाडि बढ्न झन् हौसला मिल्यो । रेडियोनेपालबाट प्रसारित 'मधुवन' साहित्यिक कार्यक्रममा प्रसारित छन्दका सुमधुर पद्यात्मक कविताका धुनहरू पनि मेरा कविता लेखनका प्रेरणा श्रोत बन्न पुगे । विभिन्न अवसरमा हुने कविता प्रतियोगितामा पुरस्कार हाँसिल गर्दै जानु पनि कवितालेखनको ऊर्जा बन्न पुग्यो । निरन्तरको अभ्यास गर्दै जाँदा पद्यात्मक कविता रचना गर्न समर्थ भएको हुँ ।

# २.कविता सिद्धान्त र कविता

कविता के हो,कस्तो वस्तुलाई कविता भनिन्छ भन्ने विषयको खोज यसअन्तर्गत पर्दछ । यसैगरी नेपाली कविताका मूल्य र मान्यताका बारेमा पनि यहाँ चर्चा गरिन्छ ।

## २.१. कविता शब्दको व्युत्पत्ति र अर्थ

**कविता** तत्सम शब्द हो । यो यौगिक शब्द भए तापनि प्रयोग परम्परामा योगरुढ अर्थ प्रदान गर्ने जातिवाचक नामका रूपमा प्रचलित छ । यसको निकट सम्बन्ध **कवि** शव्दसँग रहेको छ । संस्कृत व्याकरण अनुसार कवि शब्दको व्युत्पत्ति निम्न लिखित तीन प्रकारले हुन सक्छः

१) शब्दार्थक **कु/कुङ्** धातुमा कर्ता अर्थमा **इ** प्रत्यय लागेर कवि शब्दको निर्माण हुन्छ । यसअनुसार कवि शब्दको अर्थ शब्दगर्ने /मीठो ध्वनि गर्ने /शब्दमा गान वा कथन गर्ने / शाब्दिक भन्ने हुन्छ । कविले मधुर शब्दमा आफ्ना अभिव्यक्ति दिने हुनाले कुङ् धातु र कवि शब्दका बिच रूपतात्त्विक एवं अर्थतात्त्विक समानता देखापर्छ ।

२) वर्णार्थक **क** (**कबृ**) धातुमाकर्ता अर्थमा **इ** प्रत्यय लागेर कवि शब्द निष्पन्न हुन्छ । यसको व्युत्पत्तिलभ्य अर्थ रङ्ग्याउनु भन्ने हुन्छ । कविले संसारका विषय वा वस्तुलाई सौन्दर्यात्मक रूपमा ग्रहण गरी आफ्ना अनुभूतिमा रङ्ग्याएर छन्द, अलङ्कार आदि उपकरणले सजिसजाउ

पारी अभिव्यक्ति दिने हुनाले **कवृ** धातु र **कवि** शब्दका बिच पनि रूपगत तथा अर्थगत सामञ्जस्य देखिन्छ ।

३) गत्यर्थक वा ज्ञानार्थक **क्रम्** धातुमा कर्ता अर्थमा **इ** प्रत्यय र **कव्** आदेश हुँदा पनि **कवि** शब्दको अर्थ क्रान्तद्रष्टा वा तत्त्वद्रष्टा भन्ने हुन्छ । विलक्षण कल्पनाशक्तिका सहायताले विगतदेखि अनागतसम्मका र अत्यन्त स्थूल विषयवस्तुदेखि सूक्ष्म (मानव र मानवेतर समेतका मनोगत)सम्मका कुरालाई देख्न  र अनुभव गर्न सक्ने हुनाले कवि शब्दको व्युत्पादन क्रम् धातुबाट गर्नु पनि औचित्यपूर्ण नै हुन्छ ।

संस्कृत व्यकरण र निरुक्त अनुसार उपर्युक्त तीनवटै प्रक्रियाबाट कवि शब्दको व्युत्पादन हुनसक्ने भए तापनि नेपाली विद्वत परम्परा पहिलो र दोस्रो व्युत्पत्तिमा बढी अनुरक्त देखिन्छ । तेस्रो प्रक्रियामा बढी ध्वनिगत वैषम्य देखिने र आदेशमा कठिनता देखिनाले यस्तो भएको प्रतीत हुन्छ ।

उपर्ययुक्त तीनवटा प्रक्रियाबाट निष्पन्न हुने कवि शब्द संस्कृतमा व्यक्तिवाचक  नाम , जातिवाचक नाम र विशेषणका रूपमा प्रयुक्त छ । अमरसिंहकृत **अमरकोश**मा यसका १.दैत्यगुरु शुक्राचार्य र २.विद्वान वा पण्डित गरी दुई अर्थ निर्दिष्ट छन् । [१] यसैगरी **मेदिनीकोश**मा कवि शब्दका १.आदिकवि वाल्मीकि २.शुक्राचार्य ३.विद्वान र ४.काव्यकर्ता गरी चारओटा अर्थ देखाइएको छ । [२] नेपाली साहित्यकोशमा वासुदेव त्रिपाठीले कवि शब्दका पाँचओटा प्रसिद्ध अर्थ र अन्य तीन अर्थ गरी आठ किसिमका अर्थमा प्रयोग भएको कुरा उल्लेख गरेका छन् । [३] उनका अनुसार १. विश्वस्रष्टा परमेश्वर २. ऋचा, मन्त्र वा सूक्तका रचयितावा गायक ऋषि ३. प्रतिभाशाली विद्वान् ४.छन्दोबद्ध कविता ,श्लोक वा प्रबन्धात्मक काव्यका रचयिता ५. साहित्यिक कृतिका रचयिता ६. सविता वा सूर्य ७.अन्तरिक्ष र वातावरणका युगल देवता मित्र र वरुण र ८.उशना । यसरी समग्र वाङ्मयको आलोडन गरी निर्माण गरिएका कोश र तिनका रचनाकारले कवि शब्दको अर्थ निरूपण गर्ने प्रयास गरेको परम्परा पनि निकै लामो भेटिन्छ ।

---

१.अमरसिंह, **अमरकोश** ,(वाराणसी : चौखम्बासुरभारती प्रकाशन ,सन् २००८), पृ. २५ ।

२. मेदिनीकार, **मेदिनीकोश,** तेस्रो संस्करण, (वाराणसी : चौखम्बा संस्कृत सीरिज अफिस, २०२४),पृ. १५७।

३.ईश्वर बराल र अरु (सम्पा.), **नेपाली साहित्यकोश ,** (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. १९१ ।

कवि शब्दको प्रयोग परम्परा वैदिक कालदेखि नै सुरु भएको देखिन्छ ।**ऋग्वेद**मा जगत् स्रष्टालाई बुझाउन कवि शब्दको प्रयोग भएको छ भने **शुक्लयजुर्वेद** र यसको **ईशावास्योपनिषद्**मा 'कविः मनीषि परिभूः स्वयम्भूः यथातथ्यतो ऽर्थान् व्यदधात् शाश्वतीभ्यः समाभ्यः' [४] भनेर वस्तुजगत्का रचयिताकै अर्थमा प्रयोग भएको छ । महर्षि व्यासकृत श्रीमद्भागवतमा प्राणीजगत्का सृष्टिकर्ता ब्रह्मालाई आदिकवि भनिएको छ । [५] उत्तरवर्ती अग्निपुराणमा कविलाई आफ्नो रुचिअनुसार विश्वको परिवर्तन गर्न सक्ने काव्यसंसारको प्रजापति अर्थात्समर्थ स्रष्टाका रूपमा चित्रण गरिएको छ [६] भने लौकिक संस्कृत साहित्यका अन्य ग्रन्थहरूमा पनि विलक्षण प्रतिभाका बलले काव्यकृतिको रचना गर्न सक्ने स्वतन्त्र स्रष्टालाई कवि भनिएको छ ।

यसरी संस्कृतका वैदिक र पौराणिक साहित्यमा चराचर जगतको रचना गर्ने कर्तृत्वयुक्त सगुण ईश्वरलाई बुझाउन कवि शब्दको प्रयोग भएको छ भने उत्तरवर्ती पौराणिक र लौकिक साहित्यमा विलक्षण प्रतिभायुक्त काव्यजगत्को स्रष्टा मानवलाई कवि भनिएको छ । ईश्वरीय रचना र कविरचनाको तुलना गर्दा दैवाधीन ,त्रिगुणात्मक,सुखर दुःखको समन्विति भएको ,षड्रसयुक्त ईश्वरीय निर्मिति भन्दा स्वतन्त्र,सत्वगुणको उद्रेगबाट उत्पन्न हुने, भोक्ताकालागि अनुकूल मात्र हुने नवरसयुक्त कवि रचनालाई महनीय मानिएको छ । यस्तो काव्यजगतको स्वतन्त्र स्रष्टा भएका कारणले कविलाई प्रजापति भन्दा पनि श्रेष्ठ रचनाकारका रूपमा सम्मान गरिएको छ । यस क्रममा वाल्मीकि, व्यास, कालिदास, आदि काव्यस्रष्टाहरूले कविको उपाधि पाएका छन् भने भास शूद्रकजस्ता विशुद्ध नाटककार एवं दण्डी, वाणभट्ट जस्ता आख्यानकारलाई समेत कवि नै भनिएको छ । यसरी परवर्ती साहित्य,साहित्यशास्त्र र तत्सम्बन्धी ग्रन्थसमेतका अध्ययनबाट  के कुरा स्पष्ट हुन्छ भने संस्कृत परम्परामा विद्वान्/प्राज्ञ वा साहित्यका जुनसुकै विधामा कृति रचना गर्ने रचनाकारलाई कवि भनिन्थ्यो र उसलाई सर्वज्ञ/सर्वद्रष्टा/क्रान्तद्रष्टा एवम् ईश्वर समकक्षीका रूपमा सम्मान गरिन्थ्यो ।

---

४.**इशावाश्योपनिषद्,** (गोरखपुरः गीताप्रेस,सन् २०५१), पृ. ८ ।
५.व्यास, **श्रीमद्भागवत्महापुराणम्** ,सातौँ संस्करण, (गोखपुर:गीताप्रेस,२०४५), पृ. १९ ।
६.आनन्दवर्द्धन, **ध्वन्यालोक**, (वाराणसी : चौखम्बा संस्कृत सीरिज अफिस सन् ,१९५३), पृ. ५५१ ।

अङ्ग्रेजी भाषमा कवि शब्दको समानार्थी **पोएट** शब्द प्रचलित छ भने कविता शब्दको समानार्थी **पोएम** वा **पोएट्री** प्रचलित छ ।अंग्रेजीका**पोएट** शब्दको परम्परा पनि पूर्वका कवि शब्दको जस्तै निकै लामो छ । यसको नालीवेली खोज्दै जाँदा प्राचीन ग्रिक भाषासम्म पुग्नुपर्ने हुन्छ । ग्रिक भाषामा कविलाई **पोएतेस** भनिन्थ्यो । ल्याटिन भाषामा पुग्दा यसको परिवर्तित रूप **पोएता** भयो । यसैगरी मध्यकालीन अङ्ग्रेजीमा यो **पोएट** र आधुनिक भाषमा **पोएट** बन्न पुगेको छ । संस्कृतका **कवि** शब्दले जस्तै अंग्रेजीका **पोएट** शब्दले पनि पहिले सामान्यतः जुनसुकै विधाका रचनाकारलाई बुझाउँथ्यो भने विशेषतः पद्य शैलीमा कवितालेख्ने कविका लागि यो शब्द प्रयुक्त हुन्थ्यो ।

नेपाली साहित्यमा **कवि** शब्द प्राथमिक कालदेखि नै प्रयोगमा आएको देखिन्छ तर संस्कृत वा अंग्रेजीमा जस्तो नाटक आख्यान आदिका रचाकारलाई बुझाउन भने प्रयोग भएको देखिँदैन । यसको परम्परामा सबै प्रकारका पद्य तथा गद्य कविताका विभिन्न उपविधा, लघुकविता, गजल, हाइकु र तान्काका रचनाकारलाई समेत बुझाउन कवि शब्द प्रयोग हुने गरेको पाइन्छ ।

'कविता' शब्दको उत्पत्तियसै **कवि** शब्दबाट भएको छ । कविको भाव वा कर्म भन्ने अर्थमा कवि शब्दमा तद्धित **तल्** (अवशिष्ट 'त') र **टाप्** (अवशिष्ट 'आ') प्रत्यय लागेर कविता शब्दको निर्माण हुन्छ ।यसको व्युत्पत्तिलभ्य अर्थ कविकर्म वा कविनिर्मित रचना कृति भन्ने हुन्छ । कविता शब्दकै समानार्थी काव्य शब्द पनि कवि शब्दमा भाव, कर्म वा स्वार्थमा तद्धित **ण्य,ण्यत्** वा **ष्यञ्** (अवशिष्ट य) प्रत्यय लागेर निर्माण हुन्छ । कविता र काव्य शब्दको यो व्युत्पत्ति र अर्थगत सामीप्य बाहेक प्रयोग परम्पराले यी दुई शब्दलाई अझ नजिकमा राखेको छ ।

संस्कृत काव्यसाधनाको सुदीर्घ परम्परामा कविकर्मका बोधक कविता र काव्य शब्दमध्ये कविताभन्दा काव्य शब्द नै बहुप्रचलित छ । उस्तै अर्थमा एउटै शब्दबाट व्युत्पादित भए तापनि कविता शब्द चाहिँ यदाकदा मात्र प्रयुक्त छ । अहिले कविता शब्दले जे जस्तो अर्थलाई वहन गरेको छ त्यसकै अर्थ वहन गर्दै र त्यसभन्दा अझ व्यापक रचनागत वैविध्यलाई आफूमा समेट्दै तीन सहस्राब्दीभन्दा लामो यात्रा पूरा गरेको र बेला बखत अर्थको परिवर्तन समेत बेहोर्दै आएका काव्यका सापेक्षतामा मात्र कविताको अर्थ र

स्वरूप पहिचान गर्न सकिने हुनाले पहिले काव्य शब्दको अर्थ र यसको स्वरूपबारे चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

संस्कृत शब्दकोशहरूमध्ये अमरसिंहकृत **अमरकोश**ले काव्य शब्दको अर्थ दैत्यगुरु शुक्राचार्य भन्ने गरेको छ ।[७] त्यसै गरी **मेदिनीकोश**मा काव्य शब्दका१. शुक्राचार्य२. ग्रन्थ गरी दुई अर्थमा प्रयोग हुने कुरा बताइएको छ ।[८] नेपाली बृहत्शब्दकोशले १.साहित्य २.कविता,मुक्तक,स्फुटकाव्य,गीतिकाव्य ,खण्डकाव्य र महाकाव्य ३.प्रत्येक चरणमा चौबिस मात्रा हुने एक मात्रिक छन्द गरी तीन किसिमका अर्थ बताएको छ भने नेपाली साहित्यकोशमा वासुदेव त्रिपाठीले काव्य शब्दका प्रचलित र अप्रचलित गरी अठारथरी अर्थ हुने कुरा उल्लेख गरेका छन् ।[९]

**काव्य**शब्दको प्रयोग वैदिक युगदेखि नै भएको हो । **ऋग्वेद**मा'पश्य देवस्य काव्यं नममूर्ष न जीर्यति'[१०] भनेर ईश्वर वा विश्व स्रष्टाको सृष्टि अर्थात् सृष्टिजगत्लाई काव्य भनिएको छ र त्यसलाई कहिल्यै नमर्ने र कहिल्यै बुढो नहुने भनिएको छ । यसरी वैदिक साहित्यमा कुनै पनि रचना विधान भन्ने अर्थमा प्रयुक्त यो **काव्य** शब्द रामायणसम्म आइपुग्दा चाहिँ ललित वाङ्मय, रचना वा हालको साहित्य भन्ने अर्थमा स्थापित भइसकेको पाइन्छ । रामाायणका आदिकवि वाल्मीकिले 'क्रियाकल्पविदश्चैव तथा काव्यविदो जनान्'[११] भनेर रामचन्द्रका सभामा क्रियाकल्पविद् अर्थात् साहित्यसमालोचकहरू र काव्यविद् अर्थात् कवि रचनाकारहरूको उपस्थिति रहेको कुरा उल्लेख गरेका छन् । यस भनाइबाट त्यसबेलासम्म काव्य एवं आलोचना शास्त्रको छुट्टाछुट्टै विकास भैसकेको र सृजनात्मक साहित्यलाई मात्र काव्य भनिने कुरा समेत ज्ञात हुन्छ । यसपछिका भामह, दण्डी, रुद्रट आदि आचार्यहरूले आफ्ना कृतिका नाममा काव्य शब्द जोडेर त्यस शब्दले साहित्यिक कृतिलाई बुझाउने र विद्वत् परम्परामा साहित्य वा कविताजस्ता शब्दका तुलनामा काव्य शब्द नै बढी प्रचलित रहेको कुरा पनि स्पष्ट हुन्छ ।

---

७. अमरसिंह, पूर्ववत् , पृ. २५ ।
८.मेदिनीकार, पूर्ववत् ,पृ. ११३ ।
९.ईश्वर बराल र अरू (सम्पा.), पूर्ववत् , पृ. २०९ ।
१०.ऐजन ,पृ. २१० ।

## २.२. कविताको परिभाषा

कविताको परिभाषा यही नै हो भनेर किटान गर्न गाह्रो छ । जुनसुकै भाषा वा वाङ्मयमा साहित्यको रचना पहिले हुन्छ र त्यसलाई परिभाषित गर्ने काम पछि मात्र हुन्छ । यस विषयमा विद्वान्हरूका आआफ्नै मत पाइन्छन् । पूर्व र पश्चिमा दुवै जगत्का काव्यशास्त्रीहरूले कविताका विषयमा आआफ्ना मत निम्नानुसार प्रकट गरेको पाइन्छ:

### २.२.१. संस्कृत काव्यशास्त्रीहरूका परिभाषा

पूर्वमा **ऋग्वेद**देखि सृजन परम्पराको थालनी भए पनि भरत मुनिदेखि परिभाषा गर्ने कामको सुरुवात भएको देखिन्छ । उनले पहिले नाटकको परिभाषा गरेर यस कार्यको थालनी गरेका हुन् । विद्वानहरूले यसै परिभाषालाई काव्यको समेत पहिलो परिभाषा मानेका छन् । उनले नाटकलाई यसरी परिभाषित गरेका छन् :

'कोमल र ललित पदले युक्त, गूढ शब्द र अर्थ नभएको, अपठितहरूले समेत सजिलै बुझ्न सक्ने, युक्तियुक्त, नृत्य र अभिनय गर्न मिल्ने, अविच्छिन्न रुपमा विभिन्न रसको आस्वादन गर्न सकिने, सन्धिहरूले युक्त नाटक प्रेक्षकहरूका लागि रमाइलो हुन्छ ।[१२]

यो काव्य (श्रव्य/पाठ्य)को परिभाषा नभई नाटकको परिभाषा हो तापनि यसका अभिनेयता वाहेकका गुणहरू काव्यसँग पनि मिल्छन् । अझ काव्य-कविताका सन्दर्भमा परवर्ती समग्र साहित्यका परिभाषा भन्दा यो नै बढी नजिक रहेको देखिन्छ । त्यसैले यहीँबाट काव्य परिभाषाको उठान भएको मान्नु युक्तिसंगत हुन्छ ।

भरतपछि काव्यकै परिभाषा गर्ने व्यक्तिभामह (छैटौ शताब्दी) हुन् । उनले शब्द र अर्थको साहचर्यलाई काव्य मानेका छन् ।[१३] त्यसबेला काव्यसौन्दर्यका आधायक तत्त्वलाई अलङ्कार भनिने हुनाले भामहले पनि अलङ्कारयुक्त शब्दार्थलाई काव्य मानेका छन् तर पूर्ववर्ती आचार्यहरूका शब्दालङ्कार वा अर्थालङ्कार मात्रले काव्य उत्कृष्ट बन्दछ भन्ने मान्यतालाई अस्वीकार गर्दै काव्यत्वका लागि शब्दालङ्कार र अर्थाालङ्कर दुवैको समान भूमिका रहने कुरा

---

१२. भरत, **नाट्यशास्त्रम्,** (बरोदा : ओरियन्टल इन्स्टिच्युट, सन् १९३४), पृ. ३४७ ।
१३.भामह, **काव्यालङ्कार**, (वाराणसी : चौखम्बा संस्कृत संस्थान,वि सं २०३८),पृ.२ ।

व्यक्त गरेका छन् ।[१४] यसरी शब्दसौन्दर्यमा अनुरक्त विद्वत् परम्परामा काव्यको भाव पक्षलाई समेत उत्तिकै महत्त्व दिने उनको प्रयास उल्लेखनीय छ ।

यसपछिका काव्यलक्षणकारहरूमध्ये एघारौँ शताब्दीका आचार्य मम्मटको काव्यपरिभाषा विशेष उल्लेखनीय छ । उनले "दोष रहित, गुणयुक्त, अलङ्कार समेत भएको (कहीँ अलङ्कार नभए पनि) शब्दार्थ काव्य हो भनेका छन् ।[१५]

मम्मट पछिका लक्षणकारहरूमा चौधौँ शताब्दीका आचार्य विश्वनाथको काव्यपरिभाषा विशेष महत्त्वपूर्ण छ । उनका अनुसार 'रसात्मक वाक्य काव्य हो ।'[१६] विश्वनाथको यस परिभाषामाकाव्यको आन्तरिक पक्ष रसलाई समेटिएको छ । यसले 'राम घर जान्छ'जस्ता नीरस वाक्य काव्य होइनन् भन्ने प्रमाणित हुन्छ भने इतिहास आदिमा अतिव्याप्त हुनसक्ने 'शब्दार्थौ काव्यम्' भन्नेमान्यताबाट पनि यो जोगिएको छ । रसले नै सजातीय अन्य वाङ्मयबाट काव्यलाई अलग गर्ने हुनाले यसले काव्यको मर्म पहिल्याउन सफल भएको छ भन्ने विद्वानहरूको मत छ ।नेपाली विद्वत् परम्परामा पनि विश्वनाथको काव्यलक्षण बहु सम्मानित छ । विश्वनाथ पछिका आचार्यहरूमा **रसगङ्गाधर**का पण्डितराज जगन्नाथको काव्यलक्षण विशेष उल्लेख्य छ । उनले 'रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो [१७] भनेका छन् । उनका काव्य परिभाषाका पूर्वापर प्रसङ्गको परिशीलन गर्दा आधुनिक समालोचना शास्त्रले स्वीकारेका भावात्मक, बौद्धिक तथा कल्पनात्मक आह्लादलाई समेत यस काव्य परिभाषाले आत्मसात् गरेको देखिन्छ ।

यी परिभाषहरूको अध्ययनबाट समग्र पौरस्त्य काव्यचिन्तनले निर्दोष, अलङ्कृत र रसभावादियुक्त शब्दार्थयुगललाई काव्यका रूपमा सकारेको कुरा स्पष्ट हुन्छ ।

## २.२.२ पाश्चात्य विद्वान्का परिभाषाहरू

पाश्चात्य जगत्मा काव्यसृजन परम्परा होमरदेखि थालिएको हो भने काव्यको परिभाषा गर्ने कामको थालनी एरिष्टोटल (३८४-३२२ इ.पू)बाट भएको हो । त्यहाँको पोएट्रीले पनि पूर्वको काव्यशब्दले जस्तै सामान्यतः सबैखाले कृतिलाई जनाउँथ्यो । पछि

---

१४.भामह, पूर्ववत् ,पृ. २ ।
१५.मम्मट, **काव्यप्रकाश**, (पुणेःभाण्डारकर-प्राच्यविद्यासंशोधनमन्दिरम्, सन् १९८३), पृ. २ ।
१७.जगन्नाथ, **रसगङ्गाधर,** (वाराणसी : काशी हिन्दू विश्वविद्यालय संस्कृतसाहित्यानुसन्धानसमिति,वि सं २०२०), पृ. १३ ।

यसले पद्यकाव्य र गद्यकविता लेखिन थालेपछि त्यस्ता काव्य-कवितालाई समेत बुझाउन थालेको हो । काव्यको प्रथम परिभाषा दिने विद्वान अरस्तुले काव्यलाई यसरी चिनाएका छन् :

कविता अनुकरणात्मक कला हो र यो भाषाद्वारा अभिव्यक्त हुन्छ । - अरस्तु

यसले कवितालाई भाषिक कलाका रूपमा स्वीकारेको छ । काव्य कविताको विषय जीवन-जगत् हुने र यसमा कविले सुन्दर संसारको निर्माण गर्ने कुरातर्फ पनि यस परिभाषाले सङ्केत गरेको छ ।

उनीपछि आएका कविताका परिभाषाहरूमध्ये निम्नलिखित परिभाषा विशेष उल्लेखनीय छन् :

कविता मूलतः जीवनको आलोचना हो ।[१८] - माथ्यु आर्नोल्ड ।

कविता प्रवल मनोवेगको स्वच्छन्द प्रवाह हो । यसको उत्पत्ति शान्त अवस्थामा सञ्चित अनुभूतिबाट हुन्छ ।[१९] -वडस्वर्थ ।

सर्वश्रेष्ठ पदावलीको सर्वश्रेष्ठ क्रमविधान नै कविता हो ।[२०] -कलरिज ।

उपर्युक्त परिभाषाको अध्ययनबाट पाश्चात्य जगत्मा पनि कविताको परिभाषा गर्ने दीर्घ परम्परा रहेको पाइन्छ । कविता कविको कर्म हो र यो जीवन जगत्सँग सम्बन्धित हुन्छ भन्ने कुरा सबैले स्वीकारेका छन् । कविता भाषिक अभिव्यक्ति हो र यसको भाषा बढी कलात्मक हुन्छ । लय र साङ्गीतिकतालाई कविताको अनिवार्य तत्त्वका रूपमा स्वीकारिएको छ । पूर्वमा सत्व गुणको उद्रेगबाट काव्यको प्रादुर्भाव हुने मानिए झै पश्चिममा पनि शान्त आनन्दित मनमा काव्यको उदय हुने कुरा सकारिएको छ । यसरी पाश्चात्य विद्वान्का कविता परिभाषाको अध्ययनबाट के निष्कर्ष निष्कन्छ भने कविता मनको शान्त अवस्थामा उत्पन्न हुने कलात्मक भाषिक अभिव्यक्ति हो र यो जीवनसँगै सम्बन्धित हुन्छ ।

---

१९. W. Wordsworth,**Preface to Lyrical Balled,** Second edition, ( New York : Oxford Universitypress , 1882) p. 93 .

२०. Coleridge,**Biographia Litrereria,** Chapter 14,( New York : Oxford Universitypress ,1825) p.77.

## २.२.३. नेपाली विद्वान्हरूका परिभाषा

नेपाली विद्वान् लेखकले पनि बेला बेलामा कविता सम्बन्धी आफ्ना अभिमत प्रकट गरेका छन् :

कविता भावनाको बौद्धिक कोमलता हो ।[२१] -बालकृष्ण सम ।

"..........यो साहित्यको लयात्मक वैशिष्ट्य भएको गद्येतर भेद हो ।"[२२] -वासुदेव त्रिपाठी र अरू ।

" पद्यलयमा कथ्यको अभिव्यक्ति गर्ने भाषिक संरचनालाई कविता भनिन्छ ।"[२३] -मोहनराज शर्मा ।

यी परिभाषाहरूमा भावना,कल्पना,अनुभूति र बौद्धिकता जस्ता कविताका अन्तस्तत्त्व र लयात्मकता/पद्यात्मकता,भाषिक अभिव्यक्तिजस्ता कविताका वाह्यतत्त्वलाई पनि विद्वानहरूले महत्त्वका साथ लिएका छन् । यी सबै परिभाषाले निष्कर्षमा काव्य कवितालाई अन्तःसौन्दर्य र वाह्यसौन्दर्यको सन्तुलित अभिव्यक्तिका रूपमा स्थापित गर्न चाहेको स्पष्ट हुन्छ ।

पूर्वीय, पाश्चात्यर नेपाली साहित्यमा पनि कविताका बारेमा निकै लामो चिन्तन भएको छ । विद्वानहरूले समकालीन र पूर्ववर्ती काव्यकृति र समालोचकहरूका परिभाषा समेतलाई हेरेर कविता सम्बन्धी आफ्ना मत प्रकट गरेका छन् तर कुनै पनि परिभाषा सर्वमान्य हुन भने सकेका छैनन् । यसमा लय वा सङ्गीततत्त्व अनिवार्य हुन्छ । रूपसौन्दर्य र भावसौन्दर्य कवितामा अपेक्षित हुन्छन् । उपर्युक्त कुरालाई मनन गरी कविताको चिनारी यसरी दिन सकिन्छ : सुन्दर भाव व्यक्त गर्ने लयात्मक भााषिक अभिव्यक्ति कविता हो ।

---

२१.बालकृष्ण सम,**आगो र पानी** ,(काठमाडौँ :साझा प्रकाशन २०६१)"मेरो भन्नु" ।
२२.वासुदेव त्रिपाठी र अरू (सम्पा.), पूर्ववत्, पृ. १५ ।
२३.मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. १५ ।

## २.३ कविताका तत्त्वहरू

कविता बन्नका लागि आवश्यक पर्ने उपकरण तत्त्व हुन् । पूर्वमा सङ्कल्प, बुद्धि, प्रतिभा, अनुभूति, रस, ध्वनि, एवं रीतिजस्ता तत्त्वहरूलाई काव्यका वहिरङ्ग तत्त्व मानिन्छ । यसैगरी पाश्चात्य काव्य परम्पराले राग वा भाव, कल्पना, बुद्धि, शैलीजस्ता कुरालाई कविताका प्रमुख अन्तरङ्ग तत्त्व मान्छ भने शब्द, अर्थ, छन्द, अलङ्कार, गुण, रीति जस्ता तत्त्वहरूलाई काव्यका अन्तरङ्ग तत्त्वका रूपमा, विषयवस्तु,भाषा, लय, बिम्ब प्रतीक र संरचना जस्ता कुरालाई बहिरङ्ग तत्त्वका रुपमा स्वीकारेको पाइन्छ । नेपाली साहित्यका विद्वान्‌वासुदेव त्रिपाठी र अरू ले चाहिँ कविताका निम्नलिखित तत्त्वहरूको उल्लेख गरेका छन् [२४] -

१) शीर्षक २) संरचना ३) लयविधान ४) भाषाशैली ५) कथनपद्धति ६) केन्द्रीय कथ्य वा भावविधान ७.बिम्बविधान तथा अलङ्करणका प्रविधि ८)व्यञ्जना ९)विधागत रुप वा आयाम ।

उपर्युक्त मतहरूको अध्ययन गर्दा कविताका निम्नलिखित तत्त्वहरू फेला पर्दछन् :

१) विषयवस्तु तथा भाव २) छन्द /लय ३) अलङ्कार, बिम्बतथा प्रतीक ४) भाषा ।

## २.३.१.विषयवस्तु तथा भाव

कविताको आधारभूमि विषयवस्तु हो भने भाव मेरुदण्ड हो । विषयवस्तुकै धरातलमा रचना वा कृतिको संरचना तयार हुन्छ । कविताको विषयवस्तु मुख्यतया कविको अनुभूति हो । त्यस्तो अनुभूति कविले जीवन जगत्‌का विभिन्न पक्षबाट प्राप्त गर्न सक्छ । अन्य सामान्य मानिसले जस्तै कविले पनि यस संसारका व्यक्ति, वस्तु, घटना, आदिलाई देख्छ अनि त्यसलाई आफ्नो काव्यानुशीलनले खारिएका हृदयले सौन्दर्यात्मक रूपमा ग्रहण वा बोध गर्दछ । यसरी ग्रहण गरेका विषयबाट कविमा विशिष्टखालको अनुभूति पैदा हुन्छ । त्यही अनुभूतिलाई भाषा, लय,अलङ्कार जस्ता विभिन्न उपकरणले उजिल्याएर कलात्मक रूपमा अभिव्यक्त गर्दा कविताको जन्म हुन्छ । त्यसैले भावकविताको आधारभूत तत्त्व हो र यसमा विषयवस्तु भरिएपछि कविताले सिङ्गो रूप प्राप्त गर्छ ।

---

२४.वासुदेव त्रिपाठी र अरू ,पूर्ववत्,पृ. १७ ।

भाव भनेको अर्थ, अभिप्राय, आशय वा तात्पर्य हो । शब्दमा अन्तर्निहित तात्पर्यलाई साहित्यका सन्दर्भमा भाव भनिन्छ । कविता पढिसकेपछि पाठक वा श्रोताले जुन विचार वा आशय प्राप्त गर्दछ, त्यही नै कविताको भाव हो । यो कविको अनुभूति हो र यसैबाट काव्यतरूको आभिर्भाव हुन्छ । यसलाई कतिपय विद्वान्ले अनुभूतितत्त्व पनि भनेका छन् । कवितामा व्यक्त हुने यस्तो भाव/अनुभूति रागात्मक तथा सौन्दर्य अन्तर्गर्भित हुने गर्दछ ।

कवि आफ्ना अनुभूतिले सञ्चित भाव वा अभिप्रायलाई प्रकट गर्न कविता सिर्जना गर्दछ । तसर्थ कवि लेखकलाई रचनातर्फ उत्प्रेरित गर्ने तत्त्व पनि भाव नै हो । कुनै कवि प्राकृतिक सौन्दर्यको वर्णन गरी कविता रच्दछ भने त्यस कविताको रचनाका लागि कविलाई प्रेरित गर्ने तत्त्व प्रकृतिप्रेम हो र त्यसैको प्रकाशनका लागि कविले कविता रचना गरेको हुन्छ । त्यसै गरी मानवीय क्षुद्र प्रवृत्तिप्रति घृणा वा तिरस्कार गरेर लेखिएका कवितामा त्यस्ता प्रवृत्तिको विरोध,घृणा वा तिरस्कार नै कविताको मूल भाव हो । कविले यही भावका केन्द्रीयतामा उपयुक्त विषयको चयन ,संयोजन र संरचन गरी कवितालाई आफूले चाहेका ढाँचामा ढाल्दछ ।त्यसैले भाव कविताको केन्द्रीय तत्त्व हो । यो वाच्य तथा व्यङ्ग्य दुवै तहको हुन सक्दछ ता पनि वाच्य हुनुभन्दा व्यङ्ग्य हुनुमा नै कविताको मूल्यवत्ता बढी हुन्छ । भावकै केन्द्रीयतामा सम्पूर्ण रचनाविधान हुने भएकाले यो कविताको केन्द्रीय तत्त्व वा बीज हो । यसैलाई मूलकथ्य,सारवस्तु वा केन्द्रीय भाव पनि भनिन्छ । विषयवस्तु यसकै व्याख्या हो भने लय/छन्द/,अलङ्कार,भाषाशैली रस ध्वनि आदि यसकै उपकारक तत्त्व हुन् ।

### २.३.२.छन्द/लय

स्वरको आरोह र अवरोहको विशेष क्रमलाई लय भनिन्छ । साहित्यमा यसकै समानार्थी रूपमा छन्द शब्द पनि प्रचलित छ , तर छन्द लय मात्र नभई लय सिर्जना गर्ने तत्त्व पनि हो । छन्दलाई अंग्रेजीमा मिटर भनिन्छ । छन्दोबद्ध कवितालाई पद्य कविता भनिन्छ ।

कविता सङ्गीतधर्मी विधा भएकाले यसमा लय अनिवार्य हुन्छ । साहित्यका अन्य विधाबाट कवितालाई पृथक् गर्ने मुख्य तत्त्व पनि यही लय नै हो । यो खास किसिमका ध्वनि, मात्रा, गति र यतिमा आधारित हुन्छ । छन्दबाहेक अनुप्रास र यमकले पनि कवितामा लय सिर्जना गर्दछन् ।

### २.३.३.अलङ्कार,बिम्ब र प्रतीक

अलङ्कारको अर्थ गहना हो । जसरी एउटा सुन्दर शरीरलाई गहनाहरूले सजाउँदा त्यसको आकर्षण अभ्क बढेर जान्छ त्यसरी नै काव्य शरीरलाई अलङ्कारले अभ्क आकर्षक बनाउँछ । तसर्थ अलङ्कार काव्यका गहना हुन् । यी काव्यका अन्तरङ्ग तत्त्व नभई रूपविधानसँग सम्बन्ध राख्ने बाह्य तत्त्व हुन् ।

पूर्वीय काव्यशास्त्रका अलङ्कारवादी आचार्यहरू अलङ्कारलाई काव्यको आत्मा मान्दछन् । खास गरी ध्वनिसिद्धान्तको स्थानपूर्व काव्यसौन्दर्यका सबै तत्त्वलाई अलङ्कार अन्तर्गत राखिन्थ्यो र अलङ्कारकै कारण काव्य पठनयोग्य हुन्छ भन्ने ठानिन्थ्यो । ध्वनिवाद र त्यसपछिका अन्य सिद्धान्तको स्थापना पछि भने अलङ्कार काव्यको अन्तरङ्ग नभई बाह्य तत्त्वका रूपमा स्थापित भयो तर काव्यको सौन्दर्यवृद्धिमा अलङ्कारको भूमिकालाई कसैले पनि नकारेनन् । अलङ्कारलाई काव्यका वैकल्पिक तत्त्व मान्ने मम्मटले पनि अलङ्कारको भूमिकालाई सर्वथा अस्वीकार नगरी ध्वनिका तहमा आएका अलङ्कारले पनि काव्यमा वैचित्र्य उत्पन्न गरी सामान्य कोटिको काव्य बन्न सक्ने कुरा स्पष्ट गरेका छन् ।

बिम्ब भनेको छाया हो । साहित्यका सन्दर्भमा दृश्य जगत्का वस्तुहरूमध्ये एउटै गुण भएका प्रस्तुत र अप्रस्तुत वस्तुसँगै उपस्थित हुनुलाई बिम्ब प्रतिबिम्ब भाव भनिन्छ । यसरी आएका दुई वस्तुमध्ये एउटा वस्तु (उपमेय) र अर्को वस्तु (उपमान)मा उस्तै मात्र होइन उनै गुण/ धर्म रहन्छन् । मुखलाई बुझाउन चन्द्रमा र केशलाई बुझाउन मयूरको प्वाँख परम्परागत रूपमा प्रयोग हुँदै आएका बिम्ब हुन् ।

प्रतीक भनेको चिह्न वा सङ्केत हो । यसलाई अंग्रेजीमा सिम्बोल भनिन्छ । प्रतीकले कुनै अदृश्य,अप्रस्तुत विषयको प्रतिनिधित्व गर्दछ ,तर दृश्य पदार्थका बिम्बलाई समेत कहिलेकहीँ प्रतीक नै भनेर व्यवहार गरेको देखिन्छ । खासगरी कुनै आशय, भाव, विचार, संवेदना आदिलाई स्पष्ट पार्न प्रतीकको प्रयोग गरिन्छ । गणितमा प्रयोग हुने जोड घटाउका चिह्न वा संगीतमा प्रयोग हुने स्वरका चिह्न, चित्रमा प्रयोग हुने रङ्ग हुन् वा भाषामा प्रयोग हुने शब्द यी सबै कुनै न कुनै आशय वा भावका प्रतीक नै हुन् । त्यसैले प्रतीक जीवनका हरेक क्षेत्रमा व्याप्त हुन्छन् ।

२.३.४.भाषा

भाषा कविता संरचनाको प्रमुख आधार हो । भाषा भावाभिव्यक्तिको माध्यम हो । शरीर विना जीवन अस्तित्वको कल्पना असम्भव भए भ्कैँ भाषा  विना वाङ्मयकै कल्पना हुन सक्दैन । कविता पनि वाङ्मय रचनाकै एक भेद भएकाले भाषा यसको वाह्य र अनिवार्य तत्त्व हो ।कविता भाषिक कला भएकाले यसमा भाषाको विशेष कलात्मक रूप अपेक्षित हुन्छ ।

## २.४ अन्य विधासँग कविताको सम्बन्ध

कविताको सबैभन्दा नजिकको सम्बन्ध गीतसँगरहेको छ । लय दुवै विधामा अन्तर्निहित हुन्छ । यी दुवै लेखकका अनुभूति नै हुन् । लेखकका कोमल अनुभूतिबाट निष्केर पाठकका संवेदनालाई स्पर्श गर्ने क्षमता दुवैमा रहेको हुन्छ । कविता र गीत दुवै हृदयपक्षसँग सम्बद्ध विधा हुन् । फुटकर कवितामा जस्तै गीतमा पनि संक्षिप्तता ,एकोन्मुखता र तीव्रता जस्ता गुणहरू रहेका हुन्छन् । अभ्क वासुदेव त्रिपाठी [२५] र अरुले भने भ्कैँ गीतका आँतमा कविता अपरिहार्य रूपमा रहन्छ भने कविताका आँतमा पनि गीतिचेत रहन्छ ।त्यसैले कविता र गीतबिच अत्यन्त नजिकको सम्बन्ध रहेको छ ।

**कविता** र **गीत**बिच धेरै कुरामा समानतारहे पनि यी अभिन्न चाहिँ होइनन् ,अर्थात् भिन्न विधा हुन् । यी मध्ये कविता भन्दा गीत अभ्क प्राचीन विधा हो । लेख्य भाषाको जन्म हुनुपूर्व नै गीतको जन्म भएको हो ।कविता लेख्य पाठ्य विधा हो तर गीत मूलतः गेय श्राव्य विधा हो । कविता बढी साहित्यका नजिक रहन्छ भने गीत सङ्गीतका नजिक रहन्छ । त्यसैले गीतको भाषा कविताको भन्दा बढी कोमल, ललित र श्रुतिरम्य हुन्छ ।  गला र वाद्ययन्त्रको उपयुक्त संयोजनले मात्र गीतले पूर्णता प्राप्त गर्दछ भने कवितालाई सस्वर वाचन गरेमात्र पुग्दछ । कविता बौद्धिक र विचारोत्तेजक हुन्छ भने गीत बढी मर्मस्पर्शीर कोमल भावमय हुन्छ । कवितामा वस्तुपरक र आत्मपरक दुवै शैली समान महत्त्वका हुन्छन् तर गीतमा आत्मपरक शैली नै बढी अपेक्षित हुन्छ । कवितामा भावको विविधता हुन सक्दछ तर गीतमा एकोन्मुखता नै हुनुपर्दछ नत्र श्रोता अलमलिने स्थिति उत्पन्न हुन सक्दछ । कवितापठित र

---

२५.ऐजन,पृ.२३ ।

शिक्षित व्यक्तिले मात्र आस्वादन गर्न सक्दछन् भने गीतको आस्वादन अपठित,निरक्षर र अशिक्षितले पनि गर्न सक्दछन् । समग्रमा कविता भन्दा गीत बढी लयात्मक, कोमल, मसृण र मिहिन हुन्छ, त्यसैले कविता र गीत प्रशस्त समानता र भिन्नता भएका दुई पृथक् विधा हुन् ।

कवितार गजलमापनि नजिकको सम्बन्ध छ । यी दुवैले लेखकका अनुभूतिलाई विषय बनाउछन् । गीत र कविताका साझा गुण गजलमा पनि रहन्छन् तर गजलको आफ्नै शास्त्रीय ढाँचाले गर्दा यो गीत र कविता भन्दा भिन्न विधाका रूपमा स्थापित छ । गजल मूलतः गेय विधा हो र कवितामा भन्दा बढी लयात्मकता यसमा हुन्छ । कवितामा भावको विविधता हुन्छ भने गजलमा खासगरी प्रणयभाव हुन्छ । कवितामा भावको आधिक्यता हुन्छ भने गजलमा कलाको आधिक्यता हुन्छ । गजलमा रदिफ(अन्त्यानुप्रास) र काफिया( पूर्वान्त्यानुप्रास) अनिवार्य जस्तै हुन्छन् तर कवितामा त्यस्तो कला वैकल्पिक हुन्छ । त्यसैले कविता र गजल पनि नजिकको सम्बन्ध राख्ने भिन्न विधा हुन् । आधुनिक साहित्यका हाइकु र तान्का पनि कवितासँग निकट सम्बन्ध राख्ने भिन्न विधा हुन् ।

## २.५. कविताको वर्गीकरण

कविता साहित्यको सबैभन्दा पुरानो र लोकप्रिय विधा हो । करिब ५ हजार वर्ष लामो इतिहास बोकेको यस विधाले वर्तमान सम्मको यात्रामा थुप्रै आरोह अवरोहलाई पार गरिसकेको छ । यस बिचमा असङ्ख्य कवि मनीषिहरूका विविधतापूर्ण रुचि र प्रवृत्तिहरूलाई आत्मसात गर्दै आएको छ ।कवि प्रतिभाका वैविध्यले गर्दा नै कविताका शैली,संरचना ,विषय-चयन, प्रबन्ध सङ्गठन, आयामजस्ता कुरामा विविधता देखिन्छ । यसै विविधतालाई मनन गरी काव्यशास्त्रीहरूले कवितालाई विभिन्न आधारले विभिन्न प्रकारमा वर्गीकरण गरेका छन् । यसरी वर्गीकरण गर्ने परम्पराको थालनी पूर्वमा भामहदेखि भएको पाइन्छ । उनले काव्यलाई गद्य र पद्य गरी दुई भागमा विभाजन गरेका छन् ।[२६]

नवौं शताब्दीका आचार्य आनन्दवर्द्धन (र अभिनव गुप्त)ले लघुकाव्यलाई मुक्तक, युग्मक, विशेषक, कलापक, र कुलक गरी पाँच उपभेदमा र प्रबन्धलाई पर्यायबन्ध, परिकथा,

२६.भामह,पूर्ववत् पृ. २-३ ।

खण्डकथा, सकलकथा र सर्गबन्ध गरी पाँच उपभेदमा वर्गीकरण गरेका छन् ।[२७] आनन्दवर्द्धन (र अभिनव गुप्त)का अनुसार कविताका दस उपविधा देखिन्छन् । चौधौँ शताब्दीका आचार्य विश्वनाथले श्रव्यकाव्यलाई १)मुक्तक २)युग्मक ३) सन्दानितक ४)कलापक ५)कुलक ६)कोषकाव्य ७) खण्डकाव्य र ८)महाकाव्य गरी आठ उपभेदमा वर्गीकरण गरेका छन् ।[२८] यसरी संस्कृत तथा तत्कालीन प्राकृत एवं अपभ्रंश भाषाहरूमा जे जस्ता काव्य कविता लेखिएका थिए तिनको विश्लेषण तथा वर्गीकरण गर्ने काम संस्कृत काव्यचिन्तनको परम्पराले गरेको छ ।

पश्चिममा पनि काव्यरचना र काव्यचिन्तनको समृद्ध परम्परा रहेको छ । त्यहाँ पनि कवि लेखकहरूले विभिन्न ढङ्ग र ढाँचाका काव्यरचना गरेर साहित्यको उद्यानलाई वैविध्यपूर्ण बनाएका छन् । उनीहरूको त्यस परम्पराले काव्यलाई खास गरी निम्न प्रकारले वर्गीकरण गर्ने गरेको पाइन्छ ।[२९]

क) महाकाव्य (epic) ख) नाट्यकाव्य (dramatic) र ग) गीतिकाव्य (liric) ।

वासुदेव त्रिपाठी[३०] र अरूले कविताका निम्नलिखित चार उपविधाको चर्चा गरेका छन् । १. लघुतम रूप (मुक्तक) २.लघु रूप (फुटकर कविता) ३. मध्यम रूप (खण्काव्य ) ४.वृहत्/वृहत्तर/ वृहत्तम रूप (महाकाव्य ) ।

मोहनराज शर्माले समकालीन कविताका तीन उपभेद बताएका छन् [३१] १) फुटकर कविता २) खण्डकाव्य र ३) महाकाव्य ।

यी बाहेक काव्य कवितालाई यसरी पनि वर्गीकरण गर्न सकिन्छ :

क) विषयवस्तुका आधारमा – पौराणिक,ऐतिहासिक,सामाजिक,प्राकृतिक आदि ।

ख) कविताले स्वीकारेको वाद वा सिद्धान्तका आधारमा –परिष्कार वादी, यथार्थवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, प्रतीकवादी, प्रयोगवादी आदि ।

---

२७.आनन्दबर्द्धन, पूर्ववत् ,पृ. २८२ ।
२८.विश्वनाथ, पूर्ववत् , पृ. ५८८-५९५ ।
२९.खगेन्द्र लुइँटेल र अरु, **नेपाली कवि र कविता** , (काठमाडौँ : विभु ऋभु प्रकाशन २०५८ ), पृ. ९-१० ।
३१.मोहनराज शर्मा ,पूर्ववत् ,पृ.५ ।

ग) रस वा भावका आधारमा– प्रणयकाव्य, भक्तिकाव्य, शोककाव्य, हास्यकाव्य आदि ।

यसरी विभिन्न आधारमा वर्गीकरण गर्दै जाने हो भने काव्य कविताका असङ्ख्य भेद प्रभेद देखिन सक्छन् तर कविताका प्रचलित रूपलाई न्युनतम रूपमा चिनाउने कोशिस गर्दा कविताका १) मुक्तक २) फुटकर कविता ३) खण्डकाव्य र ४) महाकाव्य गरी चार उपविधामा समेट्न सकिन्छ ।

## २.५.१.मुक्तक

कविताको सबैभन्दा सानो रूप **मुक्तक** हो ।यसलाई कविताको लघुतम रूप भनिएको छ । यसको आयाम निकै छोटो हुन्छ तर यो स्वयंमा पूर्ण हुन्छ । एकै सासमा पढिसकिने दुई तीन पाउ पङ्तिदेखि बढीमा सात आठ पाउ/पङ्क्तिसम्मका रचनालाई मुक्तक भन्छि । यसमा जीवन जगत् सम्बन्धी अनुभूतिको एक झिल्को वा झुल्कोमात्र अटाएको हुन्छ, विषयको शृङ्खला हुन सक्दैन । यसमा अनुभूतिको विस्तार र स्पष्टीकरणको अवसर हुँदैन र आख्यानको सम्भावना पनि  कम रहन्छ ।पूर्वापर सन्दर्भ प्रसङ्गबाट मुक्त हुने भएकाले नै यसलाई मुक्तक भनिएको हो । संक्षिप्तता, मितव्ययिता, सूत्रात्मकता, एकोन्मुखता र तीव्रता मुक्तकका विशेषता हुन् । यसमा सरल भाषशैली, विषयको संक्षिप्त प्रस्तुति ,तीव्र भाव ,एउटै छन्द , एकै रस वा भाव र सरल किसिमको बुनोट अपेक्षित हुन्छ । झट्ट पढ्नासाथ अर्थिने र मनमा छाइहाल्ने यसको स्वभाव हुन्छ । फुटकर कविता एक अँजुली फूलको गुच्छा हो भने मुक्तक एउटा थुँगा हो । यो संरचना,सौन्दर्य,सुवास र आकर्षणले आफैमा पूर्ण हुन्छ । वासुदेव त्रिपाठीका  भनाइमा यो झिलिक्क बिजुली झिल्केझैँ वा झ्वार्रसलाई कोरे झैँ जग्मगिने एक अनुभूति झमट हो । यो सियोको एक डोबजस्तै  एकसाथ च्वास्स बिझ्ने  र वेधक हुन्छ ।

## २.५.२.फुटकर कविता

कविताको सबैभन्दा बढी प्रचलित रूप यही फुटकर कविता हो । यो पाँच छ पद्य/अनुच्छेद देखि बिस बाइस पद्य/अनुच्छेदसम्म बढी प्रचलित छ । कथ्य र कथनकलाका दृष्टिले यो अतिसङ्क्षिप्त होइन सङ्क्षिप्त चाहिँ हुन्छ ।  अनुभूतिको एक पाटो समेटेर लेखिनु र १०-१५ मिनेटको एकै बसाइमा पढिसकिनु फुट्कर कविताको वैशिष्ट्य हो ।  यसमा

मुक्तक कवितामा जस्तो जीवन-जगत् सम्बन्धी अनुभूतिको स्फुरण मात्र होइन एक छिनको सञ्चिति पनि हुन्छ । मुक्तक कवितामा विषयवस्तु वा भावलाई सङ्कोचन र संक्षेपीकरण गरिन्छ भने फुट्कर कवितामा त्यसलाई अलिकति विस्तार, अलिकति स्पष्ट हुने, अलिकति तन्कने , फुक्ने र खुल्ने अवसर दिइन्छ । यसमा आख्यान वैकल्पिक हुन्छ ता पनि आख्यानले अनुभूतिलाई विस्तार गर्ने हुँदा अलि लामो आयामका कवितामा सूक्ष्मरूपमै भए पनि आख्यानको उपस्थिति प्रायः जसो भएकै देखिन्छ । फुट्कर कवितामा आख्यान आए पनि भावको सहकारी भएर आउने हुनाले पाठक हृदयमा आख्यानले भन्दा कविताका भावले नै बढी प्रभावपार्दछ । प्रगीतात्मक, आख्यानीकृत वा नाटकीकृततिनै शैली फुट्कर कवितामा सम्भव हुन्छन् भने आत्मपरक तथा वस्तुपरक दुबै ढाँचा स्वीकार्य हुन्छन् ।

### २.५.३. खण्डकाव्य

जीवन र जगत्को एक खण्ड विशेष अभिव्यक्त हुने विधा खण्डकाव्य हो । महाकाव्यले जस्तो जीवनको समग्रतालाई नसमेटी एक खण्डलाई मात्र समेट्ने हुनाले काव्यको एक खण्ड मानी यसलाई खण्डकाव्य भनिएको हो । चौधौं शताब्दीका आचार्य विश्वनाथले पहिलोपटक खण्डकाव्य शब्दको प्रयोग गर्दै यसलाई काव्य (महाकाव्य )को एक देश वा भाग भनेका छन् ।[४७] यो कविताको मध्यम रूप हो । फुट्कर कविता र महाकाव्यका बिचमा खण्डकाव्यको स्थान आउँछ । यसमा कविको अनुभूति, भाव वा संवेदनाले फुट्कर कवितामा भन्दा अझ बढी विस्तारित हुने अवसर प्राप्त गर्दछ । फुट्कर कविताको व्याप्ति जीवन् जगत् सम्बन्धी अनुभूतिको एक पाटो वा मेहेरोसम्म हुन्छ भने खण्डकाव्यको व्याप्ति जीवनको एक खण्ड वा अंशसम्म हुन्छ । कविताकै एक उपविधा भएकाले कविताका सबै तत्त्वहरू यसमा घटित हुन्छन् । आचार्य रुद्रटका भनाइमा यस (लघुकाव्य)मा धर्म अर्थ काम र मोक्ष मध्ये कुनै एक पुरुषार्थ प्राप्तिको उद्देश्य राखिएको हुन्छ । यसबाहेक एउटै रसको अभिव्यक्ति, एउटै भावको प्रकाशन र एउटै उद्देश्यतिरको उन्मुखता खण्काव्यका विशेषता हुन् ।

खण्डकाव्य आख्यान विकल्पी सानो रूपको प्रबन्धकाव्य हो । यो आख्यानयुक्त वाआख्यानमुक्त दुवै किसिमको हुनसक्दछ । आख्यानयुक्तखण्डकाव्यमा कार्यकारण शृङ्खलायुक्त सघन वा सूक्ष्म कथानकका साथै पात्र, घटना, परिवेश जस्ता तत्त्वको पनि उपस्थिति रहन्छ । यसमा अल्प अवधिमा घटित एउटा कुनै सानो तर मर्मस्र्शी घटना विषयवस्तु बनेर

आएको हुन्छ त्यस घटनासँग सम्बद्ध पात्र र तिनले कार्यव्यापार सम्पन्न गरेकको स्थान, समय र परिस्थिति समेत यस्ता खण्डकाव्यमा आएका हुन्छन् । आख्यानमुक्त खण्डकाव्यमा भने परस्पर निरपेक्ष जस्ता देखिने कवितालाई विषय, भाव, रसजस्ता कुनै सूक्ष्म तत्त्वले एकान्वित गरेका हुन्छन् । आख्यान विहीन यस्ता निरपेक्ष कविताको समूहलाई संस्कृत काव्यशास्त्रमा कोषकाव्य भनिएको छ । [३२] नेपालीमा भने कोषकाव्य भन्ने भिन्नै प्रचलन खासै देखिदैन र यसलाई खण्डकाव्य भन्दा भिन्न काव्यका रूपमा देखाउनुपर्ने आवश्यकता पनि देखिदैन ।

## २.५.४. महाकाव्य

महत् र काव्य शब्दको योगबाट बनेको महाकाव्य शब्दले ठूलो काव्य भन्ने अर्थ बुझाउँछ । कविताका उपविधाहरूमध्ये सबैभन्दा ठूलो रूप भएकाले यसलाई महाकाव्य भनिएको हो । यो आख्यान अन्तर्गर्भित कवित्वको अनुशासनपूर्ण प्रवाह हो । यसमा कविले जीवन जगत् सम्बन्धी विस्तृत र व्यापक अनुभूतिलाई समेट्दै आफ्नो विराट् प्रतिभाका बलले आफ्ना अनुभवले छोएका देश, काल, जाति, तिनका संस्कृति र सभ्यताको समग्र प्रस्तुति गर्दछ । आख्यान-संवलित कविताको बृहत् प्रबन्ध रचना भएकालेयसमा कविताका अन्य तत्त्वका अतिरिक्त कथावस्तु, पात्र, परिवेश, सन्धि, सर्गबन्धनजस्ता विशिष्ट तत्त्व र कथोपकथन, द्वन्द्वजस्ता सहकारी तत्त्वसमेत रहेका हुन्छन् ।

कविता मूलतः अनुभूतिको अभिव्यक्ति भएकाले महाकाव्य पनि अनुभूतिकै धरातलमा उभिने रचना हो तर महाकाव्यले आत्मसात् गरेको अनुभूति कविताका अन्य उपविधाको जस्तो सङ्क्षिप्त वा मध्यमखालको हुँदैन बरु यसले जीवन जगत्का व्यापक परिदृश्यलाई आत्मसात् गरेर अगाडि बढेको हुन्छ । अनुभूतिको यस्तो विस्तार र व्यापकतालाई ठोस रूप दिनका लागि एउटा अन्वितिसूत्र भने चाहिन्छ । त्यस्तो सूत्रको काम गर्न महाकाव्यमा मूल आख्यान आएको हुन्छ त्यसकै सहकारी बनेर अन्य उपाख्यान पनि आएका हुन्छन् । ती आख्यान र उपाख्यानले महाकाव्यलाई ठोस रूप प्रदान गर्दछन् र उद्देश्य प्राप्तिमार्फत् गतिशील बनाउने गर्दछन् । महाकाव्यको संरचना बृहत् हुने भएकाले यसलाई व्यवस्थितगर्न सर्ग योजना गरिन्छ । कवि सृजनका एक प्रवाह वा प्रसङ्गलाई व्यवस्थित गर्न बाँधिएको

---

३२.विश्वनाथ,पूर्ववत् , पृ. ५९५ ।

भाग ⁄ परिच्छेद ⁄ अध्याय नै महाकाव्यको सर्ग हो । महाकाव्यको संरचनालाई विभिन्न सर्गमा बाँधिने हुनाले यसलाई सर्गबन्ध पनि भनिन्छ । महाकाव्यमा आठ भन्दा बढी सर्ग हुनुपर्दछ भन्ने पूर्वीय मान्यता रहेको छ । यसमा मूल आख्यान र उपाख्यानका बिच सन्तुलन कायम गर्न ,कार्यकारण शृङ्खला स्थापना गर्न र आदिमध्य र अन्त्यको क्रम व्यवस्थित गर्न पञ्चसन्धिको निर्वाह गरिन्छ । प्रसङ्गअनुसार विभिन्न छन्दको प्रयोग एवं विभिन्न रसको अभिव्यक्ति पनि महाकाव्यमा हुन्छ तर अन्त्यमा एउटै रसको आस्वादन हुने भएकाले त्यस्तो मुख्य रसलाई अङ्गी रस र अन्य रसलाई अङ्ग रस भनिन्छ । अतः महाकाव्य आदिदेखि अन्त्यसम्म सर्वाङ्ग सन्तुलित कविताको प्रबन्ध रचना हो ।लामो कविताका रूपमा यसलाई चिनिन्छ ।

## ३. नेपाली कविताको विकासक्रम

साहित्यको सबैभन्दा जेठो र समृद्ध मानिने कविता विधा पनि संस्कृतबाट सबैभन्दा बढी प्रभावित भएको छ । यति मात्र होइन नेपाली कविता संस्कृतकै उत्तरवर्ती पूरक कविताका रूपमा विकसित भएको छ । कालक्रमले यसका विविध पक्षमा केही नवीनता निश्चय नै थपिएका छन् तर कविताको संरचना र यसका अन्तर्वाह्य तत्त्वहरूको विश्लेषण गरी हेर्दा यसमा असमानता भन्दा समानता नै बढी देखिन्छन् । त्यसैले नेपाली काव्य कविताको प्रारूप तयार गर्न र यसको श्रीवृद्धि गर्नमा वैदिक युगीन एवं लौकिक युगीन संस्कृत कविताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

वैदिक र लौकिक संस्कृतका कविता बाहेक नेपाली कविताको आधार तयार गर्ने अर्को पक्ष हो लोकसाहित्य । संसारका सबै शिष्ट साहित्यका विकासमा लोक साहित्यको ठूलो भूमिका रहन्छ । पूर्वका **रामायण**,**महाभारत** हुन् वा पश्चिमका **इलियड र ओडेसीज**स्ता कृति यी सबै मौखिक परम्परामा रहेका लोकगीत ,गाथा एवं गाथाचक्रलाई अलिकति परिष्कार गरेर लेखिएका रचना हुन् भन्ने कुरामा अन्वेषकहरू सहमत भैसकेका छन् । नेपाली लोकजीवनका मेला पर्व, उत्सव, समयचक्र र ऋतुचक्र अनुसार गाइने लोकगीत, लोकगाथा, स्फुटपद्य, कूटपद्य, उखान, गाँउखाने कथाजस्ता विधा नेपाली कविताको जन्म र विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने स्रोत विधाहरू हुन् । लोकसाहित्यका यी विधाहरूमा भावगाम्भीर्यका साथै व्यङ्ग्यचेत, लय, अनुप्रास, सङक्षिप्तता, सूक्तिमयता जस्ता कविताका गुणहरू रहेका

छन् । यिनै लोकसाहित्यिक विधाका पृष्ठभूमिमा नेपाली कविताको जग बसेको हो भने अहिलेसम्म पनि लोकसाहित्यका यी विधाबाट नेपाली कविता अनुगृहीत भइरहेको छ ।

नेपाली भाषा संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै विकसित भएको आधुनिक आर्यभाषा हो । ईसाको दसौँ शताब्दीतिर खस अपभ्रंशबाट नेपाली भाषाको जन्म भएको मानिन्छ । हालसम्म प्राप्त तथ्यका आधारमा वि. सं १०३८ को राजा दामुपालको दुल्लुस्थित अभिलेखलाई नेपाली भाषाको सर्वप्राचीन लिखित नमुना मानिएको छ । यहीँदेखि नेपाली भाषाले लेख्यरूप प्राप्त गरेको छ र पन्ध्रौँ शताब्दीसम्म यो अभिलेखमै सीमित रहेको छ ।यसबबिचका अरुथुप्रै अभिलेख प्राप्त भैसकेका छन् तर ग्रन्थाकार कृतिभने प्राप्त हुन सकेको छैन । त्यसैले विद्वानहरूले यस अवधिलाई अभिलेख युग भनेका छन् । वि.सं १९५७ तिरको मानिएको **भास्वती** टीकाले बल्ल नेपाली भाषालाई ग्रन्थका तहसम्म पुऱ्याएको छ । यसपछि नेपाली भाषामा औषधशास्त्र,ज्योतिष,धर्मशास्त्र,वंशावली जस्ता व्यवहारिक विषयहरूमा ग्रन्थ लेखन र रूपान्तरणका काम भएका छन् तर साहित्यिक कृति भन्न सुहाउने रचनाका लागि भने वि.सं १८२६को सुवानन्ददासको 'पृथ्वनिारायण'कवितालाई नै पर्खिनुपऱ्यो । यसअघिको कुनैपनि कविता हालसम्म प्राप्त छैन । बालकृष्णपोखेलले मेदिनी बम्मद्वारा लिखित **रास्केटी वंशावली**(१४५० तिर मानिएको) को एक अंशलाई **बडे राजामलय बम्म**शीर्षक दिई यसलाई नेपाली कविताको प्रथम नमुना मान्नुपर्ने प्रस्ताब गरेका छन् ।[३३] तर यस कुरालाई हालसम्म अन्य विद्वान्ले त्यति महत्त्व दिएका छैनन् । **पृथ्वीनारायण**लाई नेपाली भाषाको पहिलो कविता मान्नुपर्ने हुन्छ । त्यसबेलाका कुनै साहित्यिक रचना नपाइएको र अन्य वाङ्मयका ग्रन्थहरूको रचना मात्र भएको हुनाले यस अवधिलाई वाङ्मय युग वा ग्रन्थरचनाको युग भनिएको छ । यस युगमा नेपाली भाषाले कुनै कविता नपाए पनि कविताका लागि आवश्यक पर्ने भाषिक परिष्कार र कविताको भाव वहन गर्न सक्ने क्षमता भने प्राप्त गरेको छ । त्यसैले यस युगलाई नेपाली कविताको पृष्ठभूमिकाल मानिएको छ ।

नेपाली कविताको पृष्ठभूमिगत वैदिक लौकिक युगीन संस्कृत साहित्य ,लोक साहित्य र नेपाली भाषाको वाङ्मयरचनाको युग समेतलाई छोडेर शिष्ट नेपाली कविता लेखनको परम्परालाई हेर्दा यो सुवानन्द दासको **पृथ्वीनारायण** (वि.सं१८२६) देखि सुरु भएको ज्ञात हुन्छ । त्यसबेलादेखि आजसम्म करिब साढे दुई शताब्दीको यात्रामा नेपाली कविताले अनेक आरोह अवरोह र घुम्तीहरू पार गर्दै आएको छ । नेपाली कविताको करिब अढाइ शताब्दीको

यो कालावधिलाई अध्ययन गर्न सहज होस् भन्ने हेतुले विद्वान्हरूले विभिन्न कालखण्ड,चरण र उपचरणमा विभाजन गरेका छन् । यसरी कालविभाजन गर्दा विद्वान्हरूका भनाइमा मतैक्य भने देखिदैन । कसैले तत्कालीन राजनैतिक परिस्थितिलाई आधार बनाएर काल विभाजन गरेका छन् भने कसैले नेतृत्वकर्ता व्यक्तिविशेषलाई र कसैले प्रवृत्तिलाई पनि कालविभाजनको आधार बनाएका छन् । यी सबै मतहरूमध्ये काल विभाजनका मूलभूत सिद्धान्तलाई अङ्गीकार गरेको ,विभिन्न विद्वान्हरूले मानेको र त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रमले समेत मान्यता प्रदान गरेको काल विभाजन यस प्रकार छ[३४] -

क) प्राथमिक काल : वि सं. १८२६-१९४०

ख) माध्यमिककाल : वि.सं. १९४१-१९७४

ग) आधुनिककाल : वि.सं. १९७५-वर्तमानसम्म ।

उपर्युक्त कालखण्डमा नेपाली कवितामा देखिएका प्रमुख कवि ,तिनका कृति,तिनले अँगालेका धारा र प्रवृत्तिको चर्चा संक्षेपमा गरिन्छ ।

## ३.१.प्राथमिक काल

हालसम्म प्राप्त तथ्यका आधारमा नेपाली भाषाको पहिलो कविता सुवानन्द दासको 'पृथ्वीनारायण शाह' (वि.सं.१९२६) हो । यसमा नेपालको एकीकरणका शिलान्यासकर्ता पृथ्वीनारायण शाहका वीरताको वर्णन गरिएको छ । यस बेलादेखि मोतीरामभट्टको आगमन पूर्वको कालावधिलाई नेपाली कविताको प्राथमिककाल मानिएको छ । यो नेपाली कविताको मात्र नभई समग्र नेपाली साहित्यकै प्राथमिक काल हो ।यस बिचमा नेपाली इतिहासमा केही महत्त्वपूर्ण घटना भएका छन् । पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियान, रणबहादुर शाहको आफ्नै भाइद्वारा गरिएको हत्या, सुगौली सन्धि, भीमसेन थापाको पतन, कोत पर्व र जङ्गबहादुरको उदय जस्ता घटना यसैबेला भएका हुन् । साहित्य समाजको दर्पण भएकाले सामाजिक स्थितिको प्रत्यक्ष प्रभाव त्यसमा परेको हुन्छ । नेपाली कवितामा पनि उल्लिखित सामाजिक एवं राजनैतिक आरोह अवरोहको प्रभाव

३४. ऐजन, पृ. १०० ।

प्रशस्त पऱ्यो । पृथ्वीनारायणशाहको नेपाल एकीकरणको अभियान सुरु भएको र ठाँउ ठाँउका विजयले गर्दा उत्साहित तात्कालीन नेपाली कवि परम्पराले राजा तथा उनका सैन्यका वीरताको वर्णन गर्दै वीर रस प्रधान कविताहरूको रचना गर्न थाल्यो । यो क्रम वि.सं.१८७२सम्म रह्यो तर १८७३मा अंग्रेजसँग  सुगौली सन्धि गरी आफ्ना देशका कतिपय भू-भाग गुमाउनु परेको पीडाले नेपालीहरूको हृदय आहत भयो । पीडित हृदयमा वीरता निरुत्साहित हुनु र धार्मिक आस्था जागृत हुनु पनि धर्मप्राण नेपालीहरूका लागि अस्वभाविक थिएन । त्यसै कारण सुगौली सन्धि पछि नेपाली कविताको मूल प्रवाह भक्तिधारातर्फ मोडियो । त्यसबेलादेखि मोतीराम भट्टको आगमनसम्म फाट्टफुट्टरूपमा अरुखालका कविताको रचना भए ता पनि मुख्यतया भक्तिभाव प्रदान  कविताकै बाहुल्य रह्यो ।त्यसैले नेपाली कविताको ऐतिहासिक अध्ययन गर्दा प्राथमिक कालको जम्मा १४४ वर्षको अवधि मध्ये १८२६ देखि १८७२ सम्मको पूर्वार्द्ध चरणलाई वीरधारा र १८७३ देखि १९४० सम्मको उत्तरार्ध चरणलाई भक्तिधारा अन्तर्गत राखी अध्ययन गर्ने परम्परा रहिआएको छ ।

### ३.१.१. वीरधारा

नेपाली कविताको प्रथम आभिर्भाव वीर रस प्रधान कविताका रूपमा भएको हो । सुवानन्द दासले पृथ्वीनारायणशाहको वीरताको वर्णन गर्दै 'पृथ्वीनारायण' कविता लेखेर नेपाली भाषामा कविता लेखनको सुरुवात गरेका हुन् ।यसपछिका अन्य कविहरूले पनि राजा,तिनका सैन्य,अथवा अन्य उच्च पदस्थ शासकहरूका वीरताको वर्णन गर्दै कविता लेखेका छन् ।  यस्तो हुनुमा तात्कालीन राजनैतिक परिवेश प्रमुख कारक हो भने शासकको प्रशंसा गरेर केही लाभ लिने उद्देश्यले पनि यस किसिमका कविता लेखिएका हुन् ।  यस अवधिका अन्य कवि र तिनका कृतिहरूमा शक्तिवल्लभ अर्यालको 'तनहूँ भकुण्डो' उदयानन्द अर्यालको 'पुरानो वातको अर्जी', 'कुलवर्णन कविता' र 'वेताल पच्चिसी', सुन्दरानन्दवाँडाको 'बहादुरशाहवर्णनम्'मा परेको 'आशानदी', राधावल्लभ अर्यालको 'साँढ्याको कवित्'यदुनाथ पोखरेलको 'गोर्षा सेना', र 'कृष्णचरित्रवर्णन', रामचन्द्र पाध्या रेग्मीको 'लक्ष्मीधर्म संवाद',गुमानी पन्तको 'धन्य गोर्खाली' आदि प्रसिद्ध छन् । यस अवधिमा मुक्तकदेखि प्रबन्धस्तरमा खण्डकाव्यको तहसम्मका रचना नेपाली साहित्यले पाएको छ । तत्कालीन कवितामा देशको राजनैतिक परिस्थिति, राजभक्ति, सैन्यवर्णन, युद्धवर्णन, राष्ट्रियता जस्ता

कुरालाई विषयवस्तु बनाइएको छ । संस्कृतका वर्णमात्रिक छन्दको प्रयोग गरिएको छ भने अनुप्रास र अन्य शब्दगत तथा अर्थगत अलङ्कार तर्फको सचेतता पनि थोरबहुत पाइन्छ । नेपाली झर्रा शब्दका साथै संस्कृत, व्रज, अवधि, मैथिली भाषका शब्दको मिश्रित प्रयोग पनि यस कालका कवितामा पाइन्छ । भाषिक परिष्कार कमजोर भए पनि उक्तिवैचित्र्य र व्याङ्ग्य चेतना, मौलिकता जस्ता कुरामा सकेसम्म सचेतता देखाउनु वीरकालिन कविताका विशेषता हुन् ।

### ३.१.२. भक्तिधारा

वि सं. १९७३ को सुगौली सन्धिले नेपालीहरूलाई  दुईवटा कुरा दियो । १) आफ्ना रगतले सीमा बाँधेको देशका थुप्रै भूभाग गुमाएर अंग्रेजहरूसँग  सुगौली सन्धि गर्नुपर्दा पराजयको तीतो अनुभव  र २) युद्धपछिको शान्ति । देशमा विकसित यस नयाँ परिस्थितिले गर्दा  नेपाली कविताले अँगाल्दै आएको वीरताको वर्णन निरर्थक लाग्न थाल्यो बरुयस घटनाबाट आहत नेपाली जनता र यस परिस्थितिमा बाँचेका कविहरूले ईश्वरका चरित्रको चर्चामा शान्तिको अनुभव गर्न थाले ।त्यसै कारण यस बेलाका कविहरूले भक्तिरचानातर्फ आफ्ना लेखनी दौडाए । यसपछिका रचनाको मुख्य स्वर नै ईश्वरभक्ति रहेकाले यस काललाई भक्तिधारा काल भनिएको हो ।

नेपाल हिन्दू राष्ट्र भएकाले गणेश, देवी, विष्णु, शिवजस्ता देवीदेवतालाई इष्टदेवका रूपमा मान्ने प्रचलन प्राचीन कालदेखि नै थियो । यसबाहेक वेदान्त, साङ्ख्य, योगजस्ता दर्शनको प्रभाव पनि पहिलेदेखि नै छँदै थियो । भगवान् विष्णुका अवतार मानिने राम र कृष्णका चरित्रमा नेपाली जनता ज्यादै अनुरक्त थिए भने अलि शिक्षित वर्ग परमेश्वरको साकार रूपभन्दा पर निर्गुण निराकार स्वरूपको चिन्तन मनन र चर्चा परिचर्चामा जीवनको सार्थकता देख्दथ्यो ।  यस संस्कारबाट प्रभावित कविहरूपनि सगुणका उपासक र निर्गुणका उपासक गरी दुई वर्गका थिए । सगुण र साकार ईश्वरका उपासकहरूमध्ये पनि राम र कृष्णका भक्तहरूले आफ्ना इष्टदेवका चरित्रलाई काव्य कवितामा उतारेका छन् ।अतः नेपाली कवितामा रामभक्तिधारा, कृष्णभक्तिधारा र निर्गुण धारा गरी तीन उपधारा विकसित भएका देखिन्छन् ।

### ३.१.२.१. रामभक्ति धारा

रामचरित्रको वर्णन गर्ने कविहरू रामभक्तिधाराअन्तर्गत पर्दछन् । खासगरी संस्कृतमा वाल्मीकिले रचेको रामायणबाट प्रभावित भएर रामचन्द्रका आदर्श चरित्रको वर्णन यस चरणका कवितामा गरेको पाइन्छ । यस धाराका कवि र तिनका कृतिहरूमा रघुनाथ पोखरेलको 'सुन्दरकाण्ड',भानुभक्त आचार्यका 'रामायण'र 'रामगीता' विशेष उल्लेख्य छन् । यस धाराका केन्द्रीय प्रतिभा भानुभक्त आचार्य हुन् र उनको रामायण नेपाली भाषाको पहिलो महाकाव्य मानिएको छ ।

### ३.१.२.२. कृष्णभक्ति धारा

कृष्णभक्ति धाराका कविहरूले श्रीकृष्णको जीवन चरित्रका विविध पक्षलाई विषयवस्तु बनाएर काव्य कविताको रचना गरेका छन् । यिनिहरूका रचनाका प्रमुख उपजीव्य ग्रन्थ व्यासकृत श्रीमद्भागवत र महाभारत रहेका छन् । यस धारामा इन्दिरसको 'गोपिकास्तुति' विद्यारण्यकेशरीका 'युगलगीत' र 'द्रौपदीस्तुति', वसन्त शर्माका 'श्रीकृष्णचरित्र', 'विमलबोधानुभव' र 'सरस प्रेमावली' हीनव्यकरणी विद्यापतिका 'गीतगोविन्द' र 'गीतवाणी', पतञ्जलीगजुर्‍यालका 'बालगोपाल वाणी' 'हरिभक्तिमाला' 'जैमिनी भारत'आदि विशेष उल्लेख्य छन् ।यस धाराका केन्द्रीय प्रतिभा वसन्त शर्मा हुन् ।

### ३.१.२.३. निर्गुण धारा

वेदान्त, साङ्ख्य,योग दर्शन एवं भगवद्गीतासमेतबाट प्रभावित निर्गुण धारा हो । यस धाराका कवितामा निर्गुण निराकार परब्रह्मको नित्यता एवं व्यापकता र संसारको अनित्यता,निस्सारता अनि नेपाली समाजमा रहेको जातीय विभेदजस्ता कुरालाई विषयवस्तु बनाएको पाइन्छ । जोसमनीसम्प्रदायका सन्त कविहरूको विशेष योगदान रहेको यस धारका कवि र तिनका कृतिहरूमा शशिधरका'वैराग्याम्बर'र 'वाणोपनिषद्',अगम दिलदासका फुट्कर कविता, अखण्ड दिलदासका 'निर्गुण भजन', ज्ञानदिलदासका 'उदयलहरी' र 'भजनसङ्ग्रह' प्रसिद्ध छन् ।

## ३.२. माध्यमिक काल

माध्यमिक कालको आरम्भका बारेमा विवाद नभए पनि यसको अन्त्यका बारेमा थुप्रै तर्क पाइन्छन् । माध्यमिक काल भनेको भानुभक्त आचार्य रचित सुन्दरकाण्डको प्रकाशन (वि.सं.१९४१) देखि 'सूक्तिसिन्धु'को प्रकाशन (वि.सं.१९७४) बिचको कालावधि हो । काव्य प्रवृत्तिका दृष्टिले यसकाललाई पूर्वार्द्ध (१९४१-१९६१) र उत्तरार्ध (१९६२-१९७४) गरी दुई चरणमा विभाजन गरिएको छ । यसका पूर्वचरणको नेतृत्व मोतीराम भट्टले गरेका छन् ।

नेपाली कविताको माध्यमिक काल मुद्रणसँगै सुरु भएको हो र यस समयावधिमा मुद्रण तथा प्रकाशनको काम प्रशस्तै भएको छ । मोतीराम भट्टले प्राथमिककालीन कवि भानुभक्त आचार्य रचित रामायणको खोजी गरी वनारसबाट त्यसको सुन्दरकाण्ड प्रकाशन गरे पछि नेपाली साहित्यले मुद्रणको युगमा प्रवेश गरेको हो । यसपछि मोतीराम भट्टकै पहलमा भानुभक्तको रामायण पूरै भाग प्रकाशित भयो भने अरु काव्य कविता र पत्र पत्रिकाहरू पनि प्रकाशित हुन थाले । यसैवेला भानुभक्त आचार्यका पदचापको अनुसरण गर्दै धार्मिक आध्यात्मिक कृतिको नेपाली अनुवाद/रूपान्तरण गर्ने र तिनको प्रकाशन गर्ने कार्य पनि तीव्र भएको पाइन्छ ।  खास गरी वनासरबाट यस्ता कृतिहरू प्रशस्त प्रकाशित भएका छन् । वि.सं १९५८मा **गोरखापत्र**,१९६३ मा **सुन्दरीर** १९६५ मा **माधवी** जस्ता जस्ता पत्रपत्रिकाहरू प्रकाशित हुन थालेपछि नेपाली कविताको लेखन र प्रकाशन द्रुततर रूपमा अघि बढेको देखिन्छ । यसै वेला राममणि आ.दी.को नेतृत्वमा चलेको **हलन्त बहिस्कार** आन्दोलनले नेपाली भाषाको परिस्कृत रूपतर्फ कविहरूको आकर्षण बढ्न थालेको पाइन्छ भने १९६९मा पण्डित हेमराजको **चन्द्रिका**व्याकरण प्रकाशित भए पछि नेपाली भाषाका मानक रूपतर्फ पनि कवि लेखकले सचेतता देखाउन थालेको देखिन्छ ।

नेपाली कवितालाई माध्यमिक कालमा प्रवेश गराउने र यसको श्रीबृद्धि गर्ने कार्यमा मोतीराम भट्टको योगदान अद्वितीय छ । उनी  अध्ययनका लागि वनारसमा वसेका बेला भारतेन्दु हरिश्चन्द्रले राष्ट्रभाषाको विकासका लागि गठन गरेको **कवितावर्द्धिनी सभा**बाट प्रभावित भएर नेपाली कवि लेखकहरूलाई समेटी एउटा कवि समूह **मोती मण्डली**को गठन गरेका थिए र राष्ट्रभाषा नेपालीमा साहित्यको सृजना गरी नेपाली साहित्यको भण्डार भर्ने उद्देश्यले उत्साहित युवाहरूलाई कविता लेख्न उत्प्रेरित गर्ने, समूहमा भेला भई कविता

सुन्ने, सुनाउने, छलफल गर्ने र समस्या पूर्ति गर्ने जस्ता कार्य गरी काव्यसृजनाका लागि उचित वातावरणको सृजना गरेका थिए । यसरी माध्यमिक कालमा नेपाली काव्य कविताको लेखन तथा प्रकाशन मोतीराम भट्टका नेतृत्वमा सामूहिक प्रयासबाट अघि बढेको देखिन्छ ।

### ३.२.१. शृङ्गारिक धारा

माध्यमिक कालीन नेपाली कविताको मूल प्रवृत्ति शृङ्गारिक धाराबाट निर्देशित रहेको छ । यस धाराका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् ।'पञ्चक प्रपञ्च', 'गजेन्द्र मोक्ष' , 'पीकदूत', 'उषा चरित्र' , 'प्रह्लाद भक्तिकथा', 'मनोद्वेग प्रवाह', आदि उनका प्रसिद्ध कृति हुन् । यस धाराका अन्य कविहरूमा शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, रामप्रसाद सत्याल आदि प्रसिद्ध छन् ।'सूक्तिसिन्धु' (१९७४) यस समयको उत्कृष्ट रचनाकृति हो ।

शृङ्गारिकधारा नेपाली कवितामा पूरै माध्यमिक कालभरि व्याप्त भएर रहेको छ । शृङ्गारलाई कतै मनोरञ्जनात्मकत कतै हास्यव्यङ्ग्यत्मक रूपमा प्रयोग गरिएको पाइन्छ । मोतीराम भट्टले सुरुगरेको समस्यपूर्ति परम्पराले पनि यस धारालाई निकै सहयोग पुऱ्याएको छ । भट्टको यस कार्यबाट तत्कालीन कविहरू र अन्य युवाहरू पनि निकै प्रभावित रहेका र कविता लेखनका सामूहिक प्रयास  पनि भएका देखिन्छन् । पर्याप्त सौन्दर्य चेतना नपाइए पनि त्यसतर्फको उन्मुखता र प्रशस्त मौलिक रचना दिन सक्नु माध्यमिक कालीन शृङ्गारिकधाराको प्राप्ति हो ।

### ३.२.२ भक्तिधारा

माध्यमिक नेपाली कविताको यस धारामा सङ्ख्यात्मक रूपमा धेरै कृतिहरू आए पनि गुणत्मकताको अभाव खड्किएको पाइन्छ । प्राथमिक कालको निरन्तरताका रूपमा देखिएको यस समयमाभगवत्भक्तिस्तुति नै विशेष गाएको पाइन्छ । रामायण, महाभारत,पुराण आदिको अनुवाद गर्ने प्रवृत्ति यस चरणमा पनि रह्यो । यस धाराका कविहरूमा शम्भुप्रसाद ढुङ्गेल,हरिहर शर्मा,तीर्थप्रसाद आचार्य,कृष्णप्रसाद रेग्मी आदि रहेका छन् । ईश्वरको आराधना उपासनाद्वारा परमपद प्राप्त गर्नुपर्दछ भन्ने औपदेशिक प्रवृत्ति यस धाराका काव्य कवितामा पाइन्छ ।

### ३.२.३ शासकस्तुति धारा

शासकहरूको प्रशंसा गरी उनीहरूलाई महान् व्यक्तिका रूपमा चिनाउने र कतै ईश्वरकै अंशका रूपमा वर्णन गर्ने परम्परा यसकालमा पनि निरन्तर रह्यो । विशेषतः राणाहरूको स्तुतिगान मुख्य रूपमा रहेको पाइन्छ । यस चरणका कविहरूमा सोमनाथ सिग्देल,शम्भुप्रसाद ढुङ्गेल,जगन्नाथ सेढाइँ,पहलमान सिंहस्वाँर आदि रहेका छन् ।

### ३.२.४. सामाजिक-सांस्कृतिक जागरणको धारा

युगले ल्याएको चेतनता, विदेशी साहित्यको प्रभाव,नेपाली युवाहरूको विदेश जाने आउने क्रम,देशभित्रै देवशमशेरले चलाएकासुधारका कार्यक्रम,नेपाली भाषमाविभिन्न पत्रपत्रिकाको प्रकाशनजस्ता कुराले गर्दा माध्यमिक कालको उत्तरार्धतिर यो धारा विकसित भएको हो । नेपाली समाजमा रहेका जुवा तास,जाँड रक्सी जस्ता विकृतिहरूबाट जोगिएर सामाजिक सुधारमा लाग्नुपर्ने सन्देश महानन्द सापकोटाका कविताले दिएका छन् । यसैगरी नेपाल वाहिरबाट धरणीधर कोइरालाले नेपाली युवाहरूमा जागरणको खाँचो औंल्याएका छन् । यसरी नेपाल भित्र र वाहिर समेत धार्मिक सांस्कृतिक, सामाजिक तथा जातीय जागरणको स्वर उराल्ने कविताको रचना यस कालमा भएको पाइन्छ । यस धाराका प्रसिद्ध कविहरूमा लेखनाथ पौड्याल, धरणीधर कोइराला, महानन्द सापकोटा, चक्रपाणि चालिसे,बहादुर सिंह बराल आदि पर्दछन् ।

यी वाहेक माध्यमिक कालमा वीरधाराको अवशेष तथा अन्य व्यवहारिक विषयमा कविताकृति लेख्ने काम पनि भएको छ । यस्ता कृति मनोरञ्जन र व्यवहारिक शिक्षादिने उद्देश्यले लेखिएका छन् । यी सबै कृतिले संख्यात्मक रूपमा नेपाली साहित्यको भण्डार भर्न सहयोग गरेका छन् ।

## ३.३.आधुनिक काल

साहित्यको युग निर्माण र युग परिवर्तन निश्चय नै कुनै कालखण्डसँग सम्बन्धित कुरा होइन ,बरु कुनै खास किसिमका सामाजिक,आर्थिक वा राजनैतिक घटनाले साहित्यमा पारेको प्रभाव र रचनाकारका भिन्न प्रवृत्तिले साहित्यका युगको निर्माण र परिवर्तन हुने

गर्दछ । इतिहासको अध्ययनका क्रममा देखिने विभिन्न युगहरूमध्ये पछिल्लो युगलाई आधुनिक युग भन्ने चलन छ ।साहित्यका सन्दर्भमा आधुनिक भन्नाले हालका रचनामा देखिने प्रवृत्ति भन्ने बुझिन्छ ।  विश्वसाहित्यमा देखिएको आधुनिकतासम्बन्धी चिन्तन खासगरी पाश्चात्यजगत्बाट प्रभावित छ । पश्चिमा प्रथम विश्वयुद्धले ल्याएको महाविनाशपछि कवि लेखकमा भिन्न प्रवृत्तिहरू देखापर्न थालेका हुन् । मानवीय मूल्यमान्यताको समेत ह्रास हुँदैगएको त्यस वेलामा कविलेखकहरूले परम्परागत मूल्यमान्यताहरूलाई शिरोधार्य गर्नुपर्ने आवश्यकता देखेनन् । त्यसैले परम्पराप्रति विद्रोह गर्दै नयाँ मूल्यमान्यताको स्थापना गर्ने चेष्टा गरे ।साहित्यमा पनि प्रचलित शास्त्रीय मान्यताका विपरीत नयाँ नयाँ प्रयोगहरू हुन थाले । शिल्पविधानप्रति उदासीनता,वर्णन,विवरण र परिष्कारका विपरीत चेतनप्रवाह पद्धतिको थालनी,औपदेशिकताकोविरोध जस्ता प्रवृत्ति यस पछिका कविता रचनामा देखिन थाले । डार्विनको विकासवाद,मार्क्सको समाजवाद,फ्रायडको मनोविज्ञान जस्ता नवीन तथा भौतिक चिन्तनबाट यसपछिका कविता प्रभावित छन् र तिनले दादावाद, प्रकृतवाद, अतियथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, प्रतीकवादजस्ता नयाँ नयाँ वाद र सिद्धान्तलाई जन्म दिएका छन् । प्रथम विश्वयुद्धपछिका यिनै प्रवृत्तिगत नवीनताका आधारमा पाश्चात्य काव्यकवितामा आधुनिकताको प्रवेश भएको मानिन्छ ।

नेपाली कवितामा पाश्चात्य कविताका यिनै प्रवृत्तिहरू हुबहु नदेखिए पनि पाश्चात्य काव्य कविताका उक्त केही प्रवृत्ति र पूर्वीय परम्पराका काव्यशास्त्रीय मान्यताको सम्मिश्रणबाट  उद्भुत निश्चित अभिलक्षणका आधारमा आधुनिकताले प्रवेश गरेको भन्ने मान्नु पर्दछ । नेपाली कविताको आधुनिकताका त्यस्ता केही उल्लेख्य अभिलक्षणहरूमा मानक व्याकरणप्रतिको सचेतता ,कविताका गुणस्तरप्रतिको चासो,काव्यसौन्दर्यप्रतिको आकर्षण, परम्परागत सामाजिक मूल्यमान्यताको विरोध र नवजागरण,स्थापित काव्यशास्त्रीय मान्यताको अनुसरण, पाश्चात्य तथा भारतीय कविताका नव नव प्रवृत्ति र प्राप्तिप्रति आकर्षण, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिको प्रभाव, स्वतन्त्र र मानवतावादी विचार , प्राज्ञिक एवं वैज्ञानिक चिन्तन र तज्जन्य उपलब्धिको प्रभाव आदि पर्दछन् । यिनै प्रवृत्तिले नेपाली काव्यकवितालाई आधुनिकताको ढोकाभित्र छिराएका हुन् । तर परवर्ति युगमा भने उक्त प्रवृत्तिमा पनि केही हेरफेर भइसकेको र नयाँ नयाँ प्रवृत्ति र प्राप्तिलाई नेपाली कविताले आत्मसात् गर्दै गएको देखिन्छ ।

माध्यमिक कालको उत्तरार्द्धदेखि प्रकाशित विभिन्न पत्रपत्रिकाले नेपाली कवितालाई आधुनिकतातर्फ उन्मुख हुन निकै सघाएका हुन् । यसबेलादेखि नेपाली कवितामा आएको भाषिक परिष्कार,सौन्दर्यचेतना,जागरणका स्वर र नव्यभारतीय कविताका प्रभावले नेपाली कवितालाई भिन्न मार्गमा डोऱ्याउन थालेका हुन् । यसै क्रममा वि.सं १९७३ मा लेखनाथ पौड्यालको 'ऋतुविचार'खण्डकाव्य प्रकाशित हुन्छ र यसमा नेपाली आधुनिकताका प्रशस्त अभिलक्षणहरू देखिन्छन् । त्यसैले नेपाली कवितामा आधुनिककालको सुरुवात यस कृतिबाट भएको हो भन्ने विद्वानहरूको मत रहेको छ । माध्यमिक कालीन शृङ्गारिकताको उपसंहार गर्दै 'सूक्तिसिन्धु' (१९७४) प्रकाशित भएपछि चाहिँ नेपाली कविताले माध्यमिक काललाई औपचारिक रुपमै विदाइ गरी आधुनिक कालतिर लम्केको हो । यसरी १९७५ देखि नेपाली कविताले आरम्भ गरेको आधुनिकताको यात्रामा करिव नौ दशक वितिसकेका छन् । यस अवधिमा नेपाली कविता विभिन्न मोड र घुम्तीहरू पार गर्दै र विभिन्न धारा उपधारामा वग्दै आएको छ ।आधुनिक नेपाली कवितायात्राको यस अवधिलाई निम्नानुसार चर्चा गरिन्छ :

१) परिष्कारवादी धारा (१९७५-१९९०)

२)स्वच्छन्दतावादी धारा (१९९०-२०१६)

३) प्रयोगवादी धारा (२०१७-२०३०)

४)समसामयिक धारा (२०३० देखि वर्तमान सम्म)

## ३.३.१. परिष्कारवादी धारा (१९७५-१९९०)

माध्यमिककालीन शृङ्गारिकताको अवशेषलाई 'सूक्तिसिन्धु'को प्रकाशन(१९७४)ले चरम विन्दुमा पुऱ्याएपछि त्यसपछि १९९० सम्मको अवधि परिष्कारवादी कविताधाराको केन्द्रीयता रहेको अवधि हो । १९९० पछि केन्द्रीय धाराका रूपमा स्वच्छन्दतावादी धारा स्थापित भए पनि अवान्तर रूपमा परिष्कारवादी धारा बहि नै रह्यो । अझ परिस्कारवादी धाराका उपलब्धिहरू २००५ सालदेखि मात्र देखिन थालेका छन् । अत: केन्द्रीय धाराका रूपमा स्वच्छन्दतावादी धारा रहे पनि उपलब्धिका दृष्टिले २००५ सालदेखि २०१५सालसम्म एक दशकको अवधि परिष्कारवादी कविताको स्वर्णयुग बन्न पुगेको छ ।

परिष्कारवादलाई नेपाली कवितामा अवतरण गराउनेश्रेय कविशिरोमणि लेखनाथ पौड्याललाई प्राप्त छ । 'ऋतुविचार' (१९७३)को प्रकाशनदेखि सुरु भई १९७५ पछि केन्द्रीय

धाराका रूपमा स्थापित यस परिष्कारवादी धाराको नेतृत्व पनि उनैले गरेका हुन् । हिन्दीर बङ्गाली कवि लेखकहरुबाट प्रभाव ग्रहण गर्दै मुक्तक कवितादेखि 'तरुणतपसी'जस्तो महाकाव्य समकक्षी कृतिसम्म रचना गर्ने लेखनाथ पौड्यालका कृतिहरूमा 'ऋतुविचार'( १९७३ र १९९१), 'बुद्धिविनोद' (१९७३), 'सत्यकलिसम्वाद' (१९७६), 'गीताञ्जली' (१९८६), 'मेरो राम' (२०११) खण्डकाव्य, 'तरुणतपसी' (२०१०)नव्यकाव्य एवं **लालित्य(भाग १ र २)** आदि प्रसिद्ध छन् । पूर्वीय काव्यमान्यताका परिधिमा रहेर आलङ्कारिक, कलात्मक र परिष्कृत कवितालेख्नु उनको काव्यगत प्रवृत्ति हो ।

लेखनाथ पछि १९७५मै 'जागजाग' कविता लेखेर नेपाल बाहिरबाट जातीय जागरणको गीत गाउने परिष्कारवादी कित्ताका अर्का कवि धरणीधर कोइराला हुन् भने सामाजिक विकृति र विसङ्गतिका विरुद्ध जागरणो स्वर उराल्ने कवि महानन्द सापकोटा हुन् । यसैगरी चक्रपाणि चालिसेले राष्ट्रियता र देशभक्तिलाई आफ्ना कविताको मूल स्वर बनाएका छन् ।  सोमनाथ सिग्देलले पूर्वीय काव्यमान्यताको अक्षरसः पालना गर्दै नमुना महाकाव्यका रुपमा प्रस्तुत गरेको 'आदर्शराघव'महाकाव्य(२००५) परिष्कारवादी धाराको महत्तम प्राप्ति हो । यसैगरी पूर्वीय अध्यात्मदर्शन र पाश्चात्य भौतिक दर्शनको समन्वय गरेर गद्य र पद्य दुवै शैलीमा बौद्धिक कविता लेख्ने कवि बालकृष्ण समले पनि परिष्कारवादी धाराको मुख्य अवधि पछि नै भए पनि 'आगो र पानी' खण्डकाव्य (२०११) एवं 'चिसो चुह्लो'महाकाव्य( २०१५) दिएर नेपाली कविताको परिष्कारवादी धारालाई समृद्ध बनाएका छन् ।  यी बाहेक कुलचन्द्र गौतम, माधवप्रसाद देवकोटा, देवीदत्त पराजुली, वदरीनाथ भट्टराई, भीमनिधि तिवारी आदि कविहरूको नाम पनि परिष्कारवादी धारासँग जोडिएको छ । परिष्कारवादी धाराको मुख्य अवधि पछिका स्थापित कविहरूमा पुण्यप्रसाद ब्रह्मण,भरतराज पन्त,कृष्णप्रसाद घिमिरे, मुकुन्दशरण उपाध्यायजस्ता कविहरू वर्तमानमा पनि यस धारालाई निरन्तरता दिईरहेका छन् । नेपाल बाहिर असम र सिक्किमका कविहरूले पनि यस धारालाई अँगालेर काव्य साधना गरेका छन् ।

### ३.३.२.स्वच्छन्दतावादी धारा (१९९०-२०१६)

आधुनिक नेपाली साहित्यको पूर्वार्द्धको दोस्रो चरणमा देखापरेको प्रवृत्ति स्वच्छन्दतावादी धाराको हो । १९९१ सालदेखि महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविता शारदा लगायत पत्रिकामा प्रकाशित हुन थालेपछि यिनै कविताबाट नेपाली काव्यकवितामा

स्वच्छन्दतावादको प्रवेश भएको हो । त्यसैले यस धाराका प्रवर्तक लक्ष्मीप्रसाद देवकोटा हुन् र त्यसै वेलादेखि स्वच्छन्दतावादी कविता सृजनामा लागेका सिद्धिचरण श्रेष्ठ यस धाराका सह प्रवर्तक मानिन्छन् ।

स्वच्छन्दतावाद अंग्रेजी भाषाको रोमान्टिसिज्मको समानार्थी रूपामा नेपालीमा प्रयुक्त शब्द हो । अठारौँ शताब्दीको अन्त्यमा अंग्रेजी साहित्यमा स्थापित यस वादले शास्त्रीय वाद वा परिष्कारवाद विपरीतका मान्यतालाई आत्मसात गरेको छ । परम्परागत काव्यमान्यताका परिधिमा सङ्कुचित हुन नरुचाउने यस वादले वैयक्तिकता, प्रकृतिप्रेम, मानवतावाद, अवचेतनको सहज अभिव्यक्ति जस्ता कुरामा जोड दिन्छ । दूर अतीत एवं प्राचीनतातर्फको आकर्षण, पारम्परिक अन्ध रुढिप्रति विकर्षण, वर्तमान प्रति असन्तुष्टि, भविष्यप्रतिको आशावादिता, आध्यात्मिक रहस्यतर्फको उन्मुखता, भौतिकता र कृत्रिमताप्रतिको विमुखता, विवेकका सट्टाआवेग र बन्धनका सट्टा स्वतन्त्रता एवं स्वस्फुर्तता स्वच्छन्दतावादका लक्षण हुन् । नेपाली कवितामा यो वाद अंग्रेजी र हिन्दी कविताका माध्यमबाट प्रवेश गरेको हो ।

१९९१ को शारदामा लक्ष्मीप्रसाद देवकोटाको **गरीव** कविता प्रकाशन भएपछि स्वच्छन्दतावादको प्रवर्तन भएको हो । यसपछि देवकोटाकै **मुनामदन**जस्तो अमर खण्डकाव्यकृति र २००२ मा आधुनिक नेपाली साहित्यकै पहिलो सर्वोत्कृष्ट '**शाकुन्तल**'महाकाव्य प्रकाशित हुन्छन् । उनले काव्यमा समानता, स्वतन्त्रता, भ्रातृत्व, मानवता, प्रकृतिप्रेम, देशभक्ति, जातीयप्रेम, प्राचीन सभ्यताप्रतिको मोहजस्ता भाव संवेदनालाई आफ्ना कवितामा व्यक्त गरेका छन् । पूर्वीय काव्यमान्यताका तटबन्धभित्र पाश्चात्य भावधाराको प्रवाह गरेर नेपाली कविता सरितालाई विश्वसाहित्यसिन्धुकै सतहसम्म पुऱ्याउने काम पनि देवकोटाले गरेका छन् ।

देवकोटाकै नेतृत्वमा २००४साल पछि स्वच्छन्दतावादले नयाँ मोड लिएको छ । उनी २००४ सालमा वनासर प्रवास गई **युगवाणी** पत्रिकाको सम्पादन गर्न थालेपछि त्यसमा प्रकाशित र अन्य रचनामा समेत उनको विद्रोह र क्रान्तिचेत मुखरित हुन थाल्यो ।यसपछि देवकोटा स्वयं र अन्य कविका रचनामा पनि स्वच्छन्दतावादका अतिरिक्त प्रगतिवादी स्वर पनि स्पष्टरूपमा मुखरित भएको छ । **प्रगति** (२०१०), **इन्द्रेणी** (२०१२) र **धरती** जस्ता पत्रिकाले स्वच्छन्दतावादी प्रगतिवादी धारालाई अगाडि बढाउन मद्धत पुऱ्याएका छन् । तसर्थ यसपछिको नेपाली कविताको नेतृत्व स्वच्छन्दतावादी प्रगतिवादी धाराले गरेको

देखिन्छ । यस धाराका प्रवर्तक देवकोटा हुन् भने सहप्रवर्तकका रूपमा सिद्धिचरण श्रेष्ठ रहेका छन् । यही प्रवृत्ति अँगाल्ने अन्य कविहरूमा युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल,माधव घिमिरे , केदारमान व्यथित पर्दछन् ।

### ३.३.३.प्रयोगवादी धारा (२०१६-२०२९)

आधुनिक नेपाली कवितामा देवकाटाको अवसान पछि देखापरेको प्रयोगवादी धारा हो । यो कुनै निश्चित सिद्धान्तभन्दा पनि परम्पराभिन्न नवप्रवृत्तिलाई आँगालेर कवितारचना गर्ने परिपाटी हो । प्रथम विश्वयुद्धपछि पश्चिमका केही कविहरूले तात्कालीन जनमानसमा देखिएका निराशा,कुण्ठा,अकर्मण्यता,जीवनको निःसारता,निरर्थकता र मूल्यहीनता जस्ता कुरालाई काव्यमा व्यक्त गर्ने काम गरेका थिए । टी.एस्.इलियट,एज्रापाउन्ड,बाल्ट ह्विटम्यान,मलार्मे जस्ता कविका रचना यसखाले जीवनबोधबाट प्रेरित र प्रभावित छन् । परिष्कारवाद,स्वच्छन्दतावाद,प्रतीकवादजस्ता परम्परागत काव्यमान्यताका विपरीत विषयको चयन र शिल्पविधानमा नवीनता खोज्ने यी कविहरूमा अतियथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, बिम्बवाद, घनत्ववाद, दादावाद, प्रकृतवादजस्ता नयाँ नयाँ वाद र सिद्धान्तको समष्टि प्रभाव पाइन्छ । यसै प्रवृत्तिलाई प्रयोगवाद भनिएको हो । यस्तै खाले काव्यप्रवृत्ति अँगाल्ने नेपाली कवितालाई प्रयोगवादी नेपाली कविता भनिएको छ ।

नेपाली कवितामा प्रयोगवादलाई आमन्त्रण गर्ने कवि मोहन कोइराला हुन् । वि.सं २०१७ सालको **रुपरेखा** पत्रिकामा उनको **'घाइते युग'**प्रकाशन भएपछि यस धाराले स्पष्ट गति लिन थालेको मानिन्छ । यस धाराका केन्द्रीय प्रतिभा मोहन कोइराला हुन् । उनले फुटकर कवितादेखि 'सूर्यदान'(२०२२),'लेक'(२०२३),'पलङ नं २१'(२०२९),'नून शिखरहरू'(२०३१) 'नदीकिनाराका माझीहरू'(२०३८) र 'नीलो मह' (२०१४) जस्ता लामा काव्यसम्म दिएर यस धारालाई समृद्ध तुल्याएका छन् ।

यही धारालाई अँगालेर कविता रचना गर्ने अन्य कविहरूमा मोहन हिमांशु थापा,द्वारिका श्रेष्ठ,कृष्णभक्त श्रेष्ठ,कुमार नेपाल आदि उल्लेख्य छन् । जगदीश शमशेर राणा,मदन रेग्मी,वानिरा गिरी,तुलसी दिवस आदि कविहरू पनि प्रयोगवादी कित्ताकै प्रसिद्ध कविहरू हुन् ।

दार्जिलिङमा २०२० सालमा थालिएको आयामेली आन्दोलन र यसका कविद्वय ईश्वर वल्लभ र वैरागी काँइलाका कविता पनि प्रयोगवादी वृत्तभित्रै पर्दछन् । एकोहोरो भावुकताले साहित्य चेप्टो हुन्छ । बौद्धिकता, चिन्तन, यथार्थता, आदर्श, वस्तुता र अमूर्तताले यसको गहिराइ ग्रहण गर्दछ । त्यसैले जीवनको समग्रतालाई प्रस्तुत गर्न लम्बाइ, चौडाइ र गहिराइ मिलेको साहित्य हुनुपर्छ । त्यस्तो साहित्य नै उत्तम साहित्य हो भन्ने आयामेली आन्दोलनको मान्यता हो । यस आन्दोलनकाईश्वर वल्लभका कविता ज्यादै दुरुह छन् भने बैरागी काँइलाका कविता केही सम्प्रेषणीय छन् । यस धाराका मुख्य विशेषता भन्नु नै दुरुहता र क्लिष्टता हो । छोटो आयामदेखि महाकाव्यकै आयामसम्मको विस्तार पाइने यस धाराका कविता सबै गद्य लयमा लेखिएका छन् ।

## ३.३.४.**समसामयिक धारा** (२०३०-**वर्तमानसम्म**)

प्रयोगवादी दुरुहताबाट असन्तुष्ट कवि लेखकहरूले समसामयिक र सम्प्रेषणीय कवितालेखेर प्रयोगवादीहरूले टुटाएको कवि र पाठक बिचको सम्बन्धलाई पुनस्थापना गर्ने प्रयास गरे । २०३६ सालसम्म समसामयिक धारा र प्रयोगवादी धारा करिव करिव समानान्तर रुपमै अघि बढे भने २०३६ को **सडक कविता क्रान्ति**ले समसामयिक धारालाई अझ सशक्त बनायो ।

समयामयिक भनेको त्यसबेलाको वा त्यही समयको भन्ने हो । साहित्यमा यसले तत्कालीन समाजका विषयवस्तुलाई ग्रहण गरी यथार्थ रूपमा अभिव्यक्त गर्ने प्रवृत्ति,त्यसकिसिमको कृति वा कृतिकार भन्ने प्रयोजनपरक अर्थ प्रदान गरेको छ । यद्यपि हरेक कवि लेखकका रचनामा आफू बाँचेको समय परिवेशको प्रभाव धेर थोर रूपमा परेकै हुन्छ ता पनि कविताको विषय समसामयिक नभई ऐतिहासिक, काल्पनिक वा अन्य कुनै किसिमको भयो भने त्यसलाई समसामयिक भन्न मिल्दैन ।समसामयिकताको मूल अभिलक्षण भनेको विषयको तत्कालीनता हो भने नेपाली कविताका सन्दर्भमा प्रयोगवादी दुरुहताका व्यतिरेकमा शैलीगत सरलता, सहजता र सम्प्रेषणीयता पनि यसैसँग जोडिएर आउने अरु अभिलक्षण हुन् । यस धाराका कविहरूले भावुकता र कल्पनाको अतिशय उडानलाई त्यागेर तात्कालीन सामाजिक,आर्थिक,राजनैतिक,धार्मिक साँस्कृतिक आदि विविध क्षेत्रका विकृति र विङ्गतिलाई कविताको मूल विषय बनाएका छन् । समसामयिक यथार्थको चित्रण,तिनीहरूप्रति व्याङ्ग्य र विद्रोह एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका विविध सन्दर्भ, मानवीय मूल्यको

विचलन जस्ता कुरा समसामयिक कविताका विषयगत परिधि हुन् । देशभित्र भएका अन्याय, अत्याचार, शोषण, उत्पीडन, जातीय विभेद, भ्रष्टाचार, आर्थिक अनियमितता, मूल्यवृद्धि, प्राकृतिक सम्पदाको अतिक्रमण तथा विनाश,वेला वेलामा हुने आन्दोलन,परिवर्तन रपरिर्वन पछिको मूल्यहीनता जस्ता कुरालाई पनि यस धाराका कविताले विषयवस्तुका रूपमा ग्रहण गरेका छन् ।अझ पछिल्लो समयमा त देशको वेरोजगारी समस्या र रोजगारीका लागि विदेशिनुपर्ने स्थिति,विदेशमा पाएका दुःखको अभिव्यक्ति यस धाराका कवितामा पाइन्छ । हरिभक्त कटुवाल यस धारालाई प्रवर्तन गर्ने व्यक्ति हुन् भने क्षेत्रप्रताप अधिकारी, दिनेश अधिकारी, अशेष मल्ल, शैलेन्द्र साकार आदि अघि बढाउने व्यक्ति हुन् ।

समसामयिक धारालाई अघि बढाउनमा यस अवधिमा देखिएका विभिन्न अनन्दोलनको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । खासगरी निर्दलीय पञ्चायती व्ययस्थामा अभिव्यक्ति स्वतन्त्रता नभएको र जनताका आधारभूत मौलिक अधिकार समेत हनन भएको सन्दर्भमा कवितालाई राजनैतिक लक्ष्यप्राप्तिको माध्यमका रूपमा पनि प्रयोग गरिएको छ । २०३१ सालमा मोहन घिमिरे, ध्रुव सापकोटा,भाउपन्थी,शैलेन्द्र साकार आदि कविहरूको अगुवाइमा जन्मेको ‘यङ् राइटर्स फ्रन्ट’ले पञ्चायती व्यवस्थाको विरोध गर्नुका साथै युवा साहित्यकारको अस्तित्वका बारेमा आवाज बुलन्द गरेको थियो । यसैगरी २०३६ साल जेठ २७ गतेदेखि काठमाडौबाट थालिएको ‘सडक कविता आन्दोलन’ले तत्कालीन निरङ्कुश व्यवस्थाको विरोध र अभिव्यक्ति स्वतन्त्रताका पक्षमा सचेत जनतालाई सङ्गठित पार्ने काम गऱ्यो । यस आन्दोलनले कवितालाई सडकसम्म पुऱ्याएपछि प्रयोगवादी दुरुहता र क्लिष्टता समाप्त भयो भने सहजता र सम्प्रेशणीयता मुख्य प्राप्ति बन्न पुग्यो । त्यसैले यसै अवधिदेखि समसामयिक धाराको सुरुवात भएको भन्ने पनि कतिपय विद्वान्हरूको मत रहेको छ । २०४० सालमा फणिन्द्र नेपाल, विनय रावल र तीर्थ श्रेष्ठले घोषणापत्र सहित थालेका ‘तरलवाद’ले साहित्यलाई गतिशील, तरल, द्रवणशील एवं पारदर्शी हुनुपर्दछ भन्ने मान्यता अगाडि सारेको छ । २०४६ सालको **जनआन्दोलन कविता**ले पनि कवितालाई क्रान्तिको सशक्त माध्यमका रूपमा प्रयोग गर्दै समसामयिकता र सम्प्रेषणीयतालाई अझ माथि उचालेको छ । यी वाहेक असममा भएको **कोलाज आन्दोलनले** नेपाल बाहिर बस्ने नेपालीहरूमाथि भएको अन्याय र अत्याचारका विरुद्धको आवाजलाई सशक्त पारेको छ । यसैगरी ‘लोकतान्त्रिक कविता आन्दोलन’ले कवितालाई जनतामा क्रान्तिचेत ब्युझाउने र निरङ्कुशतालाई ढाल्ने बलियो हतियारका रूपमा अघि सारेको छ । यी सबै आन्दोलनले

कवितालाई बौद्धिक वर्गको सीमित घेराबाट सडकका जनतासम्म ओराल्ने काम गरेका छन् र समकालीन सामाजिक यथार्थता एवं जनभावनाको अभिव्यक्ति दिने सशक्त माध्यमका रूपमा स्थापित गरेका छन् ।

वर्तमान कविताको केन्द्रीय धारा समसामयिक हो । परिष्कार, स्वच्छन्द, प्रगति, प्रयोगवादी धाराका कविताको रचना पनि निरन्तररूपमा भइरहेको छ ।  अझ कविताका मुक्तक र फुटकर रूपसम्म समसामयिकताको व्यपकता रहे पनि प्रबन्ध स्तरका खण्डकाव्य र महाकाव्यका तहमा समसामयिक प्रवृत्ति भन्दा स्वच्छन्दतावादी प्रगतिवादी प्रवृत्ति नै अगाडि रहेको छ । हालमा प्रबन्धकाव्यका रचनामा  शिथिलता आएको र फुटकर कविताको रचना एवं कवितासङ्ग्रहको प्रकाशनमा तीव्रता आएको हुनाले फुटकर कविताकै प्राधान्यका आधारमा यस युगलाई समसामयिक युग भनिएको हो ।

# ४.पाँच-पाँचवटा नेपालीकविताको विवेचना

सिर्जनात्मक लेखनका क्रममा आफूभन्दा पूर्ववर्ती कविका रचनाहरूको अध्ययन र विवेचना आवश्यक हुन्छ । यसै कुरालाई आत्मसात गरी सिर्जनात्मक पत्रको प्रस्तुतिमा विभिन्न कविहरूका  कविताको विवेचना गर्ने परम्परा त्रिवि नेपाली केन्द्रीय विभागमा रहेको छ । यसै परम्पराको अनुशरण गर्दै मैले पनि आधुनिक नेपाली कविताका चारजना मूर्धन्य प्रतिभाहरूका पाँच पाँचवटा रचनाको विवेचना गरेको छु ।

## ४.१.कविशिरोमणि लेखनाथ पौड्याल र उनका कविताको विवेचना

कविशिरोमणि लेखनाथ पौड्याल आधुनिक नेपाली कविताका विशेष नक्षत्र हुन् । उनको जन्म वि.सं. १९४१ पौस शुक्ल एकादशीका दिन काँस्की जिल्लाको अर्घौ अर्चलेमा र मृत्यु २०२२फागुन ७ गते तनहूको देवघाटमा भएको हो । वि.सं.१९६२ सालमा प्रकाशित ‘कविताकल्पद्रुम’मा ‘शृङ्गारपच्चीसी’र ‘मानसाकर्षिणी’कविता प्रकाशित गरेर कवितायात्राको प्रारम्भ गरेका कवि पौड्यालका ‘ऋतुविचार’ (१९७३ र १९९१), ‘बुद्धिविनोद’ (१९७३), ‘सत्यकलिसम्वाद’ (१९७६), ‘गीताञ्जलि’ (१९८६), ‘मेरो राम’ (२०११) खण्डकाव्य, ‘तरुणतपसी’ (२०१०) नव्यकाव्य आदि कृतिहरू प्रकाशित छन् । यहाँ उनका ‘हिमाल’,

'कालमहिमा', 'गौँथलकिो चिरिविरि', 'पिञ्जराको सुँगा', 'पाटीमा ढाक्रेको पसारो' कविताको विवेचना गरिएको छ ।

## ४.१.१.'पिँजडाको सुँगा' कविताको विवेचना

लेखनाथ पौडेल अनेकार्थक कविता लेख्ने प्रतिभा हुन् । कवितामा व्यङ्ग्यवाण प्रहार गर्न सफल कविको प्रस्तुत कविता पनि यस्तै विषयवस्तु अँगालेको उत्कृष्ट रचनाकृति हो । उक्त कविताले अभिधाका तहमा पिञ्जरामा थुनिएको स्वतन्त्र पन्छीको विलौना गान गरेको छ भने व्यञ्जनात्मक रूपमा राणाकालीन शासनरूपी पिँजडामा नेपाली जनता कुँजिनु परेको अवस्थितिको चित्र उतारेको । यसैगरी अर्को अर्थमा काठमाडौँरूपी पिञ्जरामा कवि थुनिन बाध्य बन्नु परेको र स्वतन्त्र हिड्न नपाएको स्वयं व्यक्तिगत पीडाभावलाई पनि अभिव्यक्त गर्न खोजिएको छ । आध्यात्मिक रूपमा प्रस्तुत कवितालाई विश्लेषण गर्ने हो भने यो संसाररूपी पिँञ्जडामा बस्ने चरी जीव हो जुन मुक्तिको कामना गरिरहेको छ भन्ने भाव भेट्न सकिन्छ । भावको अनेकतामा एकता दर्शाउँदै कवितालाई व्याङ्ग्यातत्मक बनाउन कवि सफल भएका छन् । मात्रिक छन्दमा संरचित प्रस्तुत कवितामा स्वयं पिँजडा नै प्रतीक बनेर आएको छ । स्वभावोक्ति, रूपक ,उपमा जस्ता अर्थालङ्कारको प्रयोगले कविता उत्कृष्ट बन्न पुगेको छ ।अन्त्यानुप्रास को पूर्ण पालन गरिएको छ । दैवलाई करूणाका पात्रका रूपमा उतारी(श्लोक १९) स्वभावोक्ति र मान्छेलाई दैवको आरोप गरिएकाले (श्लोक २०) रूपक अलङ्कार कवितामा परेका छन् ।

## ४.१.२. 'हिमाल' कविताको विवेचना

'हिमाल' कविता प्रकृतिलाई मानवीकरण गरी रचना गरिएको परिष्कारवादी रचनाकृति हो । हिमाललाई एक तपस्वी ऋषिका रूपमा वर्णन गरिएको छ । अटल हिमालको फेदीमा अवस्थित हाम्रो नेपाल आफ्नै प्राकृतिक छविछटाले भरिभराउ रहेको छ । पाखा पखेरी, डाँडा काँडा अनि वन जङ्गलमा खेल्ने मृगशावक आदि आदि अनन्त प्रकृतिका वरदानले भरिपूर्ण सबैको साझा अभिभावकका रूपमा हिमाल अटल रहेको कुरा कविले सुन्दर लयात्मक हरफ मार्फत् व्यक्त गरेका छन् । आँधी बेरी ,टन्टलापुर घामको कष्ट सहेर भए पनि नेपालीको शान र मान बढाउने हिमाल देशको रक्षक हो भन्दै कविले देशप्रेमका भावना पनि अभिव्यक्त गर्न खोजेका छन् । हिमाल अनन्त रत्नखानीहरूको भण्डार हो

जसले स्वच्छता नित्य प्रदान गरिरहेको हुन्छ, त्यो हिमाल धन्य छ भन्दै कविले देशप्रेम र प्रकृतिप्रेमको भावनालाई हिमालको तपश्वी तेजपुञ्जमा उभ्याएर चित्रण गरेका छन् ।हिमाललाई ऋषिको बिम्बका रूपमा उतारिएको छ । स्रग्धरा छन्दका अन्त्यानुप्रासयुक्त अभिव्यक्तिमा हिमाललाई सौभाग्यस्तम्भ जस्तो वर्णन गरिएको (श्लोक २)लेउत्प्रेक्षा र हिमाललाई मुक्तात्मा सिद्धयोगी, दिव्य स्तम्भमा आरोपित (श्लोक ३ र ४) गरिएकाले रूपक अलङ्कार प्रयुक्त देखिन्छन् ।

## ४.१.३.'गौँथलीको चिरिविरि' कविताको विवेचना

वि.सं १९९० को महाभूकम्पबाट क्षतविक्षत काठमाडौलाई पृष्ठभूमि बनाएर क्षणिक भौतिक सुख सम्पत्तिप्रति आशक्त भएको मानव समाजलाई व्यङ्ग्य गर्ने काम प्रस्तुत कवितामा गरिएको छ । मानिसले भौतिक सुखसुविधामा बढी लहसिनु हुँदैन,मानव जीवन सञ्चालनका लागि उच्चतम र असल आध्यात्मिक चिन्तनको मार्ग अँगाल्नुपर्छ भन्ने भावना कविले व्यक्त गर्न खोजेका छन् ।गौँथलीको दृष्टान्त दिएर यो क्षणिक संसारलाई चिनाउने प्रयत्न प्रस्तुत कवितामा गरिएको छ । विधाताको खेल सम्झेर माया मोहको बन्धनमा अलमलिनु हुँदैन भन्ने सन्देश पनि कविताले दिएको पाइन्छ । शिखरिणी छन्दमा संरचित प्रस्तुत कवितामा विभिन्न बिम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ । गौँथलीको गुँड क्षणिक जीवनको प्रतीकका रूपमा आएको छ भने गौँथलीको चारित्रिक विशेषता बिम्बात्मक रूपमा प्रकट भएको छ । अनुप्रास, रूपक, उपमा जस्ता अर्थालङ्कारले अलङ्कृत प्रस्तुत कविता संवादात्मक शैलीमा संरचित छ ।

## ४.१.४. 'कालमहिमा' कविताको विवेचना

'काल महिमा' लेखनाथ पौडेलको उत्कृष्ट कविता हो । मानवीय जीवनको एउटा यथार्थलाई उतारेर समय प्रति सचेत रहँदै यथार्थ बुझ्न प्रस्तुत कवितामा आग्रह गरिएको छ । समय बलवान् छ, जसलाई कसैले पनि रोक्न सक्दैन । आफ्नै गतिमा चलेको यो चक्ररूपी कालले कसलाई कतिखेर शिकार बनाउछ थाह हुँदैन । यो अनित्य संसारमा जन्मेपछि मृत्यु अवश्यम्भावी छ तर त्यो कहिले आउँछ केही पत्तो हुँदैन । काल वास्तवमा जीवन बोध गराउने चक्र पनि हो,यस्तै मर्मभेदी कालको महिमा गान प्रस्तुत कवितामार्फत गर्न खोजिएको छ ।

शार्दूलविक्रीडित छन्दमार्फत् कालका विशेषता बताउने प्रस्तुत कविता पूर्वीय अध्यात्मदर्शनबाट प्रेरित रहेको देखिन्छ । काललाई बिनाशकारी व्यक्तिको बिम्बका रूपमा उतार्दैयसलाई कसैले रोक्न सक्दैन अतः सबै सचेत रहन आग्रहपनि गरेको पाइन्छ । समय वलवान छ अतः सबै सचेत रहनु आवश्यक छ भन्ने कुरा नीति सन्देशात्मक रूपमा व्यक्त भएको छ । छन्दमा कतै कतै विचलन रहे पनि अनुप्रासको योजनाले कविता सशक्त बन्न पुगेको छ ।

## ४.१.५. 'पाटीमा ढाक्रेको पसारो' कविताको विवेचना

'पाटीमा ढाक्रेको पसारो' कविशिरोमणि लेखनाथ पौड्यालको **लालित्य भाग २** मा सङ्कलित पद्य कविता हो । स्रग्धरा छन्दका दुई पद्यमा रचित यस कवितामासांसारिक क्षणभङ्गुरता सम्बन्धी जीवन दर्शनलाई अभिव्यक्त गरिएकाले यो उनको आध्यात्मिक प्रवृत्तिको प्रतिनिधित्व गर्ने कविता हो ।

प्रस्तुत कवितामा कविले संसारलाई पाटी र यहाँको जीवनलाई ढाक्रेका रूपमा चित्रण गरेका छन् । यस संसारमा आएको मान्छे पनि सम्पत्तिको ढाकर हालेर जीवन पथमा यात्रा गरिरहेको छ । अनेक जन्म र जीवनको यात्रा गर्दै यहाँसम्म आएको र ढाक्रेले पाटी छाडेर गएजस्तै मान्छेले इहलीला त्यागेर गएको आध्यात्मिक जीवन दर्शनलाई पाटी र ढाक्रेको प्रसङ्गमार्फत् उजिल्याउन खोजिएको छ । पाटी जीवनको प्रतीक हो । ढाक्रे यो संसारी मान्छेको प्रतीक र पसारो दुःख रूपी भवसागरको प्रतीकका हो । अनुप्रासका साथै स्वभावोक्ति अलङ्कारको प्रयोगले कविता गम्य र रम्य बन्न पुगेको छ । मूलतः आध्यात्मिक चेतना भर्ने भावभूमि नै कविताको केन्द्रीय कथ्य बनेर आएको देखिन्छ ।

लेखनाथ पौड्यालका उपर्युक्त 'हिमाल','कालमहिमा','गौँथलकिो चिरिविरि', 'पिञ्जराको सुँगा', र 'पाटीमा ढाक्रेको पसारो' कवितामध्ये भाव,बिम्ब र प्रतीकका दृष्टिले'पिञ्जराको सुँगा' सबल छ । लयात्मकताका दृष्टिले 'हिमाल'र'पाटीमा ढाक्रेको पसारो' कविता सशक्त देखिन्छन् । अध्यात्मिक विषयवस्तुको भाव अभिव्यक्त गरेका ,'कालमहिमा' र 'पिञ्जराको सुँगा' दृष्टान्त अलङ्कारले विशेष अलङ्कृत देखिन्छन् ।

## ४.२. महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनका कविताको विवेचना

महाकविलक्ष्मीप्रसाद देवकोटानेपाली साहित्यका एक प्रतिभासम्पन्न कविवैभव हुन् । उनको जन्म वि.सं. १९६६ कार्तिक २७ गते काठमाडौँको धोविधारामा भएको थियो । बी.ए.,बी.एल् सम्मको औपचारिक अध्ययन गरेका देवकोटाले लेखक, प्राध्यापक, सम्पादक, शिक्षा तथा स्वायत्त मन्त्री जस्ता पदमा रहेर नेपाल र नेपाली भाषाको सेवा गरे ।१९९१ सालको शारदा पत्रिकामा 'पूर्णिमाको जलधि'कविता प्रकाशन गरेर आफ्नो कवितायात्रारम्भ गरेका देवकोटाले 'पुतली' (२००९), 'भिखारी' (२०१०), आदि दर्जन जति कविता सङ्ग्रह, 'मुनामदन'(१९९२, 'कुञ्जिनी' (२००२) आदि खण्डकाव्य, 'शाकुन्तल' (२००२), 'सुलोचना' (२००३) आदि छ महाकाव्य, निबन्ध एवं उपन्याससम्मका साहित्यिक कृतिहरू नेपाली साहित्यमा अर्पण गरेका छन् । यहाँ उनका 'गरीव', 'यात्री', 'प्रश्नोत्तर', 'किसान', र 'सन्ध्या' कविताको समीक्षा गरिन्छ ।

### ४.२.१. 'गरीव' कविताको विवेचना

एउटा आफ्नै जीवन दर्शन बोकेको प्रस्तुत कविता प्रकृतिको पक्षधर बनेर उभिएको छ । आर्थिक रूपमा विपन्न भएकालाई समाजले गरीवको पगरी लगाए पनि मानसिक रूपमा गरीव हुन सक्दैन भन्ने अभिव्यक्तिलाई विभिन्न दृष्टान्त सहित प्रस्तुत कवितामा प्रष्ट्याउन खोजिएको छ ।

संसारले गरीव भनेर हेय दृष्टिले हेरे पनि कविका विचारमा ऊजस्तो सुखको धनी संसारमा कोही छैन । उसमा विलासको लालसा छैन,त्यसैले उसको परिश्रम मिठो र रसिलो छ । उसको आवासमा शान्तिको सुन्दर दीप बलेको छ,प्रत्येक गाँसगाँसमा अमृतको स्वाद भरिएको छ । भोक र प्यासले गर्दा उसलाई सबैथोक मीठो र रसिलो लाग्छ ।उसका आवश्यकता थोरै छन् । गरीव सानो घरमा सीमित छैन उसलाई त संसार नै घरवार छ । नीलो आकाशको छानो भएको उसको घरमा रत्नजडित तारा छन् , सूर्य र चन्द्रमाका जाज्वल्यमान दीपहरू बलिरहेका छन् । गरीव प्रकृतिको भव्य रङ्गमञ्चमा नाटक हेर्दछ । संसारको घच्चाघमासान भन्दा पर अलग्ग प्रकृतिको काखमा झर्नाको झर्झर,ताराहरूको झलमल र शशीको उज्यालो हाँसोमा उसको जीवन सानन्द बनेको छ । गरीव भएपनि ऊ मनको विमान लिएर चन्द्र, तारा र पृथ्वीभरि घुम्छ र अन्तमा आफ्नै आँगनमा अवतरण

गर्छ । उसलाई सधैं साथ दिने ईश्वर भएकाले कुनै डर छैन र यस्तो रसिलो संसारमा राखिदिने ईश्वर प्रति ऊ सधैं कृतज्ञ छ ।

यसरी स्वच्छन्दतावादी भावधारामा बग्दै प्रकृति  प्रति सम्मोहित प्रस्तुत कविता देवकोटाको एक उत्कृष्ट प्रस्तुति हो । कविले भौतिक दुनिया भन्दा पर पुगेर आन्तरिक यथार्थको खोजी गरेका छन् । प्रकृतिका सामीप्यमा रहेर स्वस्थ मनले समस्त सुखको भोग गर्दै जीवनलाई सुखी र सन्तुष्ट बनाउनु नै मानव जीवनको सार्थकता हो भन्ने भाव यस कवितामा व्यक्त भएको छ । वंशस्थ छन्दमा अनुप्रासयुक्त पद पदावलीको प्रयोग गरी निर्मित प्रस्तुत कविता स्वच्छन्दतावादी भावधाराको एक उत्कृष्ट नमुना हो ।

## ४.२.२.'यात्री' कविताको विवेचना

मानवतावादी जीवनदर्शनलाईअँगालेर रचना गरिएको यात्री कविताममा मानव नै ईश्वर हो भन्ने भाव अभिव्यक्त भएको छ । मनभरि कलुषित भावना राखेर मन्दिर धाउने व्यक्तिहरू प्रति व्यङ्ग्यवाण प्रहार गर्दै ईश्वरलाई मानवीकरण गर्न खोजिएको छ ।मन्दिर शुद्ध र पवित्रताको प्रतीक हो न कि पाप पखाल्ने क्षेत्र । सच्चा ईश्वर मानवीय दिलमा निवास गर्ने भएकाले मानव कल्याण नै ईश्वर प्राप्तिको परम उपाय हो । शुद्ध मनमै ईश्वरको वास हुने भएकाले मानवको पवित्र मन नै सच्चा ईश्वर हो ,त्यसैलाई खुशी पार्नु ईश्वर पाउनु हो भन्दै कविले आफूभित्रको ईश्वरलई चिन्न आग्रह गरेका छन् ।मानव कल्याण छोडी कुन मन्दिरमा जान्छौ भन्ने प्रश्न गर्दै मानवीय ईश्वरको वकालत गर्ने कार्य प्रस्तुत कवितामा भएको छ । अनप्रासयुक्त गेयात्मक लयमा लालित्ययुक्त शैलीको  प्रयोगले प्रस्तुत कविता सुन्दर बन्न पुगको छ । मान्छे नै ईश्वर हो भन्ने भाव व्यक्त भएको प्रस्तुत कवितामा रूपक अलङ्कारको प्रयोग भएको छ ।

## ४.२.३.'प्रश्नोत्तर' कविताको विवेचना

प्रश्नोत्तरात्मक कथन शैलीमा रचित देवकोटाको 'प्रश्नोत्तर' कविता मानव जीवन र जगत्का प्रश्न र उत्तरमा आधारित छ । एक हरफमा प्रश्न र अर्कोमा उत्तर दिँदै यो चराचर जगत्को रहस्योद्घाटन गर्ने कार्य प्रस्तुत कविता मार्फत् गरिएको छ । अमृत भनेको सच्चा कमाई हो ,आफू मिटाई अरुलाई दिँदामा नै भलाइँ हुन्छ ,वृक्ष तलमा शान्ति प्राप्त गर्न

सकिन्छ ,शुद्ध मनमा नै ईश्वरको वास हुन्छ । यसैगरी मानव जीवनलाई सही मार्गतर्फ लम्काउन नैतिक  र चरित्रवान् हुनु पर्ने, जीवनको रहस्य  बुझ्न गुरुको शरण लिनु पर्ने र जीवनको एकमात्र लक्ष चन्द्रमा छुने हुनुपर्छ भन्ने कुरा अभिधात्मक अथर्मा व्यक्त पाइन्छ । नैतिक चेतनाका भावाभिव्यक्त गर्ने प्रस्तुत कविता अनुप्रासको सुन्दर प्रयोगले लयात्मक बन्न पुगेकोछ ।

## ४.२.४'.किसान' कविताको विवेचना

देवकोटा मानवतावादी कवि हुन् । ग्रामीण जीवन र जगत्का यावत् पक्षलाई कवितामा उतर्ने भएकाले यिनलाई स्वच्छन्दतावादी कविका रूपमा पनि चिनिन्छ । ग्राम्य जीवनमा हुने एउटा किसानको दिनचर्यालाई प्रस्तुत गरेर उसको आनन्दित जीवन शैलीलाई वर्णनको विषयवस्तु वनाइएको छ । झुप्रामाथि आरु फुलेको प्रसङ्ग कोट्याउँदै ग्राम्य जीवनको बिम्बलाई सटिक रूपमा उतारेको पाइन्छ । झुप्रोमा सौन्दर्य देख्ने कविमनले किसानी शुद्ध हृदयको वकालत पनि गरेको पाइन्छ । सानै भएपनिऊ झोपडीको राजा नै हो भन्ने रूपक अलङ्कारयुक्त अभिव्यक्ति प्रस्तुत कवितामा व्यक्त पाइन्छ । उपमा,उत्प्रेक्षा जस्ता अर्थालङ्कारको प्रयोगले कविता उत्कृष्ट बन्न पुगेको छ ।

## ४.२.५.'सन्ध्या' कविताको विवेचना

'भिखारी' कविता सङ्ग्रहमा सङ्ग्रहित 'सन्ध्या' कविता देवकोटाको अर्को उत्कृष्ट रचनाकृति हो । मानव जीवनरूपी सन्ध्यालाई आम जनजीवनसँग तुलना गर्दै एउटा जीवनबोध गराउने सुन्दर नारीका रूपमा वर्णन गरिएको छ । सन्ध्याकालीन समय सबैलाई भिन्न भिन्न भावले अर्थिने कुरा पनि प्रस्तुत कवितामा व्यक्त भएको पाइन्छ ।प्रेमीलाई प्रेम मौलाउने, कविलाई हृदय पगाल्ने कुराको चर्चा गर्नुका साथै शान्त र सुन्दर सन्ध्याकालीन परिवेशको चित्रण पनि प्रस्तुत कवितामा गरिएको छ ।सन्ध्या जीवन दर्शन हो । यसको रहस्य बुझ्नु आवश्यक रहेको कुरा पनि व्यक्त भएको पाइन्छ । सुन्दर पदलालित्ययुक्त आनुप्रासिक छटाले भरिपूर्ण कवितामा सन्ध्याकालीन मानवीय जीवनलाई केलाउने यत्न गरिएको देखिन्छ ।

देवकोटाका ‘गरीव’, ‘यात्री’, ‘प्रश्नोत्तर’, ‘किसान’, र ‘सन्ध्या’ कवितामध्ये गरीव कविता भावका दृष्टिले सवल देखिन्छ भने बिम्ब र प्रतीकका दृष्टिले यात्री,किसान र सन्ध्या कविता उत्कृष्ट छन् । लय संरचनाका दृष्टिले गरीव कविता उत्कृष्ट रहेको छ । प्रश्नोत्तर नैतिक दृष्टान्तको रूपमा प्रश्नोत्तरात्मक शैलीमा प्रस्तुत भएको छ । अनुप्रासको विचलन केही कवितामा पाइन्छ ।

## ४.३.युगकवि सिद्धिचरण श्रेष्ठ र उनका कविताको विवेचना

सगरमाथाको छत्र छायाँ,मनोरम प्राकृतिक छटाले भरिपूर्ण  ओखलढुङ्गामा जन्मिएका युगकवि सिद्धिचरण श्रेष्ठ(वि. सं १९६९-२०४९)नेपाली काव्यजगत्का एक उत्कृष्ट प्रतिभा हुन् । स्वाध्ययनबाट नै आफ्नो ज्ञानचक्षुलाई तेजिलो बनाएका श्रेष्ठले नेपाली भाषा साहित्यसँग सम्बन्धित थुप्रै संघ संस्थामा संलग्न रहेर  लामो अवधिसम्म सेवा गरे । उनका ‘मेरो प्रतिबिम्ब’(२०२१),‘कोपिला’ (२०२१), ‘कुहिरो र घाम’(२०४५),‘सिद्धिचरणका कविता’ (२०४५)कवितासङ्ग्रहहरू प्रकाशित छन् । ‘उर्वशी’(२०१७)‘ज्यानमारा शैल’(२०२३) ‘आँस’ (२०५०) प्रसिद्ध खण्डकाव्यहरू हुन् । आधुनिक नेपाली कविताको दोस्रो चरणका स्वच्छन्दतावादी प्रगतिवादी धारका कवि श्रेष्ठका कवितामा पाइने मुख्य विषय प्रकृति प्रेम र देश प्रेम हो ।यहाँ उनका ‘वसन्त’, ‘परिचय’, ‘वखलढुङ्गा’, ‘कवि देवकोटालाई’, र ‘मेरो प्रतिबिम्ब’ कविताको विवेचना गरिन्छ ।

### ४.३.१. ‘वसन्त’  कविताको विवेचना

वि.सं. १९९२ सालमा रचित ‘वसन्त’ कविता प्रकृतिप्रेमको एक उत्कृष्ट नमूना सृजना हो । स्वच्छन्दतावादी भावधारामा वग्दै प्रकृतिको गुणगान गाउनु प्रस्तुत कविताको मुख्य ध्येय रहेको देखिन्छ । ऋतुराज वसन्तमा देखिने मनोरम प्रकृतिक परिदृश्यले कविको मन आह्लादित वनेको छ । नयाँ पल्लवित र पुष्पित पालुवाले कविको मन पगालेको छ र सृजनात्मक काव्याभिव्यक्ति प्रकट गर्न बाध्य बनाएको छ । ऋतुकालीन सुन्दर  वसन्त ऋतुको छविछटा प्रस्तुत गर्नु नै उक्त कविताको मूल उद्देश्य रहेको देखिन्छ ।

श्रेष्ठ प्रकृतिप्रेमी एवं सौन्दर्यका उपासक कवि हुन् । उनले यस कवितामा आफ्नो सौन्दर्यचेतनालाई अभूतपूर्व रुपमा उजिल्याउने काम गरेका छन् । वसन्त ऋतुले

प्रकृतिमाल्याएको सौन्दर्यको वर्णन कवितामा गरिएको छ र यो प्राकृतिक सौन्दर्य मानव हितका लागि सिर्जिएको हो भन्ने भाव  पनि व्यक्त भएको छ । मानव जीवन ऐकान्तिकता,निराश र शुष्कतामा अड्न सक्दैन । विविधताले जीवनमा उल्लास ल्याउछ र मान्छेमा जिजीविषा भरिदिन्छ । प्रकृतिमा आएको यो सौन्दर्य यसै मानवजीवनको पूर्णताका निम्ति हो । यस्ता सौन्दर्यको समुपभोग गर्दै  मानिसले जीवनमा रमेर बाँच्न सिक्नु पर्दछ भन्ने सौन्दर्यचेतको अभिव्यक्तिका साथै जीवनवादी दृष्टिकोण समेत यस कवितामा पस्कन खोजिएको छ ।

वंशस्थ छन्दमा रचित प्रस्तुत कवितामा प्रकृतिलाई मानवीकरण गर्न खोजिएको छ । समासोक्तिअलङ्कारका छटा सँगै वर्णानुप्रास र अन्त्यानुप्रासले कविता अझ सशक्त बन्न पुगेको छ । कोमल पदलालित्ययुक्त भाषा शैलीको प्रयोगले कविता बोधगम्य र श्रुतिरम्य पनि बन्न पुगेको देखिन्छ । प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरी रचित वसन्त कविता एक उत्कृष्ट प्रकृतिपूजक .सृजना हो ।

## ४.३.२.'परिचय' कविताको विवेचना

नेपालीको वीरगाथा गान गर्ने भावभूमिमा संरचित प्रस्तुत कविता नेपाल र नेपालीको गौरवगानमा केन्द्रित छ । वीर रसयुक्त भावाभिव्यक्तिका माध्यमले नेपाली जोश र जाँगरको उच्च वकालत गर्ने  कार्य उक्त कवितामा भएको पाउन सकिन्छ । गोर्खालीको पहिचान लिएर संसारमा चिनिएका नेपालीको पर्याय नै साहस र वीरता हो भन्ने कुरा पनि सूक्ष्म रूपमा अभिव्यक्त भएको पाइन्छ । ओजगुणले युक्त शब्दावलीको प्रयोग गरिएको कविताले देशप्रेमको भावलाई नै मुख्य रूपमा अभिव्यक्त गर्न खोजेको छ ।

नेपाली कठिन पहरामा चढ्न सिपालु छन् ,दीनदयालु छन् भन्दै नेपाली संसारका रक्षक रहेको कुरा कवितामा व्यक्त छ ।देशको रक्षाका निम्ति नेपाली ज्यानको आहुति दिन पनि पछि पर्दैनन् भन्ने उच्च ओजपूर्ण देशभक्तिको भाव प्रस्तुत कवितामा अभिव्यक्त भएको पाइन्छ ।मन्दाक्रान्ता छन्दामा रचित उक्त कवितमा,स्वभावोक्ति अलङ्कारको प्रयोग भएको छ ।

### ४.३.३.'वखलढुङ्गा' कविताको विवेचना

'वखलढुङ्गा' कविता बाल्यस्मृति र विछोडको युवाकालीन अभिव्यक्ति हो । यस कवितामा कविले आफू जन्मिएको र आफूले बाल्यकाल विताएको ठाँउ वखलढुङ्गाको मीठो संझना गरेका छन् ।यहाँ कविको प्रकृतिपरक आत्मोल्लास स्वस्फुर्त भावावेगका रूपमा प्रवाहित भएको छ । यस कवितामा कविले भावनाका डुङ्गामा चढेर संझनाका गङ्गामा सयर गर्दा सपनाका आकाशबाट त्यही बाल्यकालीन सुखद सहवासको सुशीतल जल वर्षेको अनुभव गरेका छन् । मरुस्थल काठमाडौंमा युवावस्था विताइरहेका कवि यस बाल्यकालीन संझनाका क्रममा वखलढुङ्गाको प्रकृतिले आफूलाई अझै खोजिरहेकी होलिन् भन्ने पनि तर्कना व्यक्त गर्दछन् ।

कवि (मःमानव)को वखलढुङ्गा (जन्मस्थली :प्रकृति)प्रतिको पवित्र स्मृति ,वियोग वेदना र आफ्नै अन्तर्मनमा अङ्कित प्रकृतिको अन्तःबिम्बको अवलोकन गरी चित्त बुझाउनुपर्ने आत्मसान्त्वनाका अनुभूति शृङ्खला यस कवितामा अभिव्यक्त भएका छन् । यसरी प्रकृतिसँग विछोडिएको सहरी मरुस्थलको जीवनयात्राको बोझ हलुका हुन सक्ने स्वच्छन्दतावादी भाव यस कविताले वहन गरेको छ । गेयात्मक मात्रा छन्दमा लेखिएको यस कवितामा देशप्रेमको भावना पनि झल्किएको पाइन्छ । रूपक,उत्प्रेक्षा जस्ता अलङ्कारको प्रयोगले कविता सुन्दर बन्न पुगेको छ ।

### ४.३.४.'कवि देवकोटालाई' कविताको विवेचना

प्रस्तुत कविता लक्ष्मीप्रसाद देवकोटाको पुत्रवियोगको पीडा मेटाउनका निम्ति रचना गरेको देखिन्छ । समयको भेलले देवकोटाको पुत्रलाई वगाएपछि एउटा साथीको मनमा उर्लिएको विरह र शान्त्वनाको भाव प्रस्तुत कवितामा अभिव्यञ्जित भएको छ । कवि देवकोटालाई पुत्रवियोगका पीडामा शान्त्वनाका स्वरहरू भर्दै अव शोकलाई शक्तिमा वदल्नु पर्छ र उक्त शक्ति सशक्त सृजनामार्फत हुनुपर्छ भन्ने भाव व्यक्त गर्दछन् । कवि देवकोटालाई यस्तो कविता लेख्न अभिप्रेरित गर्छन् जसले सारा पुत्रवियोगीहरूका पुत्र प्राप्त गर्न सकुन् । शान्त्वनाका भाव व्यक्त गर्दै नियतिको यस्तो कुचक्रमा परेका अरुको चित्तलाई पनि हेरेर आफ्नो मन बुझाउन सक्नुर्प भन्ने जीवनवादी भाव अभिव्यक्त गरिएको छ । शोकको सागरमा डुबेको समयलाई शान्त्वना भाव अभिव्यक्त गरिएको कविता कविको

स्वच्छन्द भावाभिव्यक्ति हो ।अन्तर्ध्वन्यात्मक रूपमा कविले शोकलाई शान्ति र शक्तिमा वदल्नुपर्छ भन्ने भाव अभिव्यक्त गरेका छन् । लयका दृष्टिले कमजोर प्रस्तुत कविता शान्त्वना भाव व्यक्त गर्न सफल भएको छ ।

### ३.३.५.'मेरो प्रतिबिम्ब' कविताको विवेचना

कविश्रेष्ठ स्वच्छन्दतावादी प्रगतिवादी कवि हुन् । उनको यो कविता पनि यस्तै स्वच्छन्दतावादी प्रगतिवादी चेतले भरिएको छ । यस कवितामा राणाकालीन नेपाली जनताहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ । कविले आफ्ना कर्तव्यहरूलाई विर्सेर दासत्वस्वीकार गर्ने र जनतालाई विद्रोहको स्वर उराल्न कविता मार्फत आग्रह गर्दछन् । रूप विनाको प्रकृति ,भाव विनाको भाषा र आत्मा विनाको मान्छेको कुनै अस्तित्व छैन तसर्थ मान्छेले आफ्नो आत्माले ठिक ठहऱ्याएको कुरा गर्नु पर्दछ । यस कवितामा मान्छेले आफ्नो अधिकारका निम्ति लड्नुपर्ने कुरा व्याङ्ग्यात्मक ढङ्गले प्रस्तुत भएको छ । कवि नेपालीको मानवीय अस्मिताको खोजीगर्न आग्रह गर्दछन् ।चेतनप्रवाह पद्धतिको अनुकरण गर्दै विचलनयुक्त भाषिक प्रयोग एवं बिम्ब र प्रतीकको योजनाले कवितालाई जटिल बनाएको छ ।

यसरी उनका 'वसन्त', 'परिचय', 'वखलढुङ्गा', 'कवि देवकोटालाई', र 'मेरो प्रतिबिम्ब' कवितामध्ये भावका दृष्लि 'वखलढुङ्गा' कविता उत्कृष्ट छ । लयका दृष्टिले 'वसन्त', 'परिचय', र 'वखलढुङ्गा' सवल छन् । अन्य कवितामा गद्यलयको प्रयोग भए पनि खासै गम्य र रम्य भएको पाइँदैन । ओजगुणयुक्त भाषाको प्रयोग परिचय कवितामा गरिएको छ । बिम्ब प्रतीक योजना र प्रकृति चित्रणका हिसाबले 'वसन्त' र ,'वखलढुङ्गा' कविता सशक्त छन् ।

## ४.४ राष्ट्रकवि माधव घिमिरेकाकविताको विवेचना

नेपाली छन्द साहित्यका एक सशक्त व्यक्तित्व राष्ट्रकवि माधव घिमिरेको जन्म वि.सं.१९७६ साल असोज ७ गते लमजुङको पुस्तुन गाँउमा भएको हो । सर्वदर्शनमा शास्त्री सम्मको अध्ययन गरेका कवि घिमिरेले शिक्षक,सम्पादक,लेखक,तथा नेराप्रपका सदस्य,उपकुलपति एवं कुलपति सम्म भएर लामो समयसम्म नेपाली भाषा साहित्यको सेवा

गरेका छन् ।वि.सं. १९९२ सालको गोरखापत्रमा 'ज्ञानपुष्प' शीर्षक कविता प्रकाशित गरेरउनले आफ्नो कवितायात्राको आरम्भ गरेका हुन् । हालसम्म उनका 'गौरी'(१९९२), 'राजेश्वरी' (२०१७), 'पापिनी आमा' (२०१७), 'राष्ट्रनिर्माता' (२०३०), 'धर्तीमाता' (२०३०) खण्डकाव्यका साथै 'चैतवैशाख' (२०६०) कवितासङ्ग्रह एवं गीति नाटक प्रकाशित छन् ।यहाँ उनका 'वैशाख','कालीगण्डकी','दुलही हिमाल कञ्चनजङ्घा','नवयुवक'र 'अन्नपूर्णा' कविताको विवेचना गरिन्छ ।

## ४.४.१. 'वैशाख' कविताको विवेचना

प्रकृति एवं नेपाली संस्कृतिलाई कविताको मूल विषयवस्तु बनाइएको 'वैशाख' कविता प्रकृतिप्रदान देशभक्तिपूर्ण भवाले भरिएको रचनाकृति हो । जव वसन्तकालीन चैतवैशाख महिनाहरू नेपाली आँगनीमा छाउँछन् तब एउटा वेग्लै मनोरम परिदृश्यको सृजना हुन पुग्दछ । गाँउघर वन पाखामा वेग्लै रौनक छाँउछ । वासन्ती पावनीले चराचर जगत्लाई नै आह्लादित पार्दछ । लेकमा पहेँलपुर गुहेली पाकेको देखी मौरी मधुर रसका निम्ति त्यही वरिपरि घुम्न थाल्छन् । वनमा गएका गोठालाहरू हर्षका गीत गाँउदै सुसेली हालेर रमाउछन् । वसन्तको ऋतुकालीन समय साच्चि नै भव्य हुन्छ । डाँडाकाँडामा छरिएको मनोरमदृश्यले कवि मन द्रविभूत बन्न पुग्छ । त्यो सुन्दर रूपाकृतिको रसास्वादन गर्न नसकिएको एवं आफ्नै गाँउबेँसी उकाली ओराली छाँगा र छहरामा पुग्न नसकेको प्रति कवि दुःख प्रकट गर्दछन् । नेपालीको दिल छुन नसकेकोमा कविलाई चिन्ता छ । चैतवैशाख नेपालीका हृदय हुन् , नेपालीका खुशीका पल हुन्, संस्कृति तथा सभ्यताका धरोहर हुन् भन्दै कवि प्रस्तुत कविता मार्फत प्रकृतिमोह र देशप्रेमको भाव अभिव्यक्त गर्न पुग्दछन् । राष्ट्रप्रेम र प्रकृति प्रेम दुवैको सङ्गम 'वैशाख' कविता भएको छ ।

स्वच्छन्दतावदी भावधारामा प्रकृति र देशप्रेमको गान गाएको प्रस्तुत कविता छन्द साहित्यको एक उत्कृष्ट नमुना पनि हो । मन्दाकान्ता छन्दमा रतिच प्रस्तुत कवितामा अनुप्रास, उपमा ,रूपक जस्ता अलङ्कारको प्रयोले झन उचाइ थप्ने काम गरेका छन् ।सरल भाषा माध्यमबाट वर्णनात्मक शैलीको प्रयोग गरी रचना गरिएको 'वैशाख' कवितामा प्रकृतिको तन्मय र मन्मय चित्रण पाइन्छ ।

### ४.४.२.'कालीगण्डकी' कविताको विवेचना

प्राकृतिक विषयवस्तुमा जीवन दर्शन भरिएको .'कालीगण्डकी' कविता माधव घिमिरेको एक उत्कृष्ट पद्य रचना हो ।कालीगण्डकी मानवीकृत हुँदै गङ्गाको जीवन यात्रासँगै मानवीय जिन्दगीका सुख दुःख,कर्म मर्म र जीवन जगत्का वास्तविक क्रियाकलाप कवितामा आरोपित भएका पाइन्छन् । कालीका तीरमा रहेका सबै ढुङ्गा शालिग्राम हुँदैनन् तर तिनै ढुङ्गा कालीगण्डकीको कलाले स्पर्श गर्दा शालीग्राम बन्दछन् भन्दै कविले कालीगण्डकीको कला क्षमताको प्रशंसा गरेका छन् । सिर्जनाका कलापूर्ण हातले जस्तोसुकै विषयवस्तुलाई पनि सुन्दर ढङ्गले प्रस्तुत गर्न सकिन्छ र शालीग्रामकै उचाइमा काव्य सृजना गर्नु आजको आवश्यकता हो भन्ने मूलभाव कविताले व्यक्त गरेको छ ।

मन्दाक्रान्ता छन्दमा अन्त्यानुप्रासको सुन्दर योजनाले कविता लयात्मक बन्न पुगेका छ ।स्वच्छन्दतावाद र परिष्कारवादका बिचको शैलीशिल्पमा संरचित कविता गम्य र श्रुतिरम्य बन्न पुगेको छ ।

### ४.४.३. 'दुलही हिमाल कञ्चनजङ्घा' कविताको विवेचना

प्रकृतिलाई मानवीकरण गरी रचना गरिएको 'दुलही हिमाल कञ्चनजङ्घा' कविता माधव घिमिरेको स्वच्छन्दतावादी परिष्कारवादी प्रकृतिको उत्कृष्ट रचना हो । प्रस्तुत कवितामा नेपालको पूर्वी हिमाल कञ्चनजङ्घालाई दुलहीको बिम्बमा उतार्ने कार्य गरिएको छ । प्रकृति सदैव महान् रहन्छ र यो सबैको साझा सम्पत्ति हो ,सबैको हो तर कसैमा भाग लाग्दैन भन्दै प्रकृतिको मर्म र धर्मलाई छाम्दै कविले प्रकृतिलाई अमर वस्तुका रूपमा उभ्याएका छन् । मिलन विछोडको विरह व्यथा,प्राप्तिका निमित्त तपस्या,प्राप्तिपछिको सुखभोग पुनः विछोड तपश्वी रूप अनि पुनः पुनः प्राप्तिमा पुनः पुनः नव नव लाग्ने प्रकृति परक भाव पनि प्रस्तुत कवितामा पाउन सकिन्छ । शार्दूलविक्रीडित छन्दका संरचनामा रचित कवितामा शब्द र अर्थ दुवै अलङ्कारको उचित प्रयोग भएको पाउन सकिन्छ ।

### ४.४.४.'नवयुवक' कविताको विवेचना

माधव घिमिरेको कवितायात्राको पूर्वार्द्ध चरणमा रचित नवयुवक कविता युवाशक्तिको महिमागान गरेको रचना हो । युवाशक्तिको मूर्त चित्र उतारी उनीहरूमा अन्तर्निहित

नवनिर्माणको शक्तिको चर्चा गर्दै सम्पूर्ण युवकहरूलाई आफ्ना काँधमा युगको अभिारा ग्रहण गरी समाज,राष्ट्र र अझ विश्वकै नव निर्माणका निम्ति अघि बढ्न प्रेरित गरिएको छ । युवामा अथाह शक्ति रहने भएकाले यसको सही सदुपयोग गर्न सक्नुपर्छ भन्ने भाव कविताम व्यञ्जित भएको पाइन्छ । युवा देशको रक्षक हो ,भन्दै युवाले नै देशमा क्रान्तिको विगुल फुक्न सक्ने कुरालाई पनि कवितामा व्यक्त गरिएको छ ।

## ४.४.५. 'अन्नपूर्णा' कविताको विवेचना

'अन्नपूर्णा' कवि घिमिरेले २०११ सालमा रचना गरेको प्रकृतिप्रेमी कविता हो । अन्नपूर्ण हिमाललाई मानवीकरण गरी प्रेमिकाका रूपमा वर्णन गरिएको प्रस्तुत कवितामा हिमाली प्राकृतिक छटाको चित्रण गरिएको छ ।हिमालमुनिका भेगहरू अन्नले भरिपूर्ण धर्तीकी मालिक्नीका रूपमा अन्नपूर्ण हिमाललाई वर्णन गरिएको छ । प्राकृतिक सौन्दर्य चेतनाको अभिव्यक्ति अन्नपूर्ण कविता हो । आफूले देखेका र बाल्यकालदेखि खेलेका परिवेशको भावमय वर्णन कविले यस कवितामा व्यक्त गरेका छन् । प्रकृतिका सामीप्यमा मानव जीवनका अनन्त सुख प्राप्त हुने कुरातर्फ सङ्केत गर्दै मानव जीवनको पूर्णता र सार्थकता नै प्रकृतिमा छ भन्ने भाव प्रकट भएको प्रस्तुत कवितामा कविको प्रकृतिप्रेम,सौन्दर्य चेतना र देशभक्ति भरिभराउ भएर आएको पाउन सकिन्छ । मन्दाक्रान्ता छन्दमा वर्णानुप्रास,अन्त्यानुप्रास,समासोक्ति,स्वभावोक्ति,रूपक जस्ता अलङ्कारको प्रयोगले कविता गम्य र श्रुतिरम्य बन्न पुगेको छ ।

माधव घिमिरेका 'वैशाख', 'कालीगण्डकीख', 'दुलही हिमाल कञ्चनजङ्घा', 'नवयुवक' र 'अन्नपूर्णा' कवितामध्ये भावका दृष्टिले 'वैशाख', र 'कालीगण्डकी' उत्कृष्ट छन् । बिम्ब प्रतीक योजनामा 'कालीगण्डकी' 'वैशाख' र 'दुलही हिमाल कञ्चनजङ्घा' सबल देखिन्छन् । लय योजनाका दृष्टिमा सबै कविता समान देखिए पनि 'कालीगण्डकी' र 'वैशाख' कविता अझ सशक्त देखिन्छन् । प्रकृतिको मानवीकरण गर्न 'अन्नपूर्णा' कविवता सफल छ । भाषा सबै कवितामा कोमल र लालित्ययुक्त देखिन्छ ।

### ४.५.निष्कर्ष

उपर्युक्त चारजना कविका पाँच पाँचवटा कविताहरू समग्र विश्लेषण गर्ने हो भने लेखनाथ पौड्यालका कविता परिष्कारवादी भावधारामा बगेका छन् भने देवकोटा, श्रेष्ठ र घिमिरका कविता स्वच्छन्दतावादी प्रगतिवादी धारमा प्रवाहित भएका देखिन्छन् । बिम्ब प्रतीकका योजनाका दृष्टिले सिद्धिचरण श्रेष्ठ र लेखनाथ पौड्याल अगाडि देखिन्छन् भने लय सृजनाका दृष्टिले माधव घिमिरे अग्रस्थानमा देखिन्छन् । भावाभिव्यक्तिका हिसाबले सबै कविका कविता उत्कृष्ट छन् । भाषा प्रयोगमा जटिलता पौड्याल र देवकोटाका कवितामा विशेष पाइन्छ ।

## ५. आमा म खै के गरूँ ? कविता सङ्ग्रह बारे आत्मधारणा

जीवन र जगत्का व्यक्ति,वस्तु,घटना र भाव नै कविताका विषय हुन् । कविले आफू बाँचेको परिवेश र  विचरण गरेका मनोलोकबाट कविताका लागि आवश्यक सामग्री सञ्चय गर्दछ । प्रकृति, मानव समाज, संस्कृति, इतिहास, धर्म, दर्शन एवं ज्ञान विज्ञानका विविध क्षेत्रबाट प्राप्त अनुभव पुञ्जलाई रस, भाव, छन्द, अलङ्कार, भाषाशैली आदि उपकरणले सजाएर एउटा सिङ्गो अभिव्यक्ति तयार पार्दा कविताको जन्म हुन्छ । त्यसैले कवि विधि निर्मितिको द्रष्टा हो र काव्यनिर्मितिको स्रष्टा हो ।

कविता सृजना गर्ने मेरो सानैदेखिको इच्छा थियो । विशेष गरी रेडियोमा सुनेका कविता र गाँउघरमा वाचन गर्ने रामायणका श्लोकहरू मेरा प्रेरणाका स्रोत हुन् । गाँउले वातावरण सृजनात्मक नभए पनि प्रकृति निकै उर्वर भएकाले पहिलो सृजनाको गुरु मेरै सोलुखुम्बुको पञ्चन सेरोफेरो रह्यो । गाँउघरमा मेला पर्वका वेला गाइने गीत र सुनाइने श्लोक सवाइहरूले मेरो हृदयलाई द्रवित तुल्याए अनि कलमबाट कवितात्मक अभिव्यक्तिहरू प्रस्फुटित हुन थाले । विशेष गरी पञ्चन लोस्कुका स्वर्गीय साने वा (प्रचलित नाम)ले सुनाएका सवाइले मलाई कविताको बाटोमा हिँडाउन निकै अभिप्रेरित गरेका छन् ।

घर गाँउ छोडेर अध्ययनका क्रममा जनकपुर पुगियो । ज्ञानकूपको ज्ञान र विद्याले नै छन्दमा कलम चलाउन सिकायो । सुरुमा भाका मात्र टिपरे भए पनि कविता सृजना गर्न थालेँ । छन्दका गणअनुसार कविता कुदाउने शक्ति ममा थिएन । छात्रावासस्तरीय कविता

प्रतियोगितामा तिनै छन्दको भाकायुक्त कविताले प्रथम पुरस्कार पाएपछि कवितालेख्ने त्यसमा पनि छन्दमा वग्ने उत्प्रेरणा प्राप्त भयो । त्यसपछिको अथक मेहनत र अभ्यासको फल नै आजको यो अवस्थासम्मको आगमन हो । जनकपुरको वसाइबाट मटिहानी पढ्नकै लागि पुगियो जहाँ छन्दलाई अझ परिष्कार गर्ने मौका प्राप्त भयो । छन्दमा परिष्कार गरेर लेख्न सक्नुपर्छ भन्ने ज्ञान त्यहाँबाट प्राप्त भयो । उच्च अध्ययनलाई अघि बढाउन पुनः जनकपुरधाममा आएपछि थुप्रै कवि गोष्ठीहरू आयोजना भए  । जानकीकला परिषद्,मिथिला कला परिषद जस्ता संस्थाबाट भएका प्रतियोगितात्मक कवितामा प्रथम स्थान हासिल गरेपछि नै मेरो कविता मोहमा थप बल पुगेको हो ।

यस पछि अध्ययनका क्रममा काठमाडौँ आइपुगियो । विभिन्न साहित्यिक गोष्ठीमा कविता सुन्ने र सुनाउने अवसर पाइयो जसले कविताका बारेमा झन प्रष्ट्याउन थाल्यो । उपत्यका व्यापी एवं क्याम्पसस्तरका कविता प्रतियोगितामा भाग लिई पुरस्कार हात पार्न सफल भए पछि यस तर्फको लगावमा तीव्रता आएको हो । अध्ययनकै सिलसिलामा नेपाली केन्द्रीय विभागमा पुग्दा कविता बारे थप बुझ्ने अवसर प्रप्त भयो । कविता सम्बन्धी अवधारणाका साथै सिद्धान्तको समेत विशिष्ट ज्ञानले कवितालाई खार्न सिकायो अनि विभागमा हुने कविता प्रतिगोगितामा प्राप्त पुरस्कारले कवितालेखनतर्फ अघि बढिरहन हौसला प्रदान गरिरह्यो । यही निरन्तरताको प्रतिफलन नै मेरा सृजना हुन् र आज पनि कविता लेखनमा निरन्तर लागिरहेको छु ।

समय र समाजको प्रतिबिम्ब नै मेरा कविताका विषयवस्तु हुन् । आफूले भोगे देखे र बुझेका कुराहरू नै मेरा कविताका विषयवस्तु हुन् । आफ्ना यी रचना मार्फत् युगलाई बोल्ने यत्न गरेको छु । द्वन्द्वग्रस्त नेपाली भूमिमा हुर्के बढेकाले त्यो अशान्तिको पीडा मेरा कविताले पनि बहन गरेका छन् । देशप्रेमको भावना पनि कवितामा प्रयुक्त अर्को विषय हो । मानवीय प्रेमका आँकुरा पनि कतै टुसाएको पाउन सकिन्छ । आफ्नो भोगाइ र चेतनाले चेतेभोगेका विषय सन्दर्भ कविताका विषयवस्तु बनेर आएका छन् । युगीन चेतनाका स्वर नै मेरा कविता हुन् ।

प्रस्तुत कवितासङ्ग्रहमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, शिखरिणी, स्रग्धरा र मालिनी छन्दका एक्काइसवटा कविताहरू सङ्ग्रहित छन् । मूलतः देशप्रेमको भावना कविताले व्यक्त गर्न खोजेका छन् ‘नेपाल नेपाली’, ‘सम्झेर हे फर्क है’, ‘यो देश नेपाल होस्’, ‘बनौँ नेपाली

नै', 'जय जय नेपाल', 'देश नेपाल हाम्रो' कविता यस्तै भवभूमिमा संरचित छन् । प्रकृति प्रेम अर्को विषयवस्तु बनेर उभिएको छ'कामना', 'नव वर्ष', 'सदीक्षा' अदि कविताले यस्तै भाव वहन गरेका छन् । 'कति दिन', 'स्वप्नमा बौरिएँछु', 'छट्पटाइरहेछ' कवितामा माया प्रेमका भावना पनि छरिएका छन् । नेपाली परिवेशमा घटेका घटनालाई कविता रचनाको विषयवस्तु बनाएको छु । ग्राम्य जीवनका उकाली ओरालीलाई भावनाको भङ्गीमा प्रवाहित गराउँदा विषयवस्तुमा विविधता झल्किन पुगेको देखिन्छ । नेपाली समाजमा देखापरेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्ने यत्न कवितामार्फत भएको छ ।

शास्त्रीय छन्दमा अनुप्रासको उपयुक्त प्रयोग पनि कवितामा पाउन सकिन्छ । अन्त्यानुप्रास सबै कवितामा भेटिन्छ । यसैगरी वृत्यनुप्रासको योजनाले कविता थप लयात्मक बन्न पुगेका छन् । उपमा ('नववर्ष', 'म यात्री सहरको...' आदि कवितामा),रूपक( 'नेपाल र नेपाली','आमा','भानु !', 'कतिदिन..', 'बुद्ध मेरो हरायो','शुभकामना' आदि कवितामा), उत्प्रेक्षा ('नव वर्ष','कति दिन..','स्वप्नमा बौरिएँछु'आदि कवितामा) र स्वभावोक्ति ('आमा म खै के गरौँ ?', 'चम्किन्छ नेपाल यो','भानु !', 'कामना', 'बुद्ध मेरो हरायो' ',सदीक्षा', 'नव वर्ष'आदि कवितामा) जस्ता अलङ्कारको प्रयोगपनि कविताहरूमा भेट्न सकिन्छ ।

विशेष गरी ग्रामीण जीवन र जगत्का बिम्बलाई कवितामा उतार्ने यत्न गरेको छु । गाँउघर, मेलापत, उकाली ओरालीका साथै सहरी जीवनका सग्ला अनुभूतिलाई पनि बिम्बात्मक रूप प्रदान गर्ने प्रयास गरेको छु । अन्धकारको प्रतीकका रूपमा मझेरी,जाली प्रवृत्तिको माकुरी जाल, शान्तिका बुद्ध, देशकी गहना भृकुटी, दुःख रूपी ढाकर, जीवनको अन्धकार रूपी वादल आदि आदि थुप्रै प्रतीकहरूको प्रयोग मेरा कवितामा पाउन सकिन्छ । करुण र शान्तरसको प्रधानता मेरा कवितामा भेटिन्छ । शृङ्गार र वीर रसका पनि कविता समावेश गरेको छु ।

मेरा कवितामा सरल भाषा शैलको प्रयोग गरिएको छ । बोधगम्य नेपाली सरल भाषाका माध्यमले कविताको भाव अभिव्यक्त भएको छ । गाँउघरमा प्रयुक्त चलनचल्तीका शब्दको प्रयोग पनि मेरा कवितामा पाउन सकिन्छ ।

## १. आमा म खै के गरूँ ?

(शार्दूलविक्रीडित)

हुर्कायौ कति  काल कष्ट सहँदै सन्तान मेरो भनी
लाखौँ कष्ट सहेर सुन्दर दियौ सत् आजको जीवनी ।
सोच्ने सन्तति मौन छन् सकलमा सञ्चार मै के भरौँ
गोली बारुद नै भयङ्कर भयो आमा म खै के गरूँ ? ॥

पाखामा अनि खेतमा कुदिरह्यौ डोको र नाम्लो गरी
आफ्नै देश सजाउने हृदयमा स्वप्ना अनेकौ भरी ।
वर्षायाम न घाम भन्नु छ सदा धाएर त्यो जीवनी
हुर्कायौ कतिकाल  कष्ट सहँदै सन्तान मेरो भनी  ॥

तिम्रो प्रेम र भावना हृदयमा साँचेर राखे पनि
देख्दैनन् जति पीरको जलनले जेलेर बाँचे पनि ।
यस्तो जाल छ माकुरी मनभरी के औषधी त्यो छरौँ ?
गोली बारुद नै भयङ्कर भयो आमा म खै के गरूँ ? ॥

छाती जल्छ, पिरोल्छ आज मनमा काँडा गडी नै रहे
आँखामा जल अश्रुका भल बनी छाँगा झरी नै रहे ।
कमात्रै शक्ति र भक्तिको घर अरे डेरा कहाँ खै सरौँ
गोली बारुद नै भयङ्कर भयो आमा म खै के गरूँ ? ॥

जान्ने जात जनाउने जगतको जाँतो बनेरै रहे
सच्चाभाव विचारका जति सबै फाँको बनेरै रहे ।
रित्तो आँगनमा न बल्दछ चुलो राखेर खै के गरौँ
गोली बारुद नै भयङ्कर भयो आमा म खै के गरूँ ? ॥

कोही आज मलेशिया सहरमा, यूरोपको भीडमा
कोही छन् अति कष्टमा रुमलिदै चिन्ता चपेटा नँया ।
निद्रा छैन अझै छ चिन्तन उही कस्तो शिरानी परौँ ?
गोली बारुद नै भयङ्कर भयो आमा म खै के गरूँ ? ॥

## २.आमा

**(शार्दूलविक्रीडित)**

आमा आर्त मुहारकी मलम हौ माया बनी छाउँने
मायाका लहरा लगाइ सबमा संसार दर्शाउने
होलान् पुत्र कुपुत्रको पटलमा पाण्डित्य पल्टाउने
आमामा तर हुन्न त्यो कपटता संसार गाँउने ॥

ताते गर्न सिकाउने जगतमा बाँच्ने कला हौ तिमी
मीठो गीत सुसाउँदै सकलमा हाँस्ने कला हौ तिमी
आफ्नो भाव अभावमा पनि तिमी सद्भावना छर्दछ्यौ
मायाको ममता युगौँ युग सधैँ संसारमा भर्दछ्यौ ॥

सारा शक्ति र भक्तिका भवनमा आमा स्वयं एक हौ
हाँस्ने हाँस्न सिकाउने सकलकी सद्ज्ञान सन्देश हौ ।
आमा स्वच्छ मुहार हौ हृदयकी सङ्गीतकी साधना
तिम्रै गीत सदा सदा अमरहुन्  लाखौँ यही बन्दना ॥

आफू भोक मिटाउदै जगतमा बाँच्ने कला बाँड्दछ्यौ
सुख्खा जर्जर जीवनी किन नहोस् हाँस्ने कला साट्दछ्यौ ॥
आमा मार्ग वताउने जगतमा जित्ने कलाकी धनी
मायाजाल बनाई विश्व मनमा खिच्ने कलाकी धनी ॥

## ३.नेपाल र नेपाली

**(शिखरिणी)**

जहाँ लाली  रङ्गी किरण छ हिमाली वदनमा
उदाएका हुन्छन् दिन सगरमाथा शिखरमा
उसै मीठो भाका चिरविर चरीको सँग सँगै
रमाएका हुन्छन् रनवन सुनौला पल उतै ॥

कतै खोला नाला प्रकृति हरिया छन् वरिपरि
कतै पाखा वस्ती परिमल परेली थरि थरि
जहाँ नेपालीका विविध पनका छन् नव कथा
नयाँ आफ्नै शैली सरल जन बोली वचनका ॥

कतै डाँफे नाच्छन् रनवन सुसेलीहरू सँगै
कतै मोती हाँस्छन् झलमल हिमाली जल सँगै
नयाँ रङ्गी चङ्गी विविध वनवाटी लहरका
थुँगा लाखौँ लाखौँ थरि थरि अनेकौँ तरहका ॥

## ४.सम्झेर हे फर्क है

(शार्दूलविक्रीडित)

छाप्रा ती झुपडी र गोठ बलिया राम्रा सदा पार्नु छ
बेग्लै स्वच्छ हराभरा झिलिमिली नेपालमा भर्नु छ
आफ्नै गाँउ सदा सजाइ सबले चम्काउनै पर्छ है
नेपाली घरआँगनी अब युवा सम्झेर हे फर्क है ॥

अर्काको भरथेगले अब कहाँ बाँचिन्छ साथी यहाँ
आफ्नै पौरख पाखुरी अब नयाँ चाहिन्छ नेपालमा
त्यो दुःखी परदेशमा त  पसिना अर्पेर के हुन्छ खै
लाखौं पीर र कष्टको दलन यो सम्झेर हे फर्क है ॥

पैसाको अधिराज्य यो भुवनमा मागेर पाइन्न रे
पैसाले सब मिल्छ आज दुनियाँ आफन्त चाहिन्न रे
भेट्नेछौ कलिकालका कलह ती गोली बनी पड्क है
आमा बा घर गाँउको विरह यो सम्झेर हे फर्क है ॥

अल्छी यो मनको हटाइ अब हे बुट्टा नयाँ भर्नु छ
नेपाली घर गाँउमा अब नयाँ सौन्दर्य झन् छर्नु छ
ए साथी कति हिड्दछौ कुलतमा लागेर बिग्रिन्छ है
त्यो तिम्रो टहरो कुटो र हँसिया सम्झेर हे फर्क है ॥

खोजौं सीप र सिर्जना गरिरहौं लागौं नयाँ कार्यमा
सक्छौं पार्न हराभरा झिलिमिली नेपाल यो विश्वमा
ती पाखा पहरा बुटा र लहरा चम्काउनै पर्छ है
नेपाली पन भावना र सपना सम्झेर हे फर्क है ॥

## ५.म यात्री सहरको...

**(शिखरिणी)**

यहाँ के लेखौँ खै दिन पनि अँधेरी हुन गए
थिए लाखौँ इच्छा तर सब खरानी सरि भए
उही आगो रन्का रनक छ सदा बल्दछ यहाँ
स्वयं आशा आफैँ अति विरहले जल्दछ यहाँ ॥

सबै आफ्नै आफ्नै महल तलमा छन् शयरमा
नयाँ बोली चाली मधुर ममताको वहरमा
म बन्ने हो बेग्लै ,कठिन पहरा छन् तर यहाँ
कसोरी हो फोड्ने अनि अघि बढौ यो सडकमा ॥

जहाँ हास्थे खेल्थे चिरविर चरीको धुन थियो
रमाएरै बस्ने झलमल उजेली दिन थियो
उसै कालो मैलो गगन त अँधेरी हुन गयो
सधैँ चिन्ता मात्रै हृदय तलमा नै रहिरह्यो ॥

यसै भत्क्यो चर्क्यो अब त टहरो जर्जर भयो
फुटेको त्यो ऐना सरि मगज यो चर्चर भयो
यही पीडा बोकी सरल दिन खोज्दै सडकमा
हिँडेको हो साथी परिमल सुनौलो जगतमा ॥

सबै आफ्नै पारा कलुष मनमा छन् कति कति
बनेका छन् आफ्नै मधुर ममताका लखपति
म हेर्ने हो वस्ती विधि नियम हाँक्ने रहरको
न बाटो भो हिड्ने तर पनि म यात्री सहरको ॥

# ६.कामना

(शार्दूलविक्रीडित)

अग्ला पर्वत टाकुरी हिमचुली सौन्दर्यका साथमा
बग्छन् स्वच्छ पवित्र निर्झर नदी नेपालको काखमा
आफ्नै भाव प्रभावको छ सुरिलो संगीतको राज यो
भाषा संस्कृति सभ्यता विविधको स्वच्छन्द नेपाल यो ॥

के खोलौँ मन माधुरी पल यहाँ रित्तो मझेरी उही
बोकी ढाकर वास बस्छ बटुवा कालो अँधेरी उही
बग्छन् लाख हजार हार पसिना रित्तो भकारी उही
आँधी चल्छ वतास बल्दछ यहाँ सेतो खरानी उही ॥

एक्लो रात उजाड भो गगनमा देखिन्न खै चन्द्रमा
बोकी सुन्दर रोशनी कि त कतै  भागिन् कि यो रातमा
बोल्थे ती गुणका चरी चिरिबिरी गर्थे कुरा बेस्सरी
मात्रै शुन्य र सन्नटा छ अबता खै चाँदनी माधुरी ॥

चौतारी डिलमा अझै पनि कुनै बज्दैन रे बाँसुरी
त्यो तिम्रो घरमा बुनेर घर नै बस्छे अरे माकुरी
पखामा पनि पाइँदैन कटुवा वन्सो नयाँ घाँस भो
लेख्छौ स्वर्ग बसेर सुन्दर कथा कानून के अर्थ भो ॥

आफ्नै स्वच्छ हिमालको सिरसिरे हावा म पाऔँ सधैँ
ती पाखा घर गाँउमा अब नयाँ नेपाल छाऔँ सधैँ
वेग्लै स्वच्छ हराभरा झिलिमिली  नेपाल राख्ने भए
आऊ साथ रहौँ जुटौ अब नयाँ संसार हाँक्ने भए ॥

हिंसा होइन शान्तिको अब यहाँ संसार यो पाइयोस्
नेपाली पन झल्किने सकलमा संगीत ती गाइयोस्
उस्तै छन् घर आँगनी विरहका त्यो सन्नटा अन्त्य होस्
वेग्ले स्वच्छ हराभरा झिलिमिली नेपाल यो राज्य होस् ॥

## ७.नव वर्ष

**(शार्दूलविकीडित)**

साथी भ्रूट र जालका जलपले जेलेर संसारमा
यस्तो रात विताइयो शिशिरको सन्त्रासको साथमा
बोकी लाख हजार हिँड्छु सपना उस्तै छ के गर्नु खै
चौतारी वनमा सधैं विरहका भाका सुनिन्छन् अझै ॥

बोकी ढाकर बित्छ यो दिन यहाँ खोले र सिस्नो सँगै
छाती जल्दछ पीरले दनदनी भन्दैन कोही कठै
आफ्नै स्वार्थ सजाउने चलनले पाइन्न स्वच्छन्दता
उस्तै छन् अविराम आर्तन व्यथा उस्तै अनौठा कथा ॥

त्यो कोलाहल चाहिँदैन अब हे नेपाल फेर्ने भए
त्यो गोली बल चाहिँदैन अब हे संसार हेर्ने भए
आफ्नै आँगनमा रमाइ रसिला सङ्गीत गाऔँ सधैँ
आफ्नै शान्त स्वभावको नव कथा नेपाल पाऔँ सधैँ ॥

फुल्ने यी नव पालुवा अब बनुन् संसारका सारथी
बोकी प्रेम र शान्तिका लहरले ढाकुन् गरी उन्नति
झर्ला फूल सजाइ राख्नुछ भने आफैँ तिमी चम्क है
तिम्रो त्यो घर गाउँ फेर्नु छ भने आफैँ स्वयं लम्क है ॥

यी पाखा पहरा जहाँ छ सुनको खानी तिमी पाउँछौ
मात्रै आज लगाउ जाँगर यहाँ संसार चम्काउँछौ
ढुङ्गा हो तर बन्छ सुन्दर त्यही मोती तिमी जान है
हैनन् ती सुनका लगाउ गुनका माला तिमी छान है ॥

नेपाली घर गाँउमा अब नयाँ पाखा म पाऔ सधैँ
नेपाली पन झल्किने विविधका भाका म गाऔँ सधैँ
जे जे होस् तर होस् स्वयं मन सफा राखौँ सदा साथमा
नेपाली नव वर्ष होस् अब नयाँ लाखौँ यही कामना ॥

## ८.यो देश नेपाल होस्

### (शार्दूलविक्रीडित)

अग्ला पर्वत टाकुरी हिमचुली सौन्दर्यका साथमा
छर्दै रङ्ग उदाउछन् रवि नयाँ नेपालको काखमा
उड्छन् ती गुणका चरी चिरिविरी नौलो विहानी सँगै
चम्किन्छन् नव पालुवा प्रकृतिका नेपालको काखमै ॥

बोकी ढाकर हिँड्छु आज सपना साकारको आशमा
बित्छन् यी दिनरात जीवन उही ओडारको वासमा
यस्तै नै कतिकालसम्म म कुदौँ नाम्लो र भारी सँगै
भोका छन् बचरा जहाँ विरहमा एक्लै बसेका रुँदै ॥

ती पाखा पहरा सुरम्य वनमा उस्तै डढेलो छ रे
माटो बल्दछ पालुवा कति जले ढुङ्गो जहाँ बल्छरे
हाम्रै हो झुपडी जहाँ छ टहरो टाट्नो बनेको कठै
बोकी पीर र वेदना विरहमा आमा रुँदैछिन् अझै ॥

ती पाखा पहरा जहाँ प्रकृतिको होस्पल्लवी पावनी
वस्तीका झुपडी जहाँ जगतको खोज्दैछु सञ्जिवनी
ढुङ्गामै सुन हुन्छ आज किन हो मिल्छन् सदा पत्थर
खोज्नै पर्छ यहाँ छ सुन्दर नयाँ नेपाल हौँ तत्पर ॥

तिम्रो साथ रहोस् सदा अब नयाँ नेपाल हेर्ने भए
तिम्रै हात रहुन् तयार अब ती बुट्टादि कोर्ने भए
तिम्रो स्वच्छ उदार भाव छ भने आफैँ नयाँ पाउँछौ
पाखामै नवरङ्गको झिलिमिली संसार चम्काउँछौ ॥

बुन्दै स्वप्न मलेशिया कति कुदौँ यूके र अष्ट्रेलिया
लाखौ कष्ट सहेर बस्नुछ जहाँ छाती बनाई छिया
वस्ती भित्र अमेरिका सहर होस् जापान झैँ शान होस्
नेपाली शिर उच्च होस् अब सदा सम्मान नेपाल होस् ॥

हट्दैनन् जवसम्म यी हृदयका तेरा र मेरा कुरा
बढ्दैनन् तबसम्म स्वच्छ र नयाँ नेपालका आँकुरा
आफूमै परिपूर्ण होस् विविधता संसारमै एक होस्
भाषा संस्कृति सभ्यता सकललको यो देश नेपाल होस् ॥

यस्तो सुन्दर शान्त होस् शरदको शोभा सदा साथ होस्
माया प्रेम प्रगाढ होस् अब नयाँ सत् सेवकी हात होस्
नेपाली पनमा पवित्र मन होस् निस्वार्थको भाव होस्
भाषा संस्कृति सभ्यता सकलको यो देश नेपाल होस् ।

## ९.कति दिन.....

**(मालिनी)**

किन किन सयपत्री फुल्न सक्दैन आज
गगन तल छ पर्दा खुल्न सक्दैन आज
हर विजय गरेका जिन्दगीका दुहाई
पल पल बितिरन्छन् कष्टमा छट्पटाई ॥

सुमधुर सपनामा लाग्न थाल्यो तुवाँलो
सकल सुख मिटाई मेघना बन्छ कालो ।
कति दिन अब खेपौ हृत्तको यो डँडेलो
किन किन युग मेरो बन्छ आफै अकेलो ॥

चिरविर छ चरीकै जिन्दगीमा चलेको
अधिरथि अझ अग्नी हृत्तभित्रै बलेको
सडक सकल पीडा मात्र बुझ्ने छ साथी
कतिदिन अब बन्ने भक्तकै वेल पाती ॥

अब कति पहरा कै पालुवा यी समाऔँ
अनि उपर लहराकै लग्नमै लर्वराऔँ
अब कठिन पहरामा पावनी झुल्नु पर्छ
मधुर युग सुनौलो जिन्दगी फुल्नु पर्छ ॥

# १०.बनौँ नेपाली नै.....

**(शिखरिणी )**

कतै डाँडा काँडा समथर सुनौला प्रकृतिका
कतै भाका भङ्गी मधुपवनका सुन्दर छटा ।
जहाँ उड्छन् पन्छी चिरविर अनेकौ थरि थरि
त्यहाँ नेपाली छन् विविध वनवाटी वरिपरि ॥

कतै राई लिम्बू मगध मिथिला भाषिक ध्वनि
कतै नेपालीका सुमधुर सुसेली स्वर पनि ।
हिमाली शेर्पाली मगर सुनुवारी पनि सबै
सबै भाषा हाम्रा अभिनव नयाँ निर्मल सधैं ॥

यही चौतारीमा हरपल म पाऔँ नव कला
नयाँ रङ्गीचङ्गी विविध पनका पावन गला ।
छ चाहाना ढुङ्गा पनि अब रसाओस् जगतमा
नयाँ बान्की फेर्ने सुललित सुधा होस जगतमा ॥

कुरा मात्रै बग्छन् पछि पछि छुरा चल्दछ सदा
उही राँको रन्का दनदन यसै बल्दछ सदा
अँधेरी भो उस्तै मलिन छ मझेरी तृणकुटी
न हेर्ने छन् कोही विरह छ सदा जीवन दुःखी ॥

सयौँ भाषा भाषी विविध पनको यो वन रहोस्
गरौँ केही भन्ने सहृदय सुनौलो मन रहोस् ।
अनेकौमा एकै पन पवन वग्ने सकलको
बनौँ नेपाली नै शिर सगरमाथा शिखरको ॥

## ११. जय जय नेपाल

**(शिखरिणी )**

कतै राँको रन्का दनदन बलेको प्रलयको
कतै आँधी वेरी  अघट घटनाको लहरको  ।
बगेका छन् धारा विरह वह पोख्दै वदनमा
उही ऐया आत्था हरपल वहन्छन् पवनमा ॥

कतै डाँफे वस्ती अलिपर जुरेली वन अरे
कता बस्छन् मैना थरि थरि अनेकौँ वन चरी ?
नपालौँ यी फालौँ हृदय तलका कल्मष सवै
सँगै बाँचौ हासौँ युग युग जुनेली पल सँगै  ॥

म ढुङ्गामा माटो बनिकन रमाऔँ दिन दिनै
म दुःखीको साटो बनिकन सगाऔँ अब यहीँ ।
अनेकौँमा एकै विविध पनको पावन रहोस्
गरौँ केही भन्ने पनि अब सुनौलो मन रहोस् ॥

म पाखामा बेग्लै झलमल जुनेली पल छरौँ
कुना काप्चा खोला अटुट खहरेमा जल भरौँ ।
जहाँ जाऔँ वेग्लै रमझम म पाऔँ अब यहाँ ।
सदा नेपालीको जय जय रहोस् यो जगतमा ।

## १२. शुभकामना

(शार्दूलविक्रीडित)

अग्ला विश्व विकासका हिमचुली हाम्रै पखेरी बनुन्
साँच्चै स्वर्ग समान सुन्दरसदा नेपाललाई भनुन् ।
हाम्रो देश स्वदेश होस् सलिलहोस् संसारमा एक होस्
आफ्नै पौरख पाखुरी पन सदा नेपालको भेष होस् ॥

धब्बा वादल बद्लियोस् हृदयको मोती बनी टल्कियोस्
आफ्नै भाव विचारमा विविधको नेपाल यो झल्कियोस् ।
सङ्लो स्वच्छ सुरम्य संस्कृत सदा सौन्दर्य संसार होस्
बेग्लै विश्व विकासको सकलको गन्तव्य नेपाल होस् ॥

आँखामा यदि अश्रुका भल भए ती हर्षका हार हुन
सारा विश्व बनाउने विधि नयाँ संसारका सार हुन् ।
तिम्रै स्वच्छ विचारको विनयले संसार पल्टाउँछौ
मात्रै भाव पवित्र पावन बनोस् नेपाल चम्काउँछौ ॥

यस्तो यो ऋतुराज होस् शरदकी नाच्दै रहुन् चन्द्रमा
सच्चा भाव स्वतन्त्र प्रेम लहरी गाँस्दै रहुन् विश्वमा ।
वेग्लै शान्त पवित्र प्रेम नगरी सौन्दर्य सम्बर्धिनी
पाऔँ विश्व बजारमा झिलिमिली नेपालको पावनी ॥

काला टायरको धुवाँ नभरियोस् यो स्वच्छ आकाशमा
पाऔँ देख्न नयाँ नयाँ तरहका बत्ती बलेका जहाँ ।
पाखामा पनि गम्किउन् मखमली सौन्दर्य वर्षाउने
नेपाली नव वर्ष होस् अब नयाँ संसारले गाउँने ॥

## १३.लक्ष्मीप्रसाद !

(मन्दाक्रान्ता)

बोकी नौलो युग र कविता काव्यका भावधारा
नेपालीका घरघर पुग्यौ कष्टका हौ सहारा
लक्ष्मी तिम्रो अतुल प्रतिभा कुञ्जिनी भित्र पाएँ
लाखौँ भाका हृदयतलका पल्लवी पत्र पाएँ ॥

नेपालीका मदन र मुना आज उस्तै अँधेरी
खेपी बस्छन् भरदिन उही खेतबारी पँधेरी
ती डाँडामा अझ पनि कुनै बत्ती बल्दैन हेर
उड्छन् सारा सलिल सपना मात्र पीडा बनेर ॥

ती पाखामा अझ पनि उनै माकुरी जाल बुन्छन्
फुल्छन् वेली थरि थरि नयाँ जालले नै पुरिन्छन्
सङ्लो पानी पनि अब यहाँ किन्न पाइन्न हेर
तिम्रा भाका सुललित सुधा सुन्न पाइन्न हेर ॥

उस्तै पीडा घर घर उही भोटकै धावनीमा
नेपाली छन् अझ पनि उही गोठकै आँगनीमा
आफ्नै भाका पलपल सदा आज आइरहन्छन्
चौतारीमा मदन र मुना गीत गाइरहन्छन् ॥

## १४. बुद्ध मेरो हरायो

(मन्दाक्रान्ता)

यी पाखामा कति कति थुँगा फूल हाँसिरहन्थे
आफ्नै भाका रनवन चरी प्रीत गाँसिरहन्थे
त्यो डाँडामा विरहवहको काग एक्लै करायो
यो वस्तीको सहृदय सखा बुद्ध मेरो हरायो ॥

आशा मेरा कति कति थिए देशको भेष फेर्ने
यी आमामा सुललित सुधा स्वच्छ मुस्कान हेर्ने
हेर्दा हेर्दै नयन पथमा अश्रुको भेल छायो
प्यारो प्यारो सहृदय सखा बुद्ध मेरो हरायो ॥

आफ्नै प्यारो श्रम र पसिना पाखुरीले रचेको
डोको नाम्लो घरवन गरी जीवनीमा बँचेको
चोखो माया मधुर ममता मन्द बन्दै बिलायो
मोती माला सहृदय सखा बुद्ध मेरा हरायो ॥

लट्ठी मेरो लरखर भयो लौन कोही समाओ
खोला खोल्सा वगर वनमा खोज चाँडै र ल्याओ
भेट्ने कोही जन यदि भए सूचना सूचना यो
बोली मीठो सरल प्रकृति बुद्ध मेरो हरायो ॥

हेर्ने आँखा तिरमिर भए कानले सुन्न छाडे
शील्पी मेरा कर पयर झन् आर्त भै काँप्न थाले
गोली गट्ठा गटटट गरी आज कस्ले चलायो
आत्मा साक्षी सहृदय सखा बुद्धमेरो हरायो ॥

पाऔँ आफ्नै प्रकृति पनका पालुवामा रमाऔँ
यो वस्तीमा युग युग सधैँ बुद्ध नै हेर्न पाऔँ
आस्था लाखौँ हलचल भए दीप कस्ले निभायो
बाँच्ने आशा सहृदय सखा बुद्ध मेरो हरायो ॥

## १५.भानु !

(मन्दाक्रान्ता)

नेपालीका युग पुरुष हे काव्यका कुञ्ज माली
अर्प्यौ मीठा सरल रचना भावको दीप वाली
यो वस्तीमा अमर कविको मूल्य बुझ्दैन मान्छे
ढुङ्गो पुज्ला र पनि कविता काव्य पुज्दैन मान्छे ॥

यो वस्तीमा समर छ सदा स्वार्थको मत्र भानु
लेदो बाढी विरह वह पो बग्छ बन्दै विरोनो
कोही मान्छे हिटलर बनी युद्ध खोजिरहेछ
कोही मान्छे अथक श्रमले बुद्ध खोजिरहेछ ॥

आशा लाखौँ तर पनि उही अश्रुको आँगनी छ
वर्षा बाढी प्रलय पहिरो त्रासको जीवनी छ
तिम्रो वस्ती घर नगरमा माकुरी जाल बुन्छन्
लुट्ने भुट्ने कि त भयकरी बारुदी नाल हुन्छन् ॥

पानीका ती कति कति कुवा वालुवामै विलाए
घाँसी जस्ता सकल प्रतिभा पालुवा मै हराए
रम्घा तिम्रो रमण रसिलो काव्यको राजधानी
भन्ने गर्थे सुविमल कथा–कार नै पो हराए ॥

## १६. छट्पटाइहेछ......

(मन्दाक्रान्ता )

मेची काली हिमशिखरको दिव्य देदिव्य भित्र
बग्थ्यो आफ्नै पवन वनको स्वच्छ संलो पवित्र
वेग्लै पीडा अतिशय बनी आज छाइरहेछ
पन्छी एक्लै विरह वहमा छट्पटा इरहेछ ॥

पुग्ने आशा शिखरपुरमा शान्तिको श्वास फेर्दै
हाँस्ने खेल्ने गगन तलमा कल्पना लाख गर्दै
उड्ने चेष्टा घरि घरि गरी फट्फटाइरहेछ
पन्छी एक्लै विरहवहमा छट्पटाइ रहेछ ॥

टेक्ने हाँगा विचलित भए तर्छ आँखा शिकारी
रोक्ने थाम्ने जगत भरमा छैन कोही विचारी ।
पीडा लाखौ अविरल कथा वर्वराइ रहेछ
पन्छी एक्लै विरह वहमा छट्पटाइ रहेछ ॥

मान्छे आए कति कति गए मर्म बुझ्दैन कोही
आलो पीडा न त मलम भो धर्म बुझ्दैन कोही
उस्तै आँधी अविरल बनी आज छाइरहेछ
पन्छी एक्लै विरह वहमा छट्पटाइ रहेछ ॥

## १७.युवा आकाङ्क्षा

(मन्दाक्रान्ता )

यो धर्तीमा अलिकति कतै लम्किने मार्ग देऊ
मोती जस्तै जगत भरमा चम्किने मार्ग देऊ
वस्ती वस्ती घर नगरमा हुन्छ नौलो विहानी
हुन्छिन् आमा अनि जगतकी विश्वकी पूज्य रानी ॥

छाप्रा छाना घर र टहरा फेर्न चाहान्छ आज
वस्ती आफ्नै पन प्रकृतिको हेर्न चाहान्छ आज
संलो आस्था अमर युगको मूल खोजि रहेछ
रङ्गीचङ्गी थरि थरि युवा फूल खोजिरहेछ ॥

मेची काली अविरल वगुन् स्वच्छ संला पवित्र
त्यस्तै पाऔँ सकल जनमा चित्तको आत्मवृत्त
हेरी हाम्रो प्रगति पथको विश्वले गीत गाओस्
नेपालीले जगत भरमा पाठ वेग्ले सिकाओस् ॥

शील्पी हाम्रा श्रम र पसिना देशमै सिञ्चिएर
बाँचौ हासौ युग युग यही आँगनीमा रमेर
वस्ती वस्ती घरघर नयाँ प्रीतको गीत गाऔँ
प्यारो प्यारो सुविमल सुधा देश नेपाल पाऔँ ॥

## १८.देश नेपाल हाम्रो

(मन्दाक्रान्ता)

अग्ला अग्ला हिम शिखरमा सिन्दुरे रङ्ग भर्दै
हाँस्छन् खेल्छन् रवि किरण ती कन्दरामा चहार्दै
उड्छन् पन्छी गगन तलमा स्वच्छ स्वच्छन्दतामा
माया बोकी सकल युगको जीवनीको कथामा ॥

मेची काली कलकल जहाँ काव्य बग्छन् अनेकौं
कर्णालीका कर कमलमा कोपिला फूल लाखौं
रारा हेर्ने रहर छ भने अप्सरा तुल्य रानी
यो वस्ती हो अनि सकलको बुद्धको राजधानी ॥

सारङ्गीका सुमधुर कथा, बाँसको बाँसुरीका
उस्तै राम्रा रनवन नयाँ रङ्ग छन् गोधुलीका
गोर्खालीको अटल प्रतिभा वीरताको चिनारी
यो वस्ती हो, विविध पनको सभ्यताको छहारी ॥

चौतारीको सिर सिर मिठो पावनीमा रमाई
हाँस्छन् खेल्छन् थरि थरि थुँगा फूलका हर्हराई
ढुङ्गा खोपी सकुशल कला–कारले रच्न सक्छ
ढुङ्गा भित्रै सकल जनको देवता अट्न सक्छ ॥

डाँडा पाखा पवन वनको पावनी पुण्य क्षेत्र
गङ्गा बग्छिन् अविरल जहाँ चित्तको हृत्त भित्र
वस्ती वस्ती नवयुग नयाँ भेष नेपाल हाम्रो
आफू भित्रै कवि र कविता देश नेपाल हाम्रो ॥

## १९.चाहना

(शिखरिणी)

अँधेरीमा आँधी अविरल अनौठो चलिरह्यो
विपत्तीको बत्ती धिप धिप अझै झन् जलिरह्यो
म आशाको डोरी कतिदिन बटारौँ बल गरी
निराशाको झोली अब कति म बाँडौँ घरि घरि ॥

न छाहारी छानो न त अब कुनै शीतल रह्यो
स्वयं चौतारी नै विरह वहको वैभव भयो
कथा खाडीका ती , कतिदिन सुनाऔँ अरबका
अकेलोमा छेलो छल कपटका कुण्ठित व्यथा ॥

बसे गङ्गा गौरी सकल मनमा ती सरस्वती
म हीराका हारी हरबखत भेट्थेँ कति कति
खडेरीको खेती दिन दिन छ बेठी तिरिदिने
कहाँ फुल्छन् मेरा सकल सपना सुन्दर हुने ॥

म आफूमै बाँचौ सकल बलशाली युग बनी
म आफूमै हाँसौ विजय जयका जीवन बनी
रहोस् संलो आस्था सकल युग हाँक्ने अब यहाँ
म बाँचेको धर्ती सुबिमल बनोस् सुन्दर नयाँ ॥

## २०.स्वप्नमा बौरिएँछु.....

(स्रग्धरा)

आँखामा छन् अनेकौं अगणित सपना स्वच्छ संसार हेर्ने
वस्ती वेग्लै बनेको विविध विधि नयाँ वेहुली रूप हेर्ने
बान्की छाओस् सजाओस् थरि थरि गहना गम्य भित्रै भुलेँछु
प्यारी प्यारी म भन्दै अति छटपट भो स्वप्नमा बौरिएँछु ॥

बत्ती बल्छन् सुनौला चमचम बिजुली चम्चमाइ रहेको
मान्छे मान्छे म मान्छे अति रटन सदा मन्त्र गाइरहेको
माछो माछो छ माछो परिणति पछिको भ्यागुतो पो लिएँछु
घट्टा जस्तै घुमेको अघट घटना स्वप्नमा बौरिएँछु ॥

राँका बल्छन् अनौठा क्षणभर भरमै रापले पोल्न थाल्छ
मान्छे जस्तै छ कोही कवि हृदय कतै श्वासले बोल्न थाल्छ
वस्ती मेरो जलायो जलन अतिभयो जालमा जेलिएँछु
आओ आओ बँचाओ अब त अति भो स्वप्नमा बौरिएँछु ॥

भाका भङ्गी विहङ्गी झलमल विजुली झल्मलाइ रहेछ
यस्तो वस्ती छ मस्ती मधुरस मधुरी मग्मगाइरहेछ
नाच्ने छन् अप्सरा ती रसमय वयका रास लीला गएँछु
आफैँ नाच्दै र हाँस्दै रसमय रसिलो स्वप्नमा बौरिएँछु ॥

## २१.सदीक्षा

(शार्दूलविक्रीडित)

झुल्के घाम प्रभातको किरणमा सौन्दर्य सम्बर्धिनी
पऔँ शान्ति र कान्तिका युग नयाँ उल्लासको पावनी
पाई जीवन रम्य ती हिमचुली मुस्कान मीठो छरुन्
पन्छी प्रीत सुनाउदै उडिरहुन् नेपाल हाम्रो भनुन् ॥

आत्मा शुद्ध पवित्र होस् पन नयाँ बुद्धत्वको राज्य होस्
गेटे होमर व्यास हुन् घरघरै योराज्य नै काव्य होस्
भाका लाख हजार हुन् विविधमा झन् एकता गाउने
पाखामा पनि पालुवा नव बनुन् सन्मार्गदर्शाउने ॥

नेपाली घरगाँउ नै अब बनुन् स्वर्गादिले लङ्कृत
भाषा संस्कृति सभ्यता विविधता भित्रै रहोस् एकता
वाणी कोकिलमा रहुन् सरस्वती गङ्गा वगुन् हृत्तमा
बाँच्ने आश सधैं सधैं अमर होस् नेपालकै वृत्तमा ॥

आफ्ना भाव विसाउने सकलको भञ्ज्याङ नेपाल होस्
आफैं भित्र अटाउने परिधि होस् सानन्द नेपाल होस्
सारा अन्ध विकारमा अब नयाँ संसार पाऔँ यहाँ
बेग्लै विश्व विकासका नव कला संगीत गाऔँ यहाँ ॥

# सन्दर्भ सामग्री


अमरसिंह, **अमरकोश**, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, सन् २००८ ।

आनन्दवर्द्धन, **ध्वन्यालोक**, वाराणसी : चौखम्बा संस्कृत सीरिज अफिस,सन् १९९३ ।

**इशावाश्योपनिषद्** ,गोरखपुर : गीताप्रेस , सन् २०५१ ।

उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त**, काठमाडौँ : साझा प्रकाशन, २०६० ।

जगन्नाथ, **रसगङ्गाधर,** वाराणसी : काशी हिन्दू विश्वविद्यालय संस्कृत साहित्यानुसन्धान समिति, सन् २०२० ।

जोशी, कुमारबहादुर, **देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना** ,काठमाडौँ : सिद्धार्थवनस्थली प्राज्ञिक परिषद्, २०४८ ।

................**पाश्चात्य साहित्यका प्रमुख वाद**, तेस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५४ ।

त्रिपाठी, वासुदेव र अरू (सम्पा.),**नेपाली कविता (भाग ४),** दोस्रो संस्करण, पुल्चोक : साझा प्रकाशन, २०५३ ।

देवकोटा, लक्ष्मीप्रसाद, **भिखारी**, अठारौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०६० ।

पन्त, भरतराज, **नमस्कार,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४६ ।

पोखरेल, बालकृष्ण (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, पाँचौँ संस्करण, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८ ।

पौड्याल, लेखनाथ, **लालित्य (भाग २),** छैटौँ संस्करण, ललितपुर : साझा प्रकाशन , २०६० ।

बन्धु, चूडामणि**, साझा कविता**, सातौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

बराल, ईश्वर, र अरू (सम्पा.), **नेपाली साहित्यकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

भरत, **नाट्यशास्त्रम्,** बरोदा : ओरियन्टल इन्स्टिच्युट,सन् १९३४ ।

भामह, **काव्यालङ्कार**, वाराणसी : चौखम्बा संस्कृत संस्थान,सन् १९३४ ।

मम्मट, **काव्यप्रकाश**, पुणे : भाण्डाकर प्राच्यविद्या संशोधन मन्दिरम् ,सन् १९८३ ।

मेदिनिकार, **मेदिनीकोश**, वाराणसी : चौखम्बा संस्कृत सीरिज अफिस,सन् २०२४ ।

लुइँटेल, खगेन्द्र र अरू, **नेपाली कवि र कविता**, काठमाडौँ : विभु ऋभु प्रकाशन,२०५८ ।

वामन, **काव्यालङ्कारसूत्र**, पुना : ओरियन्टल बुक एजेन्सी, सन् १९२७ ।

विश्वनाथ, **साहित्यदर्पण**, वाराणसी : कृष्णदास अकादमी, सन् २०५६ ।

व्यास, **श्रीमद्भागवतमहापुराणम्,** सातौँ संस्करण, गोरखपुर : गीताप्रेस, सन् २०४५ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना  सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४५ ।

सम, बालकृष्ण, **आगो र पानी**, बाह्रौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन, ,२०६१ ।

Coleridge, **Biographia Litrereria**, Chapter 14, New York : Oxford Universitypress ,1825.

Mathew Arnold, **The story of poetry**, New York : Oxford Universitypress ,1882 .

W. Wordsworth, **Preface to Lyrical Balled** , 2nd edition, New York : Oxford Universitypress ,1882.